# बार्षिक नगर विकास योजना

***(Annual Municipal Development Plan)***

**बार्षिक नगर विकास योजना**

**आर्थिक बर्ष २०७४/०७५**

**(मिति २०७४ श्रावण ३१ र ३२ गते बसेको तिलोत्तमा नगरपालिकाको प्रथम नगरसभाबाट पारित)**

# बार्षिक नगर विकास योजना
## आर्थिक बर्ष २०७४/०७५
(मिति २०७४ श्रावण ३१ र ३२ गते बसेको तिलोत्तमा नगरपालिकाको प्रथम नगरसभाबाट पारित)


**सम्पर्क ठेगाना**

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल
टेलिफोन नं.: ०७१-५६०२३०, ५६२६५२, ५६१२३० र ५६२९७९
फ्याक्स नं.: ०७१- ५६२६५२
ईमेल ठेगाना: **municipalitytilottama@gmail.com**

वेभसाइट : **www.tilottamamun.gov.np**

## विषय सूची

**खण्ड १**


**१- बार्षिक नगर विकास योजनाको परिचय**

**१.१ नगर परिचय**

**१.२ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य**

**१.३ प्रमुख कार्यहरु**

**१.४ केही महत्वपूर्ण परिसूचकहरु**

नगरपालिकाको वडा छुट्टिने गरि तयार पारिएको नक्शा

# खण्ड -१
## बार्षिक नगर विकास योजनाको परिचय

# १. बार्षिक नगर विकास योजनाको परिचय
## १.१ नगर परिचय
स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ८० मा भएको व्यवस्था बमोजिम यस नगरपालिकाको गठन भएको छ । त्यस्तै सोही ऐनमा भएको व्यवस्था बमोजिम प्रत्येक नगरपालिका एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठन संस्था हुनेछ । नगरपालिकाको आफ्नो एउटा छुट्टै छाप हुनेछ । नगरपालिकाले व्यक्तिसरह चल-अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र वेचविखन गर्न सक्नेछ । नगरपालिकाले व्यक्तिसरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ भन्ने उल्लेख गरे अनुसार नै यस नगरपालिका पनि संचालन र व्यवस्थित गरिएको छ । यस नगरपालिकाको भौगोलिक अवस्थित, नामाकरण लगायत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य एवंम कार्यहरु तल उल्लेख गरिएको छ ।

### <u>१.१.१ भौगोलिक अवस्थिती :</u>
अवस्थिती :

अक्षांशः २७ डिग्री ३३ मिनेट - २७ डिग्री ३९ मिनेट उत्तरी अक्षांश

देशान्तरः ८३ डिग्री २५ मिनेट - ८३ डिग्री ३३ मिनेट पूर्वी देशान्तर

सिमाना :

पूर्व : देवदह नगरपालिका

पश्चिम : सियारी गाउपालिका र सुद्धोधन गाउपालिका

उत्तर : बुटवल र देबदह न.पा.

दक्षिण : ओमसतिया र सियारी गाउपालिका

<u>उचाईः</u>

समुन्द्री सतह देखि १६० मिटर देखि १७५ मिटर

क्षेत्रफल : १२६.२ वर्ग कि.मी.

लम्बाई : सरदर १२.५ कि.मी.

चौडाई : सरदर १०.१ कि.मी.

<u>जलवायू :</u>

हावापानी : उष्ण प्रदेशिय

तापक्रम : औषत २८ डिग्री सेल्सियस

वर्षा : औषत ३६९३ मि. मि. वार्षिक

| | |
|---|---|
| प्रदेश : | ५ नं. प्रदेश |
| अञ्चल : | लुम्बिनी |
| रुपन्देही : | रुपन्देही |
| निर्वाचन क्षेत्र नं. : | १, २, ३ मा पर्ने |
| वडा संख्या : | १७ |

### १.१.२ नगरको नामाकरण :

यस नगरपालिकाको पश्चिम तर्फ बग्ने तिनाउ (तिलोत्तमा) नदीको नामबाट यस नगरपालिकाको नाम तिलोत्तमा राखिएको हो ।

### १.१.३ नगरको प्रशासनिक विभाजन :

यस तिलोत्तमा नगरपालिकाको प्रशासनिक विभाजन निम्न बमोजिम गरी कार्यालय संचालनमा छ ।
वडा नं. १-४ सम्मको सम्युक्त वडा कार्यालय साविक शंकरनगर गाविसको कार्यालय भवनमा
वडा नं. ५-६ सम्मको सम्युक्त वडा कार्यालय साविक आनन्दवन गाविसको कार्यालय भवनमा
वडा नं. ७-९ सम्मको सम्युक्त वडा कार्यालय साविक करहिया गाविसको कार्यालय भवनमा
वडा नं. १०-१२ सम्मको सम्युक्त वडा कार्यालय साविक मक्रहर गाविसको कार्यालय भवनमा
वडा नं. १३-१४ सम्मको सम्युक्त वडा कार्यालय साविक टिकुलीगढा गाविसको कार्यालय भवनमा
वडा नं. १५-१६ सम्मको सम्युक्त वडा कार्यालय साविक मधवलिया गाविसको कार्यालय भवनमा
वडा नं. १७ को वडा कार्यालय साविक गंगोलिया गाविसको कार्यालय भवनमा

### १.१.४ नगरका मुख्य नदी, खोला तथा तालतलैया सिमानाका गाविसहरु :

मुख्य नदीहरु : तिनाउ र रोहिणी
खोलाहरु: सुखौरा खोला
कुवा: डिङ्गरकुवा
ऐतिहासिक कुवा (शंकरनगर सामुदायिक वन क्षेत्रभित्र भगवान बुद्धले मामाघर जाने क्रममा पानी पिउने गरेको कुवा)

### १.१.५ धार्मिक पर्यटकीय स्थलहरु :

| क्र.स. | धार्मिक स्थलको नाम | मेला लाग्ने दिन | प्रसिद्धीको कारण |
|---|---|---|---|
| १ | बुद्ध परियति उदय विहार | बुद्ध जयन्तीको दिन | बुद्ध विहार |
| २ | मोक्षधाम मन्दिर | हरेक दिन | ४ धाम भएकोले |
| ३ | शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्र | हरेक दिन | पार्क,चिडियाखाना, वनभोज स्थल भएकोले |
| ४ | करौजिया गुम्बा | हरेक दिन | बुद्धको मन्दिर भएकोले |

## १.१.६ नपाका साविक गाउँपालिका, नगरपालिका र हालको नगरपालिको वडाहरुको क्षेत्रफल र जनसंख्या (२०६८ को जनगणना अनुसार)

| क्र.सं. | साविक गाविस र वडा नं. | साविकको नगरपालिकाको वडा नं. | हाल कायम भएको न.पा. को वडा नं. | क्षेत्रफल बर्ग कि.मी. | राष्ट्रिय जनगणना २०६८ अनुसार | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | घरपरिवार संख्या | जम्मा | पुरुष | महिला |
| १ | शंकरनगर १, ४, ५ | १ र ५ | १ | ५.४१ | १४५३ | ६२५३ | २९०४ | ३३४९ |
| २ | शंकरनगर २, ३ | २ | २ | ५.९४ | १३४१ | ५३९० | २५१९ | २८७१ |
| ३ | शंकरनगर ८, ९ | ३ | ३ | २.११ | १४७० | ६०७८ | २९२५ | ३१५३ |
| ४ | शंकरनगर ६, ७ | ४ | ४ | २.६४ | १०९१ | ४७०८ | २२९१ | २४१७ |
| ५ | आनन्दवन ३, ४, ५ | ६ | ५ | २.९८ | १२७१ | ५१०० | २४६९ | २६३१ |
| ६ | अनन्दवन १,२,६,७,८,९ | ७ र ८ | ६ | ११.७३ | १५४३ | ७३०६ | ३४१८ | ३८८८ |
| ७ | करहिया ३,४,५,६,७ | ९ र १० | ७ | ७.४६ | १९२० | ८२०६ | ३८१२ | ४३९४ |
| ८ | करहिया ८ | ११ | ८ | ७.९७ | ११५८ | ५१६६ | २३७८ | २७८८ |
| ९ | करहिया १, २, ९ | १२ | ९ | ४.४२ | ११८९ | ४९०२ | २३४३ | २५५९ |
| १० | मक्रहर १, २, ३ | १३ | १० | ७.९५ | ८४६ | ४१५० | १९२४ | २२२६ |
| ११ | मक्रहर ४,६,७,८ | १४ र १६ | ११ | १४.२२ | १८८२ | ८५७० | ३८९३ | ४६७७ |
| १२ | मक्रहर ५, ९ | १५ | १२ | ६.११ | ७५१ | ३७९४ | १८१७ | १९७७ |
| १३ | टिकुलीगढ २,५,६,९ | १७ | १३ | ७.७८ | ९५४ | ४७१० | २१८३ | २५२७ |
| १४ | टिकुलीगढ १,३,४,७,८ | १८ र १९ | १४ | १३.५१ | १६३८ | ८५१६ | ३९९६ | ४५२० |
| १५ | मधवलिया १,२,३,४,६ | २० | १५ | ४.९२ | १२९६ | ५७७६ | २७४५ | ३०३१ |
| १६ | म्धवलिया ५,७,८,९ | २१ | १६ | ७.२४ | ९८२ | ४५५८ | २१३८ | २४२० |
| १७ | गंगोलिया १ देखि ९ | २२,२३ र २४ | १७ | १३.८ | ११७२ | ६९६६ | ३४२३ | ३५४३ |
| | | | | | २१९५७ | १००१४९ | ४७१७८ | ५२९७१ |

## १.२ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य

### १.२.१ दीर्घकालीन सोच (Vision)

जल, जंगल, कृषि, खानी, पर्यटन र शिक्षा !
उच्च जीवनस्तर सहितको समृद्ध नगर निर्माण गर्न यसको दीर्घकालिन सोच हुनेछ ।

### १.२.२ दीर्घकालीन लक्ष्य (Mision)

नगरपालिकाले प्रजातान्त्रिक प्रकृयाको विकास गर्दै पारदर्शी व्यवहार, जनउत्तरदायित्वबोध र जनताको सहभागितामा आधारित उच्च, गुणस्तरीय र समुन्नत नागरिक समाजको स्थापना गर्ने यस नगरको दीर्घकालीन लक्ष्य रहेको छ ।

### १.२.३ उद्देश्यहरु (Goals)

स्थानीय स्वायत्त ऐन बमोजिम नगरपालिकाका उद्देश्यहरु देहाय अनुसार रहेका छन्:

- बिकेन्द्रिकरणको माध्यमद्वारा सार्वभौमसत्ता सम्पन्न जनतालाई शासन प्रक्रियामा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाइ प्रजातन्त्रका लाभहरुको उपभोग गर्न सक्ने व्यवस्था गर्ने,
- आफ्नो क्षेत्रको विकासको लागि साधनको परिचालन विनियोजन र विकासको प्रतिफलको सन्तुलित तथा समान वितरणमा सामाजिक समानता ल्याउने कार्यमा जनजाति, आदिवासी, दलित र सामाजिक तथा आर्थिक दृष्टिकोणले पिछडिएका वर्ग समेतका समग्र जनताको सहभागितामा अभिबृद्धि गर्दै विकास प्रक्रियालाई संस्थागत गर्ने,
- योजनाहरुको तर्जुमा र संचालन गर्न आवश्यक जिम्मेवारी र अधिकार स्थानीय तहमा नै प्रदान गरि जवाफदेहि वहन गर्न सक्ने स्थानीय निकायहरुको संस्थागत विकास गर्ने,
- स्थानीय नेतृत्वको विकास गरि जनताको दैनिक आवश्यकता तथा जन जीवनलाई असर पार्ने बिषयहरुमा निर्णय गर्न सक्ने गरि स्थानीय स्वायत्त शासन पद्धतिको विकास गर्ने ।

### १.३ प्रमुख कार्यहरु

(१) नगर सभाको निर्णय र निर्देशनहरु कार्यान्वयन गर्नु, गराउनुको अतिरिक्त नगरपालिकाले नगरपालिका क्षेत्रमा अनिवार्य रुपमा गर्नुपर्ने काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

**(क) अर्थ सम्बन्धी**

(१) नगरपालिकाको बार्षिक बजेट, योजना र कार्यक्रमहरु तयार गरि नगर सभामा पेश गर्ने ।

(२) आय र व्ययको लेखा र तत्सम्बन्धी अन्य कागजातहरु अद्यावधिक रुपमा राख्ने ।

(३) स्वीकृत बजेटको परिधिभित्र रही नगर कार्यपालिकाको निर्णय कार्यान्वयन गर्न रकम खर्च गर्ने ।

(४) नगर सभाले स्वीकृत गरेको कर, दस्तुर, शुल्क आदि उठाउने ।

**(ख) भौतिक विकाससम्बन्धी**

(१) नगरपालिका क्षेत्रको भु-उपयोग नक्शा बनाइ औधोगिक, आवासीय, कृषि, मनोरञ्जन स्थल आदि क्षेत्र तोक्ने र कार्यान्वयन गर्ने गराउने ।

(२) नगरपालिका क्षेत्रमा आवास योजना बनाइ कार्यान्वयन गर्ने, गराउने ।

(३) नगरपालिका क्षेत्रमा खानेपानी र ढल निकास सम्बन्धी योजना कार्यान्वयन गर्ने तथा त्यसको संचालन र मर्मत संभार गर्ने, गराउने ।

(४) नगरपालिका क्षेत्र भित्रका विभिन्न ठाउँहरुमा हरियो क्षेत्र, उद्यान र मनोरञ्जन स्थलहरुको विकास गर्ने, गराउने ।

(५) नगरपालिका क्षेत्रका विभिन्न ठाउँहरुमा सार्वजनिक शौचालयको व्यवस्था गर्ने, गराउने ।

(६) नगरपालिका क्षेत्रमा निर्माण गरिने घर, भवन आदिको नक्शा पास गर्ने, गराउने ।

(७) सामुदायिक भवन तथा विश्राम गृह बनाउने ।

**(ग) जलश्रोत, वातावरण र सरसफाइ सम्बन्धी**

(१) नगरपालिका क्षेत्रमा रहेका खोलानाला, कुवा, इनार, पोखरी, तलाउ आदिको संरक्षण गरि सदुपयोग गर्ने, गराउने ।

(२) नगरपालिका क्षेत्रमा सिंचाइ योजना लागु गर्नुपर्ने भएमा त्यसको योजना बनाइ कार्यान्वयन गर्ने, गराउने ।

(३) नगरपालिका क्षेत्रमा संभावित नदी कटान, बाढी तथा भूक्षय आदिको नियन्त्रण र रोकथाम गर्ने, गराउने

(४) नगरपालिका क्षेत्रमा हुने जल, वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गरि वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने, गराउने ।

(५) नगरपालिका क्षेत्रभित्रका वन, वनस्पति तथा अन्य प्राकृतिक सम्पदाको संरक्षण गर्ने, गराउने ।

(६) नगरपालिका क्षेत्रमा सरसफाइको कार्यक्रम संचालन गर्ने, गराउने ।

(७) फोहोरमैला संकलन, ढुवानी तथा तह लगाउने सम्बन्धी कामको संचालन र व्यवस्थापन गर्ने, गराउने ।

(८) नगरपालिका क्षेत्रमा बिद्युत उत्पादन तथा वितरण गर्ने, गराउने ।

**(घ) शिक्षा तथा खेलकुद विकास सम्बन्धी**

(१) नगरपालिका क्षेत्रमा माध्यमिक तह सम्मको विद्यालयहरु स्थापना, संचालन र व्यवस्थापन गर्ने तथा स्थापना गर्न अनुमति दिने ।

(२) नगरपालिका क्षेत्रभित्र संचालन भएका विद्यालयहरको संचालन र व्यवस्थापनमा सहयोग पुऱ्याउने र त्यस्ता विद्यालयहरुको स्थापना र खारेजीको सिफारिस गर्ने ।

(३) नगरपालिका क्षेत्रभित्र मातृभाषामा प्राथमिक तहको शिक्षा उपलब्ध गराउन सहयोग गर्ने ।

(४) आर्थिक दृष्टिले अत्यन्त पिछडिएका उत्पिडीत जनजातिहरुका छात्रछात्राहरुलाई छात्रबृत्ति दिने व्यवस्था मिलाउने ।

(५) नगरपालिका स्तरीय प्रौढ शिक्षा तथा अनौपचारिक शिक्षा सम्बन्धी कार्यक्रम तयार गरि कार्यान्वयन गर्ने, गराउने ।

(६) नगरपालिका क्षेत्रमा पुस्तकालय तथा वाचनालयको स्थापना, संचालन तथा व्यवस्थापन गर्ने, गराउने ।

(७) खेलकुद विकास कार्यक्रमहरु बनाइ कार्यान्वयन गर्ने, गराउने ।

(८) नगरपालिका स्तरीय खेलकुद विकास समिति गठन गरि खेलकुदको विकास गर्ने, गराउने ।

**(ङ) संस्कृति सम्बन्धी**

(१) नगरपालिका क्षेत्रभित्रका संस्कृति तथा धार्मिक महत्वका स्थानहरुको लगत तयार गरि तिनीहरुको मर्मत संभार गरि संरक्षण र संबर्द्धन गर्ने, गराउने ।

(२) नगरपालिका क्षेत्रभित्रका पुरातात्विक बस्तु, भाषा, धर्म, कला र संस्कृतिको संरक्षण, सबर्द्धन एवं प्रयोग गर्ने, गराउने ।

**(च) निर्माण तथा यातायात सम्बन्धी**

(१) नगरपालिका क्षेत्रभित्र रहेको आवश्यक पर्ने कच्ची, पक्की सडक, पुल, कल्भर्टहरुको योजना बनाइ निर्माण तथा मर्मत संभार गर्ने, गराउने ।

(२) नगरपालिका क्षेत्रभित्र बसपार्क, रिक्शा, टाँगा र ट्रक आदिको पार्किङ्ग व्यवस्था गर्ने, गराउने ।

(३) नगरपालिकाको यातायात आवश्यकतालाई बिचार गरि ठेला, रिक्शा, टाँगा आदिको अधिकतम हद तोक्ने र तिनीहरुलाई दर्ता गरि नम्बर दिने ।

**(छ) स्वास्थ्य सेवा सम्बन्धी**

(१) नगरस्तरीय अस्पताल, आयुर्वेदिक औषधालय र स्वास्थ्य केन्द्रहरुको संचालन र व्यवस्थापन गर्ने, गराउने

(२) नगरपालिका क्षेत्रभित्र स्वास्थ्य चौकी तथा उप-स्वास्थ्य चौकीहरु खोल्ने, संचालन र व्यवस्थापन गर्ने, गराउने ।

(३) परिवार नियोजन, मातृशिशु कल्याण, विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ्यसम्बन्धी कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गर्ने, गराउने ।

(४) महामारी तथा संक्रमण रोगको रोकथामको व्यवस्था गर्ने, गराउने ।

(५) नगरपालिका क्षेत्रमा जनस्वास्थ्यको लागिहानिकारक चीजवस्तुको सार्वजनिक प्रयोगमा रोक लगाउने वा हटाउने ।

(६) जनस्वास्थ्यमा प्रतिकुल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचबिखन र उपभोगमा रोक लगाउने ।

**(ज) समाज कल्याण सम्बन्धी**

(१) बेवारिस मृतक व्यक्तिको दाह संस्कारको व्यबस्था गर्ने, टुहुरा, असहाय तथा अनाथहरुको लागि अनाथालयको व्यवस्था गर्ने, गराउने ।

(२) महिला तथा बालबालिकाको हित र कल्याणसम्बन्धी कार्यक्रम संचालन गर्ने तथा अनैतिक पेसा व्यापार नियन्त्रण सम्बन्धी कार्य गर्ने, गराउने ।

**(झ) उद्योग तथा पर्यटन सम्बन्धी**

(१) नगरपालिका क्षेत्रमा घरेलु, साना तथा मझौला उद्योगको प्रबर्द्धनमा उत्प्रेरकको काम गर्ने, गराउने ।

(२) नगरपालिका क्षेत्रभित्रको प्राकृतिक, सांस्कृतिक तथा पर्यटकीय सम्पदाको संरक्षण, सम्बर्द्धन, बिस्तार र सदुपयोग गर्ने, गराउने ।

**(ञ) विविध**

(१) नगरपालिका क्षेत्रको सडकको दायाँ बायाँ र अन्य आवश्यक ठाउँमा बृक्षारोपण गर्ने ।

(२) कान्जी हाउस, पशुवधशाला राख्ने स्थानको निर्धारण र व्यवस्थापन गर्ने ।

(३) नगरपालिका क्षेत्रको ऐलानी तथा सरकारी पर्ति जग्गाहरुको संरक्षण गर्ने ।

(४) मसान घाटको निर्धारण र व्यवस्थापन गर्ने ।

(५) व्यापार तथा वाणिज्यको विकासको लागि काम गर्ने ।

(६) नगरपालिकाको विनियम तर्जुमा गरि नगर सभामा पेश गर्ने ।

(७) दैवीप्रकोप नियन्त्रण गर्ने सम्बन्धमा आवश्यक काम गर्ने ।

(८) नगरपालिका क्षेत्रभित्रको जनसंख्या तथा घरजग्गाको लगत राख्ने ।

(९) प्रचलित कानुन बमोजिम जन्म मृत्यु तथा अन्य व्यीक्तगत घटना दर्ता गर्ने ।

(१०) नगरपालिका क्षेत्रभित्रका असहाय, अनाथ र अपाङ्ग बालबालिकाहरुको लगत राख्ने र तिनीहरुलाई उपर्युक्त ठाउँमा राख्ने व्यवस्था गर्ने ।

(११) बहुला तथा छाडा कुकुर मारी सार्वजनिक हितको सुरक्षा गर्ने र मरेका पशुपक्षी गाड्ने ठाउँ तोक्ने ।

(१२) खतरा उत्पन्न गर्ने रुख काट्न लगाउँने, घर पर्खाल आदि भत्काउन लगाउने ।

(१३) नगरपालिका क्षेत्रको घरको ब्लक नम्बर अद्यावधिक राख्ने ।

(१४) पशु बधशालाको प्रबन्ध गर्ने ।

(१५) छाडा पशु पक्राउ गरि लिलाम गर्ने ।
(१६) गल्ली तथा सडकमा बत्तीको व्यवस्था गर्ने ।
(१७) नगरपालिका क्षेत्रमा सिनेमा हल खोल्न स्वीकृति दिने ।
(१८) हाट, बजार मेला आदिको प्रबन्ध गर्ने, गराउने ।
(१९) बारुण यन्त्रको संचालन र व्यवस्थापन गर्ने, गराउने ।
(२०) कुनै विशिष्ट व्यक्तिलाई नगरको सम्मानार्थ विशिष्ट व्यक्तिको रुपमा सम्मान प्रदान गर्ने ।
(२१) नगरपालिका क्षेत्रको विकास सम्बन्धी अन्य कामहरु गर्ने ।
(२२) सहकारिताको विकासको लागि सहयोग पुऱ्याउने।
(२३) सचिवको कार्यको मूल्याङ्कन गरि सिफारिस सहित अख्तियारवाला समक्ष पठाउने।
(२४) नगरपालिकालाई आय आर्जन हुने, सहकारी, औद्योगिक तथा व्यवसायिक कार्यक्रम निजी क्षेत्रको समेत लगानीमा संचालन गर्न प्रोत्साहित गर्ने, गराउने ।
(२५) सहकारितामा आधारित विविध कार्यक्रमहरु तर्जुमा गरि संचालन गर्ने, गराउने ।
(२६) प्रचलित कानुनबमोजिम तोकिएका अन्य कामहरु गर्ने ।

**२) नगरपालिकाको ऐच्छिक कामहरु**

माथि १ नं. मा उल्लेखित काम, कर्तव्यको अतिरिक्त नगरपालिका क्षेत्रमा देहाय बमोजिमका ऐच्छिक कामहरु समेत गर्न सक्नेछ :-

(क) नगरपालिका क्षेत्रभित्र स्तरयुक्त बिद्यालय शिक्षा उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाउने ।
(ख) नगरपालिका क्षेत्रबाट निरक्षरता निर्मुल पार्न साक्षरता कार्यक्रमहरु संचालन गर्ने ।
(ग) नगरपालिका क्षेत्रका विभिन्न ठाउँहरुमा पुस्तकालय तथा वाचनालयहरु स्थापना गरि संचालन गर्ने ।
(घ) नगरपालिका क्षेत्रभित्र अव्यवस्थित बसोबास नियन्त्रण गर्ने ।
(ङ) निर्देशित जग्गा विकास, भू-उपयोगजस्ता कार्यहरुको माध्यमबाट नगरको बनावट तथा विकासलाई व्यवस्थित तुल्याउने ।
(च) बृद्ध तथा अनाथ आश्रमहरुको व्यवस्था गर्ने ।
(छ) बिद्युत आपूर्ति र सञ्चार सुविधाको व्यवस्था मिलाउने ।
(ज) नगरपालिकामा मनोरञ्जन स्थल, संग्रहालय, चिडियाखाना, पार्क आदिको व्यवस्था मिलाउने ।
(झ) बेरोजगारी कम गर्न बेरोजगारहरुको तथ्यांक संकलन गरि रोजगारमूलक कार्यक्रमहरु संचालन गर्ने ।
(ञ) नदी प्रदुषण नियन्त्रण गर्न कार्यक्रमहरु संचालन गर्ने ।
(ट) नगरपालिका क्षेत्रमा एम्बुलेन्स सेवा उपलब्ध गराउने ।
(ठ) नगरपालिका क्षेत्रमा सब बाहनको व्यवस्था मिलाउने ।
(ड) दैवी प्रकोपबाट हुने धनजनको क्षती कम गर्न निरोधात्मक तथा उद्धारका कार्यहरु गर्ने ।

(३) नगरपालिका क्षेत्रमा गर्नुपर्ने विकास निर्माण कार्यको लागि उपभोक्ता समुह तथा अन्य गैरसरकारी संस्थाहरुलाई प्रोत्साहित गरि यथासम्भव त्यस्ता समुह वा संस्थाहरु मार्फत गर्नु गराउनु पर्नेछ।

# खण्ड -२

## गत आर्थिक बर्ष २०७२ /०७३ को बार्षिक समीक्षा

२. गत आर्थिक बर्ष २०७२/०७३ को बार्षिक समीक्षा

२.१ परिचय

### २.१.१ पृष्टभूमि
स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ११८(२) र तत्सम्बन्धी नियमावलीको नियम १३९(४) को प्रावधान अनुसार यस नगरपालिकाले प्रत्येक बर्ष आर्थिक बर्ष समाप्त भएको पहिलो चौमासिक अवधि भित्र बार्षिक समीक्षा बैठक सम्पन्न गर्दै आएको छ । सो प्रावधान अनुसार यस नगरपालिकाले २०७३।६।२४ गते आफ्नो बार्षिक समीक्षा सम्पन्न गरिसकेको छ । यसैगरि तिलोत्तमा नगरपालिकाले मिति २०७३।६।१३ गते आर्थिक बर्ष २०७२/ ०७३ को बार्षिक समीक्षाको निष्कर्ष तयार गरि सूचनापाटीमा प्रकाशन गरि आफ्नो वेवसाइट WWW.tilottamamun.gov.np मा राखी सार्वजनिक गरिसकेको छ ।

### २.१.२ अपनाईएको प्रति
तिलोत्तमा नगरपालिकाले आर्थिक बर्ष २०७२/ ०७३ को बार्षिक समीक्षा गर्दा पावर प्वाइन्ट प्रस्तुती र छलफललाई आधार बनाएको थियो । सोही अनुसार सम्बन्धित कर्मचारीहरुले आ-आफ्नो विवरण प्रस्तुत गर्नु भएको थियो ।

### २.१.३ बार्षिक समीक्षामा उपस्थित सहभागीहरु
आर्थिक बर्ष २०७२/ ०७३ को बार्षिक समीक्षा गर्न आयोजित बैठकमा कार्यकारी अधिकृत, लेखा अधिकृत, प्रशासकीय अधिकृत, इन्जिनियर, वडा सचिव, अन्य कर्मचारी तथा नगरपालिकासँग सम्बन्धीत बिभिन्न संघ संस्थाका प्रतिनिधि, राजनितिक दलका नगरप्रतिनिधि, संचारकर्मी लगायत कुल १०४ जनाको उपस्थिती रहेको थियो ।

### २.१.४ सीमाहरु
बार्षिक समीक्षा बैठकमा प्रस्तुत भएका विवरणहरु बिस्तृत रुपमा पेश गर्न समय प्रयाप्त नहुनु, तोकिएको समयमा उपस्थिती नहुनु, सम्बन्धीत सबै कर्मचारीहरुको उपस्थित हुन नसक्नुलाई समीक्षा बैठकको सीमाको रुपमा लिन सकिन्छ । आगामी दिनमा यी बिषयहरुलाई सिकाइका रुपमा लिदै यस तर्फ तिलोत्तमा नगरपालिका चनाखो हुनुपर्ने देखीन्छ ।

## २.२ क्षेत्रगत उपलब्धीहरु
### २.२.१ संगठन विकास, सूचना तथा संचार प्रविधि र सेवा प्रवाह क्षेत्र
#### सूचना प्रविधि
कार्यालयको आफ्नो वेवसाइट तयार गरि सूचना प्रवाह गर्ने काम गरिरहेको तथा व्यक्तिगत घटना दर्ता लगायतका कार्यहरु कम्प्युटर प्रणालीबाट गरिने गरेको र कार्यालयले लेखा शाखा तथा राजस्व शाखामा सफ्टवेयर प्रणालीबाट कार्य गरिरहेको छ ।

#### लेखा परीक्षण
आर्थिक बर्ष २०७०/ ०७१ को अन्तिम लेखा परिक्षणको प्रतिवेदन ०७१ असारमा मात्र प्राप्त गरिएकोमा आ.व. ०७१।०७२ को लेखा परिक्षण ०७२ बैशाख महिनामै सम्पन्न भई प्रतिवेदन प्राप्त भएको थियो । चालु आ.व. ०७२।०७३ मा भने लेखा परिक्षणको क्रममा रहेको छ । यसै गरि अघिल्लो आर्थिक वर्षमा चौमासिक रुपमा मात्र आन्तरिक लेखापरिक्षण गरेता पनि प्रतिवेदन भने वार्षिक रुमा नै प्राप्त हुने गरेको र चालु आ.व.मा पनि चौमासिक रुपमा आन्तरिक लेखा परिक्षण भएको र प्रतिवेदन प्राप्त भएको छैन ।

#### प्रशासनिक क्षेत्रमा प्रक्रियागत सुधार

आर्थिक बर्ष २०७२/ ०७३ मा सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइका संपूर्ण कार्यक्रमहरु गरि सकिएको छ। सबै कार्यस्थलमा खप्ने नखप्ने जिन्सी खाताको व्यवस्था गरिएको छ। खप्ने सामानको कोडिङ्ग समेत गरिएको छ। कार्यालय सामानको लिलाम मर्मत तथा पुनः प्रयोग गर्ने प्रक्रियाको थालनी गरिएको छ।

**खरिद व्यवस्थापन**

आर्थिक बर्ष २०७२/ ०७३ मा खरिद कार्य सम्बन्धि १० वटा प्याकेजका लागि ५ वटा सूचना प्रकाशित भएका थिए भने ३४,४८,६३४।- बराबरको खरिद कार्य गरिएको छ।

**पञ्जिकरण, नाता प्रमाणीत तथा न्यायीक कार्य**

आर्थिक बर्ष २०७२/ ०७३ मा ३३३७ वटा नागरिकता, व्यक्तिगत घटना दर्तातर्फ जन्मदर्ता २१०८ मृत्युदर्ता ५०७, विवाह दर्ता ९९१, सम्बन्ध विच्छेद दर्ता १७ र बसाइसराइ दर्ता ५८७ वटा गरिसकीएको छ।

आर्थिक बर्ष २०७२/ ०७३ मा सम्बन्ध विच्छेद सम्बन्धी २ वटा मुद्दा फछर्यौट गरि सकीएको छ भने ५ वटा मुद्दा विचाराधीन रहेका छन्। विभिन्न भवन निर्माण सम्बन्धी समस्याहरु समाधान गर्ने गरिएको छ।

## २.२.२ बित्त क्षेत्र

आर्थिक बर्ष २०७१/ ०७२ मा कुल रकम १८४४२९६७४।५७ विनियोजन गरिएको थियो । सो मध्ये १२११४८२५९।७२ मात्र खर्च भई खर्च प्रतिशत ६५.६९ कायम रहन गएको थियो। यसै गरि आर्थिक बर्ष २०७२/ ०७३ मा १९३७३३१५५।- विनियोजन गरेकोमा १५३४४४०२५।७२ खर्च हुन गई ७९.२१ प्रतिशत खर्च भएको देखिन्छ। यसबाट तुलनात्मक हिसाबले खर्च गर्ने क्षमतामा केही बृद्धि भएको देखिए पनि सन्तोष मान्न सकिने स्थिति नरहेको पुष्टि हुन्छ। आर्थिक बर्ष २०७१/ ०७२ को खर्च हेर्दा लक्ष्यको तुलनामा ६३ प्रतिशत मात्र पुँजीगत खर्च भएको छ जुन ९७६ लाख रुपिया हुन आउँछ।

## २.२.३ राजस्व क्षेत्र

आर्थिक बर्ष २०७१/ ०७२ मा आन्तरिक आयबाट ७१६४५६९२।१२ प्राप्त भएकोमा आर्थिक बर्ष २०७२/ ०७३ मा ११५५६७५९२।७८ प्राप्त भएको छ। यसै गरि अनुदानबाट आर्थिक बर्ष २०७१/ ०७२ मा ५३८८२४२९।६२ प्राप्त भएकोमा गत आर्थिक बर्षमा ९२७०३०५०।- प्राप्त भएको स्थिती छ। घर जग्गा कर संकलनमा आ.ब. २०७२/ ०७३ मा १६४३५००।- प्राप्त भएको छ जुन अघिल्लो आर्थिक बर्षको तुलनामा २१ प्रतिशत थप हो। यसरी उल्लेखीत प्रगती हुनुमा संस्थागत क्षमता अभिबृद्धि, प्रचारप्रसार, करको दायरामा ल्याउन कानुनी कारबाहीलाई लिन सकिन्छ। यसै गरि बहाल करमा पनि अत्यधिक बृद्धि भएको देखिन्छ। गत आ.ब. मा कुल ४०४६९३।- प्राप्त हुन गइ अघिल्लो आर्थिक बर्षको तुलनामा ९२ प्रतिशतले बृद्धि भएको छ। यसरी बृद्धि हुनुमा कार्यालयको सक्रियता बढाइनु, अरु करसँग आबद्ध गरिनुलाई लिन सकिन्छ। व्यवसाय कर आ.ब. २०७१/ ०७२ को तुलनामा (१५)प्रतिशतले घटन गइ १६३०००।- संकलन भएको छ। मालपोत भने ६११४२०७।- संकलन भएको छ। जुन अघिल्लो आर्थिक बर्षको तुलनामा ३७ प्रतिशतले बढी हो। यसै गरी सवारी करमा अघिल्लो आ.ब.को तुलनामा केही ह्रास आएको देखिन्छ। आ.ब. २०७२/ ०७३ मा २१८८७०।- रुपिया संकलन भएको छ। यो अघिल्लो आर्थिक बर्षको तुलनामा प्रतिशतले (७) कम हो। बहाल कर झैं अन्य करहरुलाई पनि अन्य करहरुसँग आवद्ध गर्न सके थप राजस्व संकलन गर्न सकिन्छ। शिक्षा तथा स्वास्थ्य विकास करमा आ.व. ०७२।७३ मा ३५७९६२५२।- संकलन भएको थियो जुन आ.व. ०७१।०७२ को तुलनामा ८८ प्रतिशत बढि हो। घर नक्शा दस्तुरमा आ.व. ०७२।०७३ मा रु. १६९४४१४१।- आम्दानी भएको जुन अघिल्लो आ.व. को तुलनामा ५४ प्रतिशत बढि हो।

## २.२.४ शहरी योजना क्षेत्र

शहरी योजना क्षेत्रतर्फ बिशेषतः नगरपालिकामा योजनाबाद्ध विकास प्रक्रियालाई मुल प्रवाहीकरण गर्ने कार्य गरिदै आएको छ । बजेट, योजना तथा कार्यक्रम र बार्षिक कार्य योजना लगायत अन्य विषयगत निती, रणनीति तथा कार्यनितीहरु आवश्यकता अनुसार तर्जुमा गरिएको छ । बजेट, योजना तथा कार्यक्रमहरुको कार्यान्वयनमा समेत सहजता प्रदान गरिदै आएको छ । नगर प्रोफाइल बनाउने सम्बन्धमा परामर्श सेवा लिने कार्यलाई अगाडि बढाइएको छ ।

## २.२.५ शहरी विकास तथा सार्वजनिक निर्माण क्षेत्र

आर्थिक बर्ष २०७२/ ०७३ मा सडक निर्माण, ढलको व्यवस्था, भवन निर्माण, सडक मर्मत सम्बन्धि ३१४ वटा योजनाहरु सम्पन्न भइसकेका छन् । ४ कि.मी. सडक निर्माण भएको छ भने ४ कि.मी. सडक मर्मत गरिसकिएको छ । करिब ६ कि.मी. ग्राभेल सडक निर्माण कार्य सम्पन्न भएको छ । । आ.ब. २०७२/ ०७३ मा ९४ लाखको लागतमा १ वटा योजनाका लागि टेण्डर आवह्तन भएका थिए । जनसहभागितामा आधारित विकास कार्यक्रम तर्फ ५०/ ५० प्रतिशतको लागतमा ३९ वटा (लागत १ करोड ९५ लाख) योजना पुरा भएका छन । यसका अतिरिक्त स्थानीय शुल्क विकास कोष र सडक बोडका क्रमशः १ वटा (लागत ३२ लाख) र ५ वटा (लागत १८ लाख) का योजना पुरा भइसकेका छन ।

## २.२.६ सुरक्षित बस्ती विकास कार्यक्रम

### भवन निर्माण नियमन

आर्थिक बर्ष २०७२/ ०७३ मा दर्ता भएका भवनहरु मध्ये स्थायी अनुपति पाएको संख्या २४०० वटा जसमध्ये १५५१ घर सम्पन्न भएको छ । आ.ब. २०७२/ ०७३ मा नक्सा पास दस्तुर बापत १६९४४१४१।- लाख राजस्व संकलन भएको छ ।

## २.२.७ सार्वजनिक निजी साझेदारी क्षेत्र

सार्वजनिक निजी साझेदारीमा संचालन गर्ने गरी यस नगरपालिकाको वडा नं. १ देखि ६ सम्ममा फोहोर व्यवस्थापनको लागी सम्झौता गरिएको छ।

## २.२.८ वातावरण संरक्षण, हरियाली प्रर्वद्धन तथा शहरी सौन्दर्यीकरण

वाताबरण संरक्षण, हरियाली प्रवर्द्धन तथा शहरी सौन्दर्यीकरण तर्फ वातावरण व्यवस्थापनको क्षेत्रमा फोहोरमैला संकलनमा संलग्न संस्थाको कर्मचारी १५ जना रहेका छन् । दैनिक करिब ५०० मेट्रिक टन फोहोर संकलन गरि उठाइने गरेको छ । फोहोर ढुवानी गर्न करिब ५ गाडी प्रयोगमा रहेको छ । कुल फोहोरमा ६० प्रतिशत कुहिने खालको, १०.प्रतिशत फलाम र हड्डी, १० प्रतिशत प्लास्टीक र २० प्रतिशत अन्य फोहोर रहने गरेका छन् । फोहोरमैला संकलनमा एक संस्था संलग्न रहेका छन् ।

# खण्ड-३

## नगर विकास योजनाका प्रमुख नीति, मार्गदर्शन तथा कार्यक्रमहरु

**आ.व. ०७४।०७५ का लागि मिति २०७४ साल श्रावण ३१ गते बसेको प्रथम नगरसभाबाट पारित नीति, मार्गदर्शन तथा कार्यक्रम तथा निर्णयहरु**

३१ गतेको उपस्थिती

**प्रस्ताव न. १**
धन्यवाद तथा बधाई सम्बन्धमा ।

**निर्णय नं. १**
क. नेपालको लोकतान्त्रिक आन्दोलनको क्रममा बिभिन्न कालखण्डमा शहादत प्राप्त गर्नुहुने सम्पूर्ण शहिदहरु प्रति हार्दिक श्रद्धा सुमन व्यक्त गर्दछौ । लोकतान्त्रिक गणतान्त्रिक नेपालको परिवर्तनका क्रममा घाइते तथा अङ्गभङ्ग हुनुभएका व्यक्तिहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछौ । यही मिति २०७४।०३।१४ गते सम्पन्न स्थानीय तहको दोस्रो चरण अर्न्तगत यस तिलोत्तमा नगरपालिकाको निर्वाचनमा सहभागि भई हामीलाई निर्वाचित गर्नुहुने सम्पूर्ण नगरबासी मतदाताहरु, निर्वाचनमा सहभागि सम्पुर्ण राजनितीक दल, दलका भातृ संगठन, निर्वाचन प्रक्रियामा सहभागि उम्मेदवार, प्रचारप्रसारमा खटिने राजनीतिक दलका नेता, कार्यकर्ता, निर्वाचन सम्पन्न गर्ने निर्वाचन आयोग, राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय, निर्वाचन सफल पार्न सहयोग गर्ने संचार माध्यम, संचारकर्मी, शैक्षिक तथा सामाजिक संस्था, व्यवसायिक संघ संस्था, उद्योगी, व्यापारी, किसान मजदुर, शिक्षक, बिद्यार्थी, कलाकार लगायत बिभिन्न पेशा व्यवसायमा संलग्न सम्पुर्ण नगरबासी दाजुभाई तथा दिदी बहिनीहरु प्रति प्रथम नगरसभा हार्दिक आभार तथा धन्यवाद प्रकट गर्दछ ।

ख. यस तिलोत्तमा नगरपालिकाको नगर सभाका सदस्यहरु जमुना लम्साल र कविराम अर्याल जिल्ला समन्वय समितिको सदस्य पदमा निर्वाचित हुनु भएकोमा यस नगरसभाले हार्दिक बधाई दिदै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछ ।

प्रस्ताव नं. २
तिलोत्तमा नगरपालिकाको आर्थिक वर्ष ०७४।०७५ को वार्षिक नीति, मार्गदर्शन तथा कार्यक्रम स्वीकृत सम्बन्धमा ।

निर्णय नं. २
तिलोत्तमा नगरपालिकाको आ.व. ०७४।०७५ को निम्न बमोजिमको वार्षिक नीति, मार्गदर्शन तथा कार्यक्रमहरु सर्वसम्बतबाट पारित गर्ने निर्णय गरियो ।

**१. भौतिक पूर्वाधार विकास :**

- थुप्रै स-साना सडकहरुमा रकम लगानी गर्दा रकम छरिन गई अपेक्षीत प्रतिफल प्राप्त हुन नसक्ने भएकाले क्षेत्रगत सन्तुलनलाई ध्यान दिदै महत्वपूर्ण मानिएका र नगर सडक गुरुयोजनामा परेका गौरबका आयोजनालाई प्राथमिकताका साथ रकम विनियोजन गर्ने निति लिइएको छ । ग्रामीण सडक सञ्जाल निर्माण तथा सिचाइ आयोजनाहरु छनोट गर्दा कृषि पकेट क्षेत्रलाई आधार लिइनेछ । मर्मत संभार कोषको उचित व्यवस्थापन गरिनेछ । अपाङ्गमैत्री, बालमैत्री संरचनामा जोड दिइनेछ ।
- पक्की सडक निर्माण तथा मर्मत कार्यमा जनसहभागिताका साथै लागत साझेदारी (५०:५०) को नीतिलाई निरन्तरता दिईएकोछ । नगर यातयात गुरुयोजना (MTMP) तयार भई स्वीकृत समेत भई सकेको हुँदा सोहि अनुरुप सडक योजना तयार एवं कार्यान्वयन गरिनेछ । कृषि उत्पादन अभिबृद्धि एवं बजार प्रवर्द्धनका लागि हाटबजार टहरा निर्माण लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरका बिभिन्न कच्ची सडकमा स्तरिय ग्राभेल गर्ने निती अबलम्वन गरिएको छ ।
- नगर क्षेत्र भित्रका सडकहरु नियमित रुपमा मर्मत सम्भार गर्नका लागि आवश्यक समपुरक कोष तथा बजेटको व्यवस्था गरिनेछ । बनी सकेका सडकहरुको स्तरोन्नती गर्दै लगिनेछ ।
- नगर क्षेत्रको विकासका लागि तिलोत्तमा चक्रपथ, भ्यूटावर, नगर स्तरिय नमुना सडक, खेल मैदान, ग्रीन पार्क, वाल उद्यान लगायत नगरपालिकाको मुख्य मुख्य सडकको विस्तार एवम स्तरोन्नती गरिनेछ ।
- यसै आ.व. देखि नगरयोजना कार्यान्वयन गर्दा योजनाको सम्झौता तथा योजना फरफारक गर्दा pre- project / post project photo को नीति अवलम्बन गरिनेछ ।
- नगरसभाबाट स्वीकृत कार्यक्रम सञ्चालन गर्दा तोकिएको मापदण्ड बमोजिम समयमा नै योजना सम्पन्न तथा फरफारक गर्ने उपभोक्ता समितिलाई सम्मान गरिनेछ ।

- नगरक्षेत्रको विकास पूर्वाधार निर्माण तथा व्यवस्थित शहरीकरणको लागि नगर दीर्घकालिन गुरुयोजना तयार गरिनेछ ।
- तोकिएको समयमै योजना सम्पन्न गर्न उपभोक्ता समितिलाई उत्प्रेरीत गराई आन्तरिक श्रोतका योजनाहरु समेत सोहि आ.व.मा सम्पन्न गर्न नसकेमा आगामि आ.व.मा सोको दायित्व नसर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- सरकारी सार्वजनिक जग्गाहरुको लगत संकलन गरी संरक्षणको लागि तारवार गरिनेछ ।
- यसै आ.व. मा नगरपालिकाको भवन निर्माण कार्यको थालनी गरिनेछ भने छ वटा वडा कार्यालयको कार्यालय भवन निर्माण गरिनेछ । साथै तिलोत्तमा बसपार्क निर्माणको थालनी गरिनेछ ।
- साविक वडा कार्यालय भवनहरुको मर्मत तथा रङ्ग रोगन गर्न वजेटको व्यवस्था गरिनेछ भने प्रत्येक वडा कार्यालयहरुको भवनमा एउटै कलरको रङ्ग लगाउने व्यवस्था लागु गरिनेछ । अन्य वडा कार्यालयहरुको व्यवस्थापन गर्दै लगीनेछ ।
- सबै जग्गाको पुन नापी गर्ने कार्यको लागी प्रकृया अगाडी बढाइनेछ ।

**२. आर्थिक विकास :**

- स्थानीयतहमा रोजगारी अभिबृद्धि गर्न अन्य सरकारी तथा गैर सरकारी निकायहरु संगको साझेदारीमा विभिन्न किसिमका सीपमुलक तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरपालिकाको आन्तरिक स्रोत अभिबृद्धिका लागि करका नयाँ स्रोतहरुको पहिचान गरी राजस्व अभिबृद्धि गर्नका लागि थप अध्ययन गर्नुका साथै कर संकलनका लागि यस क्षेत्र संग सम्बन्धित संघ संस्थाहरु संग सहकार्य तथा राजस्व साझेदारीको नीति अवलम्वन गरिनेछ ।
- कृषक समूह, जल उपभोक्ता समितिलाई परिचालन गरी कृषि कार्यक्रमहरु कृषक समूह मार्फत लैजाने तथा महिला कृषक समूहलाई कार्यक्रमा बढीभन्दा बढी सहभागी गराइनेछ ।
- नगरक्षेत्रमा आर्थिकरुपमा सक्रिय जनशक्तिलाई स्वरोजगार तर्फ उन्मूख गराउन घरेलु तथा साना उद्योग कार्यालय तथा शीप विकास प्रशिक्षण केन्द्र संग आवश्यक समन्वय गरिनेछ ।
- आ.व.२०७५।०७६ को शुरुबाट एकिकृत सम्पतिकर लगाउने गरी यसै आ.व. २०७४।०७५ मा आवश्यक सम्पूर्ण तयारी गरिनेछ ।

**३. सामाजिक विकास :**

- भुमीहिन तथा अव्यवस्थित बसोवासीहरुको लगत संकलन गरी आवश्यक प्रकृया अगाडी बढाईनेछ ।
- प्रारम्भिक बालविकास केन्द्रको स्थापना तथा गुणस्तर सुधारमा प्रोत्साहन गर्नुको साथै गुणस्तरीय जीवनोपयोगी, सीपमूलक र रोजगारमूलक शिक्षामा जोड दिईनेछ ।
- सार्वजनिक तथा सामुदायिक विद्यालयको मर्मत सुधार, फर्निचर तथा भौतिक विकास सम्बन्धी कार्यक्रममा सहयोग पुऱ्याउदै यस्ता कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारले तोकेको मापदण्डलाई पूर्णरुपमा पालना गर्न उत्प्रेरित गरिनेछ ।
- खेलकुद विकासका लागि खेलकुदसंग सम्बन्धित संघ संस्थाहरुको समन्वय र सहकार्यमा खेलकुद सामग्री वितरण गरी खेलकुद क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।
- अत्यावश्यक स्वास्थ्य सेवाको पहुँच विस्तार गरि गुणस्तर अभिबृद्धि गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।
- नगर क्षेत्रका स्वास्थ्य केन्द्रहरुलाई क्रमिकरुपमा स्तरोन्नति गर्दै लगिनेछ । पहिलो चरणमा सेमरा बजार स्वास्थ्य चौकीलाई स्तरोन्नती गरी ५० शैयाको अस्पताल बनाउने र ति.न.पा. १७ मा रहेको शसस्त्र सुरक्षाबल बेश क्याम्पलाई स्थायी गर्न पहल गरिनेछ । ईलाका प्रहरी कार्यालय, मंगलापुरलाई क वर्गको ईलाका र बिद्युत प्रधिकरण नयामिल प्रशाखालाई शाखामा स्तरोन्नती गर्न प्रयास गरिनेछ । बि.पि. ग्रामको बि.पि. स्वास्थ्य भवनलाई संचालनमा ल्याउने प्रकृया अघि बढाईनेछ ।
- यस तिलोत्तमा नगरपालिका क्षेत्रको जनघनत्व बृद्धिलाई दृष्टिगत गरी यस नगरपालिका भित्र इलाका प्रशासन कार्यालय स्थापना गर्न नेपाल सरकारमा अनुरोध गरिने छ ।

- आर्थिक, सामाजिक, लैङ्गिक रुपमा पछाडी परेका महिला बालबालिका, जेष्ठ नागरिकहरुको स्वास्थ्य स्थिति सुधारमा जोड दिईनेछ ।
- आर्थिक, सामाजिक, शैक्षिक हिसावले पछाडि परेका लक्षित वर्गलाई उत्थानका लागि सम्बन्धित पक्षको समन्वय तथा सहभागितामा कार्यक्रम सञ्चालन गरिनेछ । सरकारी सेवामा उनीहरुको सहभागिता अभिवृद्धिका लागि लोकसेवा परीक्षा तयारी कक्षा सञ्चालन गरिनेछ । यस्ता कार्यक्रम सञ्चालन गर्दा सरकारी तथा गैर सरकारी निकायको प्राविधिक सहयोग एवं सहभागितामा कार्यक्रम सञ्चालन गरिनेछ ।
- लैङ्गिक भेदभाव न्यूनीकरण एवं महिला सशक्तिकरणलाई सम्बोधन गर्ने किसिमका लैङ्गिक सचेतना एवं कानूनी सचेतना सम्बन्धी कार्यक्रम साझेदारीमा सञ्चालन गरिनेछ ।
- विपन्न पिछडिएका महिलाहरुका लागि आय आर्जन सम्बन्धी सीपमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामाजिक परिचालनका माध्यमवाट गरिवी न्यूनीकरणका लागि कार्यक्रम सञ्चालन गर्दै यस क्षेत्रमा सरकारी तथा गैर सरकारी संघ संस्थाहरु बीच कार्यक्रम सञ्चालनमा समन्वय, सहकार्य गरिनेछ ।
- बालमैत्री नगरपालिका निर्माण गर्ने कार्यक्रमलाई अवलम्बन गरी नगरक्षेत्रमा बनी सकेका विद्यालयहरुमा बालमैत्री संरचना तयार गर्न प्रोत्साहीत गर्नुको साथै नयाँ निर्माण हुने भौतिक संरचनाहरुलाई बालमैत्री बनाउन लगाईनेछ ।
- नगरस्तरिय बाल सञ्जाललाई सक्रिय बनाई बालहित संरक्षण तथा बाल विकासमा उनीहरुको पहुँच तथा सहभागिताको सुनिश्चितता गरिनेछ । प्राथमीक वाल विकास केन्द्रको विकासमा जोड दिइने छ ।
- नयाँ निर्माण हुने सार्वजनिक तथा सामुदायिक भवनहरुलाई अपाङ्गमैत्री बनाउन अनिवार्य गर्नुको साथै बनी सकेका त्यस्ता भवनहरुलाई अपाङ्गमैत्री बनाउन प्रोत्साहन गरिनेछ ।
- नगर क्षेत्र भित्रका ऐतिहासिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुको संरक्षण तथा विकासमा जोड दिईनेछ ।
- यस नगरपालिका अन्तरगत तिनाउ नदीको किनारमा रहेका क्षेत्रलाई औद्योगिक क्षेत्र, हरियाली क्षेत्र र बिभिन्न खेल मैदान तथा बहुउपयोगी सामुदायिक भवनको क्षेत्रको रुपमा बिकास गरिनेछ ।
- सूचना तथा संचारको माध्यमबाट महिला शसक्तिकरण कार्यक्रम संचालन गरीनेछ ।
- महिला कानूनी शिक्षा तथा सचेतना कार्यक्रम, महिला प्रजनन स्वास्थ्य सम्वन्धि परामर्श, शिप र स्वरोजगार सम्वन्धि बिबिध कार्यक्रम संचालन गरिनेछ ।
- लैङ्गिक हिंसामुक्त नगरपालिका घोषणा गर्न आबश्यक कार्यक्रम संचालन गरिनेछ ।
- उपयुक्त स्थानमा सवदाह केन्द्र स्थापना गर्न कार्य प्रारम्भ गरिनेछ ।
- वालबिवाहमुक्त नगरपालिका घोषणा गरिनेछ ।
- छुवाछुत मुक्त नगरपालिका निर्माण गर्न आबश्यक कार्यक्रम संचालन गरिनेछ ।
- भुमिहिन तथा अब्यवस्थित बसोबासीहरुको घरधुरी कर लिने कायृ नियमित गरिनेछ ।

**४ शिक्षा**

- नगरपालिका शिक्षा निती निर्माण गरिनेछ ।
- सामुदायिक र संस्थागत बिद्यालयबाट SEE परिक्षामा सर्वोत्कृष्ट अंक ल्याउने सामुदायिक बिद्यालयबाट एकजना छात्र र एकजना छात्रा तथा संस्थागत बिद्यालयबाट एकजना छात्र र एकजना छात्रा लाई पुरस्कार दिने नितीलाई अवलम्बन गरिनेछ ।
- प्राथमिक उमेर समूहका सम्पूर्ण बालबालिकालाई बिद्यालय भर्ना गर्न गराउन सामाजिक परिचालक मार्फत प्रोत्साहित गरि साक्षरता प्रतिशतमा सुधार गरिनेछ ।
- यस क्षेत्रका सामुदायिक विद्यालय तथा क्याम्पसहरुको पूर्वाधार निर्माणमा सहयोग पुऱ्याईने छ ।
- राष्ट्रिय साक्षरता अभियानलाई उपलब्धीमूलक बनाउन शिक्षा क्षेत्रमा क्रियाशिल गै.स.स.हरुसँग सहकार्य र समन्वय गर्दै अनुगमन, मूल्याङ्कन पद्धतिलाई व्यवस्थित र सुदृढ तुल्याइनेछ ।
- नगर खेलकुद विकास कोष खडा गरि खेलकुद विकासमा जोड दिइनेछ । नगर खेदकुद विकास समिति मार्फत खेलकुदमा सहयोग गरिनेछ ।

- सामुदायिक बिद्यालयहरुमा भौतिक पूर्वाधार विकास तथा स्तरोन्नतीको लागि विकास साझेदारीहरुसँग समन्वय गरि श्रोतको व्यवस्थापन गरिनेछ ।
- नगर क्षेत्र भित्रका युवा बिद्यार्थीहरुमा असल चरित्र निर्माणका लागी प्राज्ञिक परिषदको सहकार्यमा नैतिक शिक्षा कार्यक्रम संचालन गरिनेछ ।
- सामुदायिक र संस्थागत विद्यालयको स्पष्ट निती अवलम्वन गरिनेछ ।
- बिभिन्न भाषा, कला तथा संस्कृतीको जर्गेन गर्ने निती अवलम्वन गरिनेछ ।
- सामुदायिक विद्यालयहरुमा बिद्यार्थी संख्याको आधारमा दरवन्दी मिलान तथा विद्यालयहरु एक आपसमा गाभ्ने निती अवलम्वन गरिनेछ ।

## ५. स्वास्थ्य

- नगरको स्वास्थ्य संस्था तथा प्राथमिक स्वास्थ्य केन्द्रहरुमा क्रमशः चौबिसै घण्टा प्रसुति सेवा संचालनको लागि आवश्यक साधन श्रोतको व्यवस्थाको लागि सम्बन्धीत मन्त्रालयमा अनुरोध गरिनेछ । HIV/AIDS नियन्त्रणको लागि एड्स समन्वय समितिको भुमिकालाई प्रभावकारी बनाइनेछ । यस क्षेत्रमा क्रियाशिल संघ संस्थाहरुबीचको समन्वयलाई सुदृढ तुल्याइनेछ ।
- नगरको पोषण अवस्थामा सुधार ल्याउन बहुसरोकारवाला पोषण योजना कार्यान्वयन गर्न आवश्यक पहल गरिनेछ ।
- आयुर्वेद चिकित्सा प्रणालीको विकासको लागि सहयोग गराइनेछ ।
- ५ नं. प्रदेश स्तरीय मेडिकल कलेजको निर्माण कार्य थालनी गर्न केन्द्र समक्ष जोड गरिनेछ ।
- स्थानीय संघ संस्थाको सहयोगमा कुनै एक वडा स्वास्थ्य केन्द्रमा एम्बुलेन्स सेवा संचालन गरिनेछ ।
- स्वास्थ्य सेवाको लागी लक्षित जनसंख्या छुट्टाईनेछ ।
- महिला स्वस्थ्य स्वंम सेविकाहरुलाई प्रोत्साहीत गरिनेछ ।

## ६. खानेपानी तथा सरसफाईः

- खानेपानी तथा सरसफाईको कठिनता मापन गरि खानेपानी तथा सरसफाई सम्बन्धी आयोजनाहरु संचालन गरिनेछ ।
- हरेक वडाहरुलाई आफ्नो वडा भित्रको फोहोरो बिसर्जन केन्द्रको व्यवस्थापन गर्न लगाई सरसफाई अभियानलाई अघि बढाईनेछ
- यस नगरलाई खुल्ला दिशामुक्त क्षेत्र (ODF) घोषणा गरीसकिएको हुदा Post ODF कार्यक्रम संचालन गरिनेछ । उक्त लक्ष्यलाई मूर्त रुप दिन सरकारी, गैर सरकारी, निजी क्षेत्र, नागरिक समाज, संचारकर्मी समेतको सहयोग र सहकार्यमा यस कार्यलाई अभियानको रुपमा अगाडि बढाउने नीति लिइनेछ । खानेपानी तथा सरसफाई सम्बन्धी कार्यक्रम संचालन गर्दा खानेपानी तथा सरसफाई उपभोक्त संस्थासंग समन्वय गर्ने नीति अबलम्बन गरिनेछ ।
- सरसफाई सम्बन्धी बानी व्यवहार परिवर्तन गर्न स्थानीय तहको अगुवाईमा जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
- वडाको नेतृत्वमा टोल विकास समिति मार्फत प्रत्येक महिनाको कम्तिमा एक दिन सर सफाईको आयोजना गरिनेछ ।

## ७. बिपत् व्यवस्थापन तथा भू-संरक्षण

- प्रकोपबाट नगरबासीको सुरक्षाको लागि समयमा प्रकोप सूचना प्रबाह तथा प्रकोप क्षेत्रमा समयमै उद्धार तथा राहत कार्यक्रम संचालन गरिनेछ । साथै सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ । नगरको बिपद् पूर्व तयारी तथा प्रतिकार्य योजना कार्यान्वयनको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- दैविक प्रकोप तथा विपद व्यवस्थापनमा सहयोग पुऱ्याउन तिलोत्तमा नगर प्रमुख दैवि प्रकोप राहत कोष स्थापना गरिनेछ ।

### ८. बिद्युत तथा बैकल्पिक उर्जा

- नगरलाई उज्यालो सहर बनाउन बैकल्पिक उर्जाको प्रयोग गर्ने नीतिलाई विभिन्न गै.स.स. को सहयोगमा कार्यान्वयनमा ल्याउन आवश्यक पहल गरिनेछ ।
- सामुहिक बत्ति व्यवस्थापनको लागी उज्यालो कोषको कार्यक्रम संचालन गरिनेछ ।
- बैकल्पिक उर्जाको अवस्था, सम्भावना र अवसरहरुको व्यवस्थापन गरिनेछ ।

### ९. वन, वातावरण तथा जलवायु परिवर्तन

- सडक निर्माण गर्दा दुवैतर्फ बृक्षारोपण गर्ने नीति ल्याइनेछ तथा Environment Management Plan (EMP) बनाई कार्यान्वयन गरिनेछ ।
- बृक्षारोपण तथा भु-संरक्षण कार्य गर्दा साझेदारी गर्ने नीति लिइनेछ ।
- जलवायु परिवर्तनबाट नगरमा पर्न सक्ने प्रभाव न्यूनीकरण गर्न सरोकारवाला निकाय, गै.स.स. तथा विकास साझेदारसँग समन्वय र सहकार्य गरि स्थानीय जलवायु परिवर्तन अनुकुल कार्य योजना तर्जुमा गरि कार्यान्वयनमा ल्याइनेछ । शंकरनगरमा रहेको चिडियाखानालाई ब्यवस्थित एबं प्रवर्धन गरिनेछ ।
- उर्जा तथा वातावरण इकाईलाई उर्जा तथा बातावरण शाखामा रुपान्तरण गरिनेछ ।
- वातावरण मैत्री विकास पुर्वाधार निर्माणमा जोड दिइनेछ । हरित शहरको अवधारणा अनुरुप पार्क निर्माण, विकास र प्रबर्द्धनमा जोड दिइनेछ ।
- फोहरमैला व्यवस्थापनका लागि सार्वजनिक निजी साझेदारी (Public Private Partnership) अवधारणको अवलम्बन गरिनेछ
- फोहरमैला ब्यवस्थापनका लागि Land fill site ब्यवस्था गर्नुको साथै फोहोरमैलालाई वर्गिकरण तथा खण्डिकरण गर्न नगरवासीलाई उत्पेरित गर्ने खालका कार्यक्रम सञ्चालन गरी क्रमश: जैविक फोहार नगरपालिकाले नउठाउने र व्याक्ति स्वम्ले व्यवस्थापन गर्नु पर्ने नीति लिईनेछ ।
- नगर क्षेत्र भित्रका सार्वजनिक तथा निजी संरचनाहरुमा वातावरण मैत्री स्थानीय शासन (EFLG) कार्यक्रमका सूचकहरुलाई क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।
- यस नगरपालिका क्षेत्र भित्र पर्ने सिद्धार्थराजमार्गको विच तथा सडकको दायाबाया भागमा हरियाली गराउनको लागि विभिन्न संघ संस्थालाई जिम्मेवारी दिने नीति अवलम्वन गरिनेछ ।
- प्रत्येक वडामा १ जना महिला घर धनी र १ जना पुरुष घर धनी लाई घर/आगन गार्डेन सुन्दर र सफा राखे वापत मुल्याङ्कनको आधारमा पुरस्कृत गर्ने व्यवस्था मिलाउनेछ ।
- सडकको किनारका उपभोक्ताहरुलाई आफ्नो सडकको सर सफाई र संरक्षणमा जिम्मेवार बनाईनेछ ।

### १०. कृषि, सिंचाई तथा पशु

- यस नगरपालिका दुधमा आत्मनिर्भर भैसकेको हुदा दुध उत्पादकलाई थप उत्प्रेरित गराईनेछ ।
- निर्वाहमुखी खेती प्रणालीलाई व्यवसायीक कृषि प्रणालीतर्फ उन्मुख गर्ने नीति लिइनेछ ।
- उन्नत खालका पशुपालनमा प्रोत्साहित गरिनेछ ।
- कृषि सहकारितालाई प्रोत्साहित गरिनेछ । यसलाई उत्पादकत्व बृद्धिको आधार बनाइनेछ । सार्वजनिक नीजि साझेदारीमा नगरको मध्ये क्षेत्रमा शीत भण्डार स्थापना गर्न पहल गरिनेछ ।
- कृषि पकेट क्षेत्रलाई आधार लिई एकीकृत रुपमा सुविधा विस्तार गरि नगरको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- कृषि उत्पादन अभिबृद्धि एवम बजार प्रबर्द्धनका लागि हाटबजार टहरा निर्माण लगायतका कर्याक्रम संचालन गरिने छ ।
- सिंचाईका नहरहरुलाई लागत सहभागीतामा पक्की गर्दै लगिनेछ ।

- सामुहिक खेती वा सामुहिक पशुपालक किसान लाई उत्प्रेरित गर्न विऊ विजन अनुदान/आधारभूत पशु स्वास्थ्य सेवा उपलब्ध गराउने निती अवलम्वन गरिनेछ ।
- महिला र दलीतहरुले समूहबाट सहकारी मार्फत खेती वा पशुपालन व्यवसाय संचालन गर्न रु. १००००००।- सम्म कृषि ऋणको ब्याजदरमा २ प्रतिशत सम्म नगरपालिकाले अनुदान दिने व्यवस्था गरिनेछ ।
- युवावर्गले समूहबाट खेती वा पशुपालन व्यवसाय संचालन गरेमा अनुदान दिने व्यवस्था मिलाईनेछ ।
- खेतीयोग्य जमिनलाई बाझो राख्न नदिने निती अवलम्वन गरिनेछ ।
- वाली तथा पशु संरक्षण राहत कोष स्थापना गरी अनुदानको व्यवस्था गरिनेछ ।
- पशुपालक किसानलाई पशु बिमा गरेमा बिमामा लाग्ने रकम मध्ये केन्द्रले भुक्तानी दिने रकम बाहेक उपभोक्ताले तिर्नु पर्ने रकमको ५० प्रतिशत अनुदान दिईनेछ ।
- छाडा चौपाय गौशालासम्म पुऱ्याउने व्यवस्था गर्न प्रति चौपाय रु. ५००।- दिई आबश्यक व्यवस्था मिलाईनेछ

## ११. सहकारी, गरिबी न्यूनीकरण तथा उद्यमशीलता विकास

- विपन्न लक्षीत समूहका लागि आयमूलक तथा सीपमूलक कार्यक्रम गै.स.स. समेतको समन्वय र साझेदारीमा संचालन गरिनेछ । सहभागिताको माध्यमबाट ग्रामीण गरिबी न्यूनीकरण एवं सामाजिक पूँजी निर्माणमा जोड दिइनेछ ।
- लघु उद्यमको बिकासको माध्यमबाट गरिबी निवारण गर्न चालु आ.ब. देखी संचालित गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम (MEDPA) र उद्योग बाणिज्य संघ, ब्यापार संघ तथा ब्यापार संगठन मार्फत संचालित (MEDP) ( लघु उद्यम कार्यक्रम ) संचालनमा जोड दिइनेछ ।
- एकै प्रकृतिका सहकारी संघ संस्थालाई एक आपसमा गाभ्ने निती अवलम्वन गरिनेछ ।
- साना किसान कृषि सहकारी संस्थासंगको साझोरीमा बिभिन्न कृषि कार्यकम संचालन गरिनेछ ।

## १२. पर्यटन

- नगर पर्यटन विकास योजना निर्माण गरिनेछ ।
- पर्यटन प्रबर्द्धनको लागि नगरमा प्रमुख पर्यटकीय स्थलहरु मध्ये शंकरनगर बन बिहारलाई नगरस्तरीय पार्कको रुपमा विकास गरिनेछ त्यस्तै गरी वेवरी ग्रिन पार्कलाई ग्रिनपार्कको रुपमा ब्यवस्थीत गरिनेछ । मोक्षधामलाई आन्तरिक धार्मिक पर्यटनको रुपमा विकास गरिनेछ । शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्र भित्र भ्यू टावर निर्माणको काम प्रारम्भ गरीनेछ । साथै यस नगरक्षेत्र भित्र रहेको वि.पि. वाटीका, पुष्पलाल पार्क, शहित स्मृती पार्क, लखन थापा मगर पार्क, नन्द भाउजु ताल, इलेफेन्ट पार्क कुन्जपार्क, बाहृकुने ईनार, हरियाली पार्क, बाँसघारी मन्दिर, ऐतिहासिक डिङ्गरकुवा, सुखौरा खोलाको ऐतिहाशिक कुवा, पेटरानी कुवा, विन्धवासीनी मन्दिर, रामजानकी मन्दिर, बुद्धपरियती, बिभिन्न गुम्बाहरु, करहियाको वोटानिकल गार्डेन, मन्द्राहनी ताल, कुवरवर्ती मन्दिर नजिक रहेको कुवा लगाएतका पार्क तथा ऐतिहाशिक कुवाहरुको विकासमा जोड दिईनेछ । यसै नगरपालिकाको ढाकेवासलाई समेत पर्यटक स्थलको रुपमा विकासको सम्भाब्यता अध्ययन गरिनेछ
- ठूला होटल तथा रिर्सोट निर्माण कार्यमा निजी लगानीकर्तालाई आकर्षित गरिनेछ ।
- सिक्सल्याण्ड राजमार्गको बिचभाग तथा दायाबाया भागलाई अत्यन्तै गुल्जार रमणीय बनाईनेछ ।

## १३. सुशासन तथा संस्थागत विकास

- सरकारी निकायहरुबाट जनतालाई उपलब्ध गराइने सेवा सुविधाको बिस्तृत विवरण समावेश भएको नागरिक बडापत्र तयार गरिनेछ ।
- नगरमा संचालित विकास निर्माण लगायत सबै कार्यक्रमको नियमित अनुगमन, प्रगति समीक्षा, समन्वयन बैठक, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण आदि जस्ता क्रियाकलापहरुको माध्यमबाट पारदर्शिता अभिबृद्धि गरिनेछ । भ्रष्टाचारमुक्त नगरपालिकाको घोषणा गरिनेछ ।

- नगरपालिका तथा वडा कार्यालयहरुबाट प्रवाह गरिने सेवा प्रणालीलाई अझ व्यवस्थित बनाउनका लागि कम्प्यूटरिकृत स्वचालित पद्धतिको अवलम्बन गर्दै लगिनेछ ।
- नगरपालिकाको लागि स्वीकृत दरबन्दीमा कर्मचारी पूर्ति गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।
- यस नगरपालिका र वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको मनोबल उच्च बनाई कार्यसम्पदनमा प्रभावकारिता ल्याउनका लागि नेपाल सरकारबाट तोकिएको शुरु तलब स्केलको ३० प्रतिशत अतिरिक्त भत्ता उपलब्ध गराउने नितीलाई निरन्तरता दिईनेछ ।
- कर्मचारीहरुलाई प्रोत्साहन गर्न कार्य सम्पादनका आधारमा पुरष्कृत गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- प्रभावकारी रुपमा सेवा प्रवाह गर्न कर्मचारीहरुलाई आवश्यक तालिम तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ
- जननिर्वाचित जनप्रतिनिधीहरुलाई आबश्यक तालीमको ब्यवस्था गरिनेछ ।

## १४. समावेशीकरण

- बालश्रम उन्मूलन तथा बाल अधिकारसँग प्रत्यक्ष सम्बन्ध राख्ने कार्यक्रमलाई अगाडि बढाइने छ । ज्येष्ठ नागरिको सम्मान कार्यक्रम आयोजना गरिनेछ ।
- ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापनाको लागि आवश्यक सहयोग पुऱ्याइनेछ ।
- विभिन्न लक्षित वर्गहरुको क्षमता अभिबृद्धिका लागि क्षमता अभिबृद्धि सम्बन्धी क्रियाकलापहरु कार्यक्रम सञ्चालन गरिनेछ ।
- सिमान्तकृत ब्यक्तिहरुको बसोबास क्षेत्रमा नगरस्तरिय बिशेष कार्यकम संचालन गरिनेछ ।
- दलित समुदायका परम्परागत पेशा ब्यबसायलाई आधुनिकरण गर्दै, आर्थिक आय आर्जनमा सहभागी बनाउन स्वरोगारयुक्त कार्यकम संचालन गरिनेछ ।

## १५ मानव संशाधन विकास

- नगरमा संचालन हुने कार्यक्रमहरुमा प्रभावकारीता ल्याउन गै.स.स. डेस्क सुदृढीकरण गरि नगरको विकास निर्माणमा गै.स.स.को भूमिका थप प्रभावकारी बनाउने कार्य गरिनेछ । यसको लागि गै.स.स. सँगको साझेदारीमा कार्यक्रम संचालन गरिनेछ ।
- जनतामा प्रवाह गरिने सेवालाई थप प्रभावकारी बनाउन सो कार्यमा संलग्न जनशक्तिको क्षमता विकास सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ । सहभागितात्मक योजना तर्जुमा पद्धतिलाई सबल बनाउन स्थानीय जनप्रतिनिधीहरुको क्षमता अभिबृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- योजनाहरुको कार्यान्वयन तथा व्यवस्थापन प्रणाली व्यवस्थित बनाउनका लागि उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजना कार्यान्वयन पूर्वनै आवश्यक तालिम प्रदान गरिनेछ ।
- योजना प्रक्रियामा बढीभन्दा बढी सहभागितामूलक बनाउने अभिप्रायले वडास्तरबाट सिफारिश भई आएका योजना कार्यक्रमलाई प्राथमिकता दिने नीति लिईनेछ ।
- पाँच लाख भन्दा माथिका योजनाहरुको सुरपरिवेक्षण तथा अनुगमन समिति वा सो समितिले गठन गरेको उपसमितिद्धारा अनुगमन गराई प्रतिवेदन दिए पश्चात भुक्तानी तथा फरफारक गर्ने नीति लिईनेछ ।
- नगर क्षेत्रमा पर्यटन प्रवर्द्धन गर्न भ्यूटावर निमार्ण कार्यको थालनी यसै आ.व.बाट शुरु गरिनेछ । तिलोत्तमा चक्रपथ निर्माणका लागि नेपाल सरकारमा अनुरोध गरिएकोमा कार्य प्रारम्भ समेत भईसकेको हुदा यस लाई निरन्तरता दिन सम्बन्धीत निकायमा अनुरोध गरिनेछ । साथै चक्रपथको मापदण्ड कायम गरिनेछ ।
- यसै आ.व.को प्रथम चौमासिकभित्र नगर गुरुयोजना तयार गर्ने कार्य सम्पन्न गरी नगर क्षेत्रको विकास पूर्वाधार निर्माण तथा व्यवस्थित शहरीकरणको लागि गुरुयोजना अनुसार विकास निर्माणका कार्यहरु कार्यन्वयन गर्दै लगिनेछ ।

- यस आ.व.का कार्यक्रम सञ्चालन गर्दा तोकिएको मापदण्ड बमोजिम तोकिएको समयमा नै योजना सम्पन्न तथा फरफारक गर्ने उपभोक्ता समितिलाई सूचकाङ्कहरु तयार गरी सम्मान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- अन्तराष्ट्रिय शहरहरु संग भगिनी सम्वन्ध विस्तार गर्ने निती अवलम्वन गरिनेछ ।

**१६. घर नक्सा पास :**

- यसै आ.व.बाट नगरपालिकामा सरकारी, गैरसरकारी तथा निजी घर, भवन निर्माण गर्ने निर्माण व्यवसायी र मिस्त्रीलाई निर्माण व्यवसायी समिति संगको सहकार्यमा भवन निर्माण सम्बन्धी तालिम प्रदान गरिनेछ ।
- यसै आ.व.बाट नगरपालिका क्षेत्र भित्र भवन निर्माण गर्ने निर्माण व्यावसायी नगरपालिकामा सूचिकृत भएको र नगरपालिका वा नेपाल सरकारबाट मान्यताप्राप्त संस्थाबाट वस्ति विकास तथा शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत मापदण्ड २०७२ को मापदण्ड बमोजिम तालिम प्राप्त व्याक्ति वा संस्थालाई मात्र स्वीकृती दिईनेछ ।
- यसै आ.व.बाट घर सम्पन्न प्रमाणपत्र प्रदान गर्दा घरको फोटो अनिवार्यरुपमा पेश गर्नुपर्ने व्यवस्था गरिनेछ ।
- नगरपालिका घोषणा हुनु भन्दा पहिले निर्माण भएका घरहरुले घरनक्सा अभिलेखीकरण वा नियमित गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ । घरनक्सा अभिलेखीकरणर नियमित गर्न तोकीएको राजश्व दिई २०७४ पौष मसान्तसम्म मात्र घरनक्सा अभिलेखीकरणर नियमित गर्न सकिनेछ ।
- नयाँ बन्ने ब्यपारीक तथा सामुदायिक प्रयोजनका "ख" वर्गका भवनहरुलाई सौर्य उर्जा प्रविधि जडान गर्न अनिवार्य गरिनेछ । अन्य प्रयोजनका जुनसुकै वर्गका भवनहरुलाई सौर्यउर्जा प्रविधि जडान गर्न प्रोत्साह गरिनेछ ।
- निर्माणको क्रममा रहेका वा अब नयाँ बन्ने भवनहरुलाई **"एक घर तिन विरुवा"**को नीति अवलम्वन गरिनेछ । त्यस्ता भवनलाई निर्माण सम्पन्न प्रमाण पत्र दिंदा सो व्यवस्थालाई अनिवार्य गरिनेछ । साथै बनी सकेका पुराना भवनलाई यो नीति अवलम्वन गर्न प्रोत्साहन गरिनेछ ।
- पुरानो घर नक्शा नियमित तथा अभिलेखिकरणको लागी प्रोत्साहन गरिनेछ ।
- समुदायको अग्रसरमा बस्ती विकासलाई प्रोत्साहित गरिनेछ । समुदायको अग्रसरतामा व्यवस्थित बस्ती विकास गर्न प्राविधिक तथा आर्थिक सहयोग प्रदान गरिनेछ ।
- यस नगरपालिका क्षेत्र भित्र पर्ने सिद्धार्थराजमार्गको दुवै किनारामा रहेका तथा नयाँ निर्माण हुने घरहरुको रङ एउटै कायम गराउनका लागि नगरपालिकाबाट रङ तोकी उक्त व्यवस्थालाई लागु गर्दै लगिनेछ ।
- सडक तथा भवन मापदण्ड २०७४ लागु गरिनेछ ।

**१७. राजश्व तथा वित्तिय व्यवस्था नीति**

- राजश्व अभिबृद्धि गर्नका लागी राजश्वको थप नया क्षेत्र पहिचान गरिनेछ ।
- नगरसभा बाट स्विकृत दर अनुसारको राजश्व संकलन गर्न नगरभित्र रहेका व्यवसायिक संस्थाहरुसंग सहकार्य गरिनेछ । सो राजश्व संकलन गरे वापत सम्वन्धित संस्थालाई नगरपालिकाको निर्णय अनुसार निश्चीत प्रतिशत रकम उपलब्ध गराईनेछ ।
- प्रत्येक पसलको हकमा मूल्य सूची राख्न लगाई ब्यवसायीहरुलाई बित्तिय अनुसासन कायम गराईने छ ।

प्रस्ताव नं. ३
५ नं. प्रदेश सम्बन्धमा ।

निर्णय नं. ३
संघीय संसदमा प्रस्तुत ५ नं. प्रदेश विखण्डन सहितको विवादित संविधान संशोधन विधयेक यस क्षेत्रका आम जनसमुदाय एबम् तिलोत्तमा नगरवासीहरुको चाहना र हित विपरित छ तसर्थ सदियौं देखिको सामाजिक सदभाव विथोल्ने गरी ल्याइएको उक्त विधयेक विरुद्धमा हामी सबै कटिबद्ध हुदै ५ नं. प्रदेशलाई अक्षुण राख्न यो नगरसभा जोडदार माग गर्दछ ।

प्रस्ताव नं. ४
दैविक प्रकोप सम्बन्धमा ।

निर्णय नं. ४.
क. हालै परेको अविरल वर्षादको कारणले तिलोत्तमा नगरपालिका लगाएत देशका विभिन्न स्थानमा व्यापक धनजनको क्षति भएको छ। दुखको यस घडीमा घट्नामा मृत्यु हुने सबैमा श्रद्धान्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा समबेदना व्यक्त गर्दछौ । साथै घाईतेहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दै पिडित पक्षलाई राहत स्वरुप तिलोत्तमा नगरप्रमुख विशेष राहतकोष स्थापना गर्दछ । उक्त कोषमा रकम जम्मा गर्न विभिन्न संघ संस्था तथा आम नगरवासीहरु एवम इच्छुक माहनुभावहरुलाई समेत यो सभा हार्दिक आह्वान गर्दछ ।

ख. नगर प्रमुख विशेष राहतकोषमा यस नगरसभाका सम्पूर्ण सदस्यहरुले प्रथम नगरसभा बैठकमा पाउने १ दिनको भत्ता रकम उक्त कोषमा जम्मा गर्ने सर्वसम्वत निर्णय गरियो ।

प्रस्ताव नं. ५
शान्ति सुरक्षा सम्बन्धमा ।

निर्णय नं. ५.
हाल देखिएका विभिन्न आपराधिक घटनाक्रमबाट तिलोत्तमा नगरवासीलाई समेत त्रासदी बनाएको छ। यो सभा शान्ति सुरक्षाको पूर्ण प्रत्यभुतिको लागि गृह प्रशासन तथा प्रहरी प्रशासन संग जोडदार माग गर्दै दोषि पत्ता लगाई हदै सम्मको कारवाही गर्न माग गर्दछ ।

# खण्ड-४

## नगर विकास योजना छनोटको आधार तथा सूचकहरु

## ४. नगर विकास योजना छनोटको आधार तथा सूचकहरु

### ४.१ योजना प्राथमिकीकरणका आधारहरु

- स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २०० र २०१ लाई मध्यनजर राखी देहायको आधारमा योजना प्राथमिकीकरण गरि योजना छनौट गर्ने गरिएको छ।
- इलाकास्तरीय गोष्ठी प्राथमिकताक्रम बमोजिम छनौट गरेको केन्द्रीयस्तरको योजनालाई जिल्ला परिषदले स्वीकृत गरि राष्ट्रिय योजना आयोग एवं बिषयगत मन्त्रालय/निकायमा सिफारिस साथ पठाउने निर्णय गरिएको छ।
- स्वच्छ वातावरण र स्वस्थ्य जनजीवनको लागि खानेपानी तथा सरसफाइको आवश्यकतालाई आत्मसात गर्दै खानेपानी सुविधा उपलब्ध गराउने र खुल्ला दिशामुक्त गा.वि.स.को कार्यक्रम तर्जुमा गर्ने।
- कृषि क्षेत्रको विकास विना ग्रामीण जनजीवनको जीविकोपार्जनमा कठीनाइ हुने हुँदा उत्पादनमा बृद्धि गर्ने, उत्पादनशील रोजगारको अवसरमा बृद्धि गर्ने र निर्वाहमुखी खेतीलाई व्यवसायिकता तर्फ उन्मुख गराउने गरि कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरि योजना तर्जुमा गर्ने।
- समतामुलक समाजको स्थापनाको लागि समाजमा रहेका दलित, गरिब, उपेक्षित, उतपिडीत, अपाङ्ग एवं अल्पसंख्यक समुदायको उत्थान गर्नु अति आवश्यक छ। त्यसै गरि जेष्ठ नागरिक, महिला तथा बालबालिकाको सम्बन्धमा पनि कार्यक्रम संचालन गर्नु पर्ने हुन्छ। सचेतना, सशक्तिकरण, सीपविकास एवं अन्य आर्जनका कार्यक्रमहरु सँगसँगै बालबालिका र सामाजिक सुरक्षाका कार्यक्रमहरुका लागि कार्यविधि निर्देशिकाले तोकेको रकम अनिवार्य रुपले प्रवाह गर्ने गरि कार्यक्रम संचालन गरिने।
- ग्रामिण क्षेत्रको विकासलाई ध्यानमा राखि स्थानीय निकायहरुमा अनुदानको प्रवाह बढीरहेको छ। त्यसप्रकार अनुदानको सहि सदुपयोगको लागि स्थानीय नागरिक समाज, राजनितीक दलका प्रतिनिधिहरु, गा.वि.स., न.पा. तथा जि.वि.स.का कर्मचारीहरको क्षमता विकास योजना उल्लेखीत कार्यक्रमहरु संचालनमा जोड दिने।
- मानव बेचबिखन तथा महिला हिंसा बिरुद्धका कार्यक्रमहरु HIV/AIDS, लागु औषध दुर्व्यवहार विरुद्धका कार्यक्रम संचालन गर्ने।
- पुर्वाधार निर्माण, आयआर्जन लगायतका काममा सम्भव भए सम्म उपभोक्ता समिति परिचालन गरि कार्य गराउन प्राथमिकता दिने, उपभोक्ता समितिबाट काम गराउदा सार्वजनिक लेखा परिक्षण गर्ने व्यवस्था मिलाउने।
- विकास आयोजनामा पुँजीगत खर्च गर्दा प्रति इकाइ लगतको आधारमा बढी उपलब्धी हुने गरि खर्च गर्ने व्यवस्था गर्ने। पूँजीगत अनुदान अन्तर्गत उपलब्ध गराइएको रकमबाट दातृ पक्ष सम्लग्न आयोजना /कार्यक्रमका लागि संझौता अनुसार मिलान कोष (Matching fund) का लागि प्रर्याप्त रकम छुट्याए मात्र अन्य कार्यक्रममा रकम विनियोजन गर्ने। सबै कार्यालयहरुले आ-आफ्नो बार्षिक कार्यक्रम र कार्य योजना प्रथम चौमासिक अवधि भित्र निर्माण गरिसक्ने र सबै बिषयगत योजना तथा कार्यक्रम र परियोजनाहरु मध्ये ३ लाख भन्दा बढी लागतका योजनाहरुको नाम, लागत, कार्य संचालन गर्ने निकायको नाम, ठेगाना, कार्य सम्पन्न पश्चात प्राप्त हुने उपलब्धी वा परिमाण सबै साधारणतया सरोकारवाला सबैले देख्ने गरि सार्वजनिक रुपमा राख्ने व्यवस्था मिलाउने। भौतिक संरचनाको एकीकरण र समायोजन गरिनेछ। मानव संशाधन विकासको लागि शिक्षा, स्वास्थ्य तथा खानेपानी, सरसफाइको क्षेत्रमा लगानी बढाइनेछ।

### ४.२ योजना छनौट गर्न निम्न सूचकहरुलाई आधार लिइएको छ।

| सि.नं. | सूचकहरु | प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | गरिबी न्यूनीकरणमा योगदान | २० | निम्न अंक प्राप्त गर्ने योजनालाई प्राथमिकताका आधारमा छनौट |
| २ | आवधिक जिल्ला विकास योजनाको प्राथमिकता | २० | |
| ३ | मानव विकास सूचक स्थित | १० | |

| | | | |
|---|---|---|---|
| ४ | लाभान्वित वर्ग मध्ये लक्षित वर्गको प्रतिशत | १० | गरिनेछ :<br><br>-८०% भन्दा बढी प्रथम प्रा.१<br>-६०% भन्दा बढी द्वितीय प्रा.२<br>-६०% भन्दा कम तृतिय प्रा.१ |
| ५ | आयोजनाको भौगोलिक विकटता | १० | |
| ६ | जनसहभागिताको अनुपात | १० | |
| ७ | क्रमागत योजना | १० | |
| ८ | स्थानीय श्रोत साधनको उपयोग | ५ | |
| ९ | बजेटको निश्चितता | ५ | |
| | जम्मा | १०० | |

**४.३ राष्ट्रिय योजना आयोगको निर्देशन**

**४.४ संघीय मामिला तथा स्थानीइ विकास मन्त्रालयको निर्देशन**

# खण्ड-५
## सहभागितात्मक योजना तर्जुमा प्रक्रिया

## ५. सहभागितात्मक योजना तर्जुमा प्रक्रिया

**क.मिति २०७३ साल पौष २६ गते सम्पन्न नगरपरिषदको प्रकृयाहरु**

### ५.१ सहभागितामूलक योजना तर्जुमा पद्धति तथा तरिका र योजना स्वीकृति र कार्यान्वयन प्रक्रिया

स्थानीय स्वायत्त शासन ऐन, २०५५ अनुसार नगरपालिकाको एउटा मुख्य काम नगरक्षेत्रभित्र संचालन गरिने विकाससँग सम्बन्धित नगर स्तरीय कार्यक्रमहरु तर्जुमा गरि स्वीकृतिको लागि नगर परिषदमा पेश गर्ने र सो कार्यक्रमहरुको परिषदबाट पारित भएपछि नगर विकास योजनाको रुपमा प्रकाशित गर्ने हो । उक्त योजनाहरुको तर्जुमा गर्नको लागि विभिन्न चरणहरु पार गर्नुपर्ने हुन्छ । सर्वप्रथम नगरका विभिन्न वडाहरुमा छलफल गरेर योजनाहरुको पहिचान गरि वडाहरुबाट आएको मागहरुलाई छलफल गरि प्राथमिकताको आधारमा छनौट गरि एकीकृत समिति हुँदै नगर परिषदमा पेश गरिन्छ । यससँगै नगरपरिषदबाट सम्बोधन नभएका योजनाहरु इलाका गोष्ठीमा प्राथमिकता तोकी जिल्ला परिषद र जिल्ला परिषद मार्फत केन्द्रीय योजनामा समावेशका लागि जिल्ला परिषदमा पठाइन्छ । सोही व्यवस्था अनुरुप यस नगरमा आगामी आ.ब. ०७४।०७५ को लागि योजना तर्जुमा विधिबारे तल उल्लेख गरिएको छ ।

### ५.२ नगरपालिका बैठक :-

स्थानीय स्वायत्त शासन ऐन तथा नियमावलीले निर्दीष्ट गरेको सहभागितामुलक विकास प्रक्रियाको अवधारणा अनुसार आ.ब. ०७४।०७५ को लागि बार्षिक नगर विकास योजना तर्जुमा गर्ने सन्दर्भ कार्यकारी अधिकृत श्री मोहन पौडेल ज्यूको अध्यक्षतामा पूर्व योजना तर्जुमा गोष्ठीको आयोजना गरियो जसमा विभिन्न राजनैतिक पार्टी प्रतिनिधिहरु, सरकारी तथा गैरसरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधि, न.पा.का वडा सचिवहरु तथा नगरपालिकाका कर्मचारीहरुको सहभागिता रहेको थियो । आ.व. ०७४।०७५ को बजेट सिलिङ्ग तथा मार्गनिर्देशनको बारेमा छलफल हुनुको साथै आगामी योजना तर्जुमा सम्बन्धि रणनीतिको बारेमा समेत छलफल एवं प्रस्तुती गरिएको थियो ।

गोष्ठीका सहभागिहरुलाई स्वागत तथा उद्देश्यमाथि प्रकाश पार्दै कार्यकारी अधिकृतज्यूले बिकेन्द्रिकरणलाई व्यवहारमा उतारी सबै विकाससँग सम्बन्धीत सरोकारवालाहरुको बीचमा आवश्यक समन्वय गरि जिल्लामा उपलब्ध श्रोत तथा साधनको अधिकतम उपयोग गर्न आवधिक जिल्ला विकास योजना, जिल्ला शिक्षा गुरुयोजना, नगर सडक गुरुयोजना समेतलाई आधार लिइ विकास निर्माण कार्यलाई पारदर्शी किसिमले अगाडि बढाउन सबै निकायले जिम्मेवार रहनुपर्ने बताउनु भएको थियो । कार्यक्रमको संचालन ना.सु. श्री सीता भण्डारी र राष्ट्रिय योजना आयोगबाट प्राप्त बजेट सिलिङ्ग तथा मार्ग निर्देशनको बारेमा लेखा अधिकृत श्री राजेन्द्र प्रसाद आचार्यले प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रममा नगरका काम गर्ने सबै संघ संस्थाहरका बीचमा समन्वय गरि नगरको विकास निर्माणको कार्यलाई अगाडि बढाउनु पर्ने साथै कार्यक्रम संचालनमा दोहोरो पना आउन नहुने र कसले कहाँ के कति काम कसरी गरिरहेको छ भन्ने कुराको अग्रिम जानकारी नगरपालिकालाई गराउनु पर्ने सम्बन्धमा व्यापक छलफल भएको थियो । कार्यक्रमलाई समापन गर्दै कार्यकारी अधिकृतज्यूले स्थानीय स्वायत्त शासन ऐन नियमको परिधिभित्र रही नगरमा उपलब्ध हुने श्रोत र सरकारबाट उपलब्ध गराइने श्रोतलाई प्राथमिकता प्राप्त योजनामा जनचाहना अनुरुप कार्यक्रम संचालन गरिने कुरा व्यक्त गर्दै नगरपालिका हालको अवस्थामा राजनैतिक पार्टहिरुको सहमतिमा काम गरिरहेको बताउनु भयो । कार्यक्रममा राजनैतिक दलका प्रतिनिधिज्यूहरुले जिल्लाको विकासलाई प्राथमिकताको आधारमा अगाडि बढाउनका साथै एकद्वार प्रणाली अनुरुप सबैले पारदर्शी हिसाबले काम गर्ने सम्बन्धमा छलफल गर्नु भएको थियो ।

**नगरपालिका बैठकको निर्णय**

आ.ब. ०७४।०७५ को लागि बार्षिक नगर विकास योजना तर्जुमा गर्ने सम्बन्धमा योजना तर्जुमा प्रक्रियाका चरणहरुलाई निम्न कार्यक्रम अनुसार संचालन गर्ने ।

- बस्तीस्तरको भेला मंसिरको अन्तिम हप्तासम्म सम्पन्न गर्ने ।
- वडास्तरीय योजना तर्जुमा पौषको दोस्रो हप्तासम्म सम्पन्न गर्ने ।
- समयमै नगरपरिषद पौष मसान्तसम्म गर्ने र केन्द्रिय र जिल्लास्तरका योजना पारित गरि इलाका स्तरीय गोष्ठीमा प्रस्तुत गर्ने ।

### ५.३ बस्तीस्तरको योजना तर्जुमा :

विभिन्न मितिमा संयुक्त वडा सचिवहरुको अध्यक्षमा वडा भेला सम्पन्न गरियो । जसमा राजनितिक पार्टी प्रतिनिधिहरु, सम्बन्धित बिषय क्षेत्रका कार्यालय प्रमुख, गै.स.स. प्रतिनिधि, नगरपालिकाका प्रतिनिधि, सामाजिक परिचालक लगायतको सहभागिता रहेको थियो । कार्यक्रममा वडा सचिवले आगामी बर्षको प्रस्तावित सिलिङ्ग प्रस्तुत गर्नुका साथै सो कार्यक्रम तर्जुमाका निम्न प्रक्रियाबारे सहभागिहरुलाई जानकारी दिनुभएको थियो ।

१. योजना छनौट गर्ने प्राथमिकताहरु
२. योजना छनौट गर्ने आधारहरु
३. रा.यो.आयोग, मन्त्रालय, जिल्ला विकास समितिको निर्देशन, मार्गदर्शनहरु
४. भर्नुपर्ने फारामहरु र भर्ने तरिका
५. सकेसम्म सर्वसम्मत निर्णय गर्ने, सर्वसम्मत नभए बहुमत सहभागिको मतका आधारमा पारित हुने आदि । गोष्ठीले बिषयगत समितिबाट आएका प्रस्तावहरुलाई पारित गरि थप सुझाव दिएको थियो । यस भेलाबाट पारित योजनाको विवरण अनुसूचि मा रहेको नमुना बमोजिम निर्णय गरि राखिएको छ ।

### ५.४ वडा स्तरीय योजना तर्जुमा गोष्ठी

बस्ती स्तरका योजना छनौट भइ आएका योजनाहरुलाई तपशिल बमोजिम वडा स्तरमा छलफल गरि वडास्तरीय योजना तर्जुमा छनौट गरियो । छनौट गरिएका योजनाहरुको विवरण अनुसूचि मा राखिएको छ ।

| क्र.सं. | वडा नं. | उपस्थित संख्या | मिति | स्थान |
|---|---|---|---|---|
| १ | १ | ८० | २०७३।९।१० | सिद्धार्थ प्रा. वि. बेलको रुख |
| २ | २ | १६५ | २०७३।९।१० | संयुक्त वडा कार्यालय शंकरनगर |
| ३ | ३ | १५४ | २०७३।९।११ | दुर्गा मन्दिर पन्ध्र विगाहा |
| ४ | ४ | १४३ | २०७३।९।१२ | डिङ्गरनगर आमा समुह भवन |
| ५ | ५ | १६९ | २०७३।९।१३ | दुर्गा पञ्चाङ्ग मन्दिर देविस्थान |
| ६ | ६ | ६५ | २०७३।९।१० | गिर्वाण सस्कृत मा.वि. |
| ७ | ७ | २५ | २०७३।९।११ | संयुक्त वडा कार्यालय आनन्दवन |
| ८ | ८ | ४२ | २०७३।९।१२ | मगर संघको भवन कुन्जलापुर |
| ९ | ९ | ६२ | २०७३।९।१० | भलवार दुर्गा मन्दिर |
| १० | १० | ३७ | २०७३।९।११ | संयुक्त वडा कार्यालय करहिया |
| ११ | ११ | ९९ | २०७३।९।१२ | ज्योति नि.मा.वि. ४ नम्बर |
| १२ | १२ | ५३ | २०७३।९।१३ | संयुक्त वडा कार्यालय करहिया |
| १३ | १३ | ५० | २०७३।९।१० | कान्छी बजार |
| १४ | १४ | ५९ | २०७३।९।११ | कालिका सामुदायिक वनको भवन |
| १५ | १५ | ३२ | २०७३।९।१२ | संयुक्त वडा कार्यालय, मक्रहर |
| १६ | १६ | ७८ | २०७३।९।१३ | कटानी बजार |
| १७ | १७ | ७७ | २०७३।९।१० | जनता मा.वि. तिनधुरे |
| १८ | १८ | ५५ | २०७३।९।११ | संयुक्त वडा कार्यालय, टिकुलीगढ |
| १९ | १९ | ८८ | २०७३।९।१२ | सरस्वती नि.मा.वि. तिजपुर |
| २० | २० | ६४ | २०७३।९।१० | संयुक्त वडा कार्यालय, मधवलिया |
| २१ | २१ | ४१ | २०७३।९।११ | संयुक्त वडा कार्यालय, मधवलिया |
| २२ | २२ | ३८ | २०७३।९।१० | बालविकास नि.मा.वि, पिप्रहिया |
| २३ | २३ | ९६ | २०७३।९।११ | बरौलिया मा.वि., बरौलियाडाडा |
| २४ | २४ | ३६ | २०७३।९।१२ | प्रगति बालविकास केन्द्र ठठैरिहवा |

## ५.५ एकीकृत योजना तर्जुमा गोष्ठी

मिति २०७३ पौष २४ गतेका दिन कार्यकारी अधिकृत श्री मोहन पौडेलको अध्यक्षतामा एकिकृत योजना तर्जुमा गोष्ठी सम्पन्न गरियो । जसमा राजनीतिक पार्टी प्रतिनिधिहरु, सम्बन्धीत बिषय क्षेत्रका कार्यालय प्रमुख, गै.स.स. प्रतिनिधि, जि.वि.स. कर्मचारी गरि जम्मा ४१ जना महानुभावहरुको सहभागिता रहेको थियो । कार्यक्रममा गैर सरकारी संस्था तथा सरकारी कार्यालयहरुले आगामी बर्षको प्रस्तावित कार्यक्रममा प्रस्तुत गर्नुका साथै सो कार्यक्रम माथि छलफल गरिएको थियो । कार्यक्रममा बिषयगत समितिबाट छलफल भई आएका प्रस्तावहरुलाई प्रस्तुत गरि सो माथि छलफल भएको थियो । गोष्ठीले बिषयगत समितिबाट आएका प्रस्तावहरुलाई पारित गरि थप सुझाव दिएको थियो ।

## ५.६ नगरपालिका बैठक

नगरपालिकाको बैठक कार्यकारी अधिकृत श्री मोहन पौडेलज्यूको अध्यक्षतामा मिति २०७३।९।२५ मा सम्पन्न गरियो । नगरपालिकाका कर्मचारीहरुको समेत सहभागिता रहेको यस कार्यक्रममा बिषयगत कार्यक्रम तथा एकीकृत योजना तर्जुमा समितिबाट आएका प्रस्तावित कार्यक्रम तथा निर्णयहरुको बारेमा छलफल गरिएको थियो । नगरपालिकाबाट आगामी बर्षमा संचालन गरिने योजना तथा कार्यक्रमहरुको छनौट गरिनुका साथै नगरपालिकाको आय-व्यय माथि छलफल तथा संशोधन गरि नगर परिषदमा पेश गर्ने गरि बैठक समापन भएको थियो ।

## ५.७ नगरपरिषद

तिलोत्तमा नगरपालिकाको चौथो नगर परिषद मिति २०७३।०९।२६ गतेका दिन कार्यकारी अधिकृत श्री मोहन पौडेल ज्यूको अध्यक्षतामा बस्यो । कार्यक्रममा प्रमुख अतिथि नेपाल सरकारका माननीय रक्षामन्त्री श्री बालकृष्ण खाण, राजनैतिक दलका नगरस्तरीय प्रतिनिधिहरु, सरकारी तथा गैरसरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु, वडा नागरिक मञ्चका सदस्यहरु, पत्रकार, विभिन्न संघ संगठनका प्रतिनिधिहरु, वडा सचिवहरु, नगरपालिका तथा अन्य कार्यालयका कर्मचारी गरि जम्मा २०५ जना व्यक्तिहरुको सहभागिता रहेको थियो । कार्यक्रमको उदघाटन प्रमुख अतिथि नेपाल सरकारका माननीय रक्षामन्त्री श्री बालकृष्ण खाणज्यूबाट भएको थियो । उक्त कार्यक्रमको संचालन ना.सु. श्री सीता भण्डारीले संचालन गर्नुभएको थियो भने आगन्तुक अतिथि महानुभावहरुलाई स्वागत मन्तव्य लेखा अधिकृत श्री राजेन्द्र प्रसाद आचार्यले गर्नुभएको थियो । कार्यकारी अधिकृत श्री मोहन पौडेलले आगामी आ.ब.०७४।०७५ को प्रस्तावित बार्षिक बजेट नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको थियो । परिषदको कार्यक्रममा जिल्ला स्थित राजनितीक पार्टीका प्रतिनिधि ज्यूहरु लगायत अन्य अतिथीज्यूहरुले शुभकामना मन्तव्य दिनुभएको थियो । कार्यक्रमको अन्तमा कार्यकारी आधिकृतज्यूले सबै राजनीतिक पार्टीहरुबाट प्राप्त सहयोगको लागि धन्यवाद दिदै चौथो नगरपरिषदको समापन गर्नुभएको थियो ।

**ख.२०७४ साल श्रावण ३१ र ३२ गते सम्पन्न नगरसभाका प्रकृयाहरु:**

१. **राजश्व परामर्श समितिको बैठक:** नगर उप प्रमुख श्री जगेश्वर देवी चौधरीको अध्यक्षतामा मिति २०७४ साल श्रावण १७ गतेका दिन राजश्व परामर्श समितिको बैठक वसी २०७३ पौष २६ गते सम्पन्न चौथो नगरपरिषदबाट पारित दररेटमा शीर्षकगत छलफल गरी केहि शीर्षकहरुमा सामान्य परिवर्तन गरी आ.व. ०७४।०७५ मा लागु गरिने कर दस्तुर, शेवा शुल्क स्वीकृतिका लागि नगर सभामा सिफारिस गर्ने निर्णय भएको थियो ।

२. **श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठक:** मिति २०७४ साल श्रावण २० गतेका दिन नगर प्रमुख श्री बासुदेव घिमिरेको अध्यक्षतामा श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठक बसी आ.व. ०७४।०७५ को योजना तर्जुमा गर्नका लागि प्रत्येक वडाहरुलाई गत परिषदबाट स्वीकृत भएका योजना तथा कार्यक्रमहरु यथावत हुने गरी थप ५०,००,०००।– (रु. पचास लाख मात्र) को बजेट शिलिङ तोकि योजना छनौट प्रकृया एवम मार्गदर्शन पठाउने निर्णय भएको थियो ।

## मार्ग दर्शनहरु

### क. योजना तर्जुमाका आधारहरु

- नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची,
- नेपालको संविधानमा उल्लिखित मौलिक हकहरु,
- नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग, वातावरण संरक्षण सर्मबिन्ध नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्य प्रणाली,
- नेपाल सरकारको स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतिकरणको प्रतिवेदन,
- संघिय तथा प्रदेश सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- संघिय सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तिय नीतिहरु,
- स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु,
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु,
- स्थानीय शासन संचालन ऐन र नियमावलीका प्रावधानहरु,
- स्थानीय तहका आवधिक योजनाहरु, क्षेत्रगत नीति, रणनीति, योजना तथा अध्ययन प्रतिवेदनहरु,
- विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास, वाल मैत्री स्थानीय शासन, वातावराण मैत्री स्थानीय शासन, पुर्ण सरसफाई, उर्जा संकट लगायतका अन्तर सम्बन्धित विषयहरु,
- स्थानीय तहको मध्यकालिन खर्च संरचना अनुरुप प्राथमिकतामा परेका कार्यक्रकहरु,
- स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरु ।

### ख. आयोजना/कार्यक्रम प्राथमिकिकरणका आधारहरु

- आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,
- उत्पादनमूलक र छिटो प्रतिफल दिने (ठुला आयोजनाहरुको हकमा बढिमा ३ वर्ष भित्र सम्पन्न हुने)
- राजश्व परिचालनमा योगदान पुऱ्याउने,
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने,
- स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागिताका अभिवृद्धि गर्ने,
- लैङ्गिक समानता, सामाजिक सकावेशीकरणको अभिवृद्धि गर्ने,
- दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुऱ्याउने,

- समुदायलाई विपद तथा जलवायु परिवर्तन उत्थानशिल बनाउने,
- स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने,
- एक आर्थिक बर्षभित्र सम्पन्न हुन सक्ने योजनाहरु ।
- निर्माणाधिन तथा अधुरा योजनाहरु ।
- आर्थिक तथा प्राबिधिक पक्षबाट कार्यान्वययन योग्य योजनाहरु ।
- जनतालाई प्रत्यक्ष फाईदा पुग्ने, रोजगार पर्बद्धन हुने र आयमुलक योजनाहरु ।
- कृषि उत्पादन बृद्धि गर्न सघाउने योजनाहरु ।
- स्थानीय साधन, स्रोत, सिप र क्षमताको परिचालनबाट संचालन हुनसक्ने योजना तथा कार्यक्रमहरु ।
- स्थानीय बासिन्दाको बढि भन्दा बढि श्रम तथा सहभागिता जुट्न सक्ने योजनाहरु ।
- जनताको जीवनस्तर उठाई गरीवी निवारणमा सहयोग पुर्‍याउने योजनाहरु।
- कम लागत तथा बढि जनसहभागिता प्राप्त हुने योजनाहरु ।
- महिला, दलित, जनजाती, मधेशी, मुस्लिम, पिछडाबर्ग, बालबालिकाहरुलाई प्रत्यक्ष लाभ हुने योजनाहरु ।
- वातावरणमा नकारात्मक असर नपर्ने एबं वातावरणिय संरक्षण तथा विकासमा सहयोग पर्‍याउने योजनाहरु
- स्थानीय गैर सरकारी संघसंस्थाहरुसंग समन्वय गरी साझेदारीमा संचालन गर्न सकिने योजनाहरु ।
- स्थानीय तहले आवस्यक देखेर अन्य विषयहरु ।

## ग. बस्ती/टोल स्तरबाट आयोजना/कार्यक्रम छनौट

- वडा समितिले आयोजना/कार्यक्रम छनौट गर्नु पूर्व छनौटको ढाँचा तय गर्नुपर्नेछ ।
- वडा समितिले वस्तीस्तरको आयोजना/कार्यक्रम छनौटको ढाँचा तय गर्दा वडा भित्रका बस्तिहरुलाई भौगोलिक अवस्थिती, जनसंख्या, यातायातको सुविधा लगायतका आधारमा क्लस्टर निर्माण गरि सबै नागरिकलाई योजना छनौटको बस्ती स्तरीय भेलामा सहभागी हुने व्यवस्था मिलाउनु पर्नेछ ।
- वस्ती/टोलस्तरको आयोजना/कार्यक्रम छनौटका लागि वडा सदस्यको नेतृत्वमा टोली परिचालन गर्नु पर्नेछ ।
- वस्ती/टोलस्तरको आयोजना/कार्यक्रम छनौट गर्दा वालवालिका, महिला, आदिवासी/जनजाती, मधेसी, दलित, अपांग, सीमान्तकृत, पिछडावर्ग लगायत सबै समुदायको अर्थपुर्ण उपस्थिती हुने व्यवस्था मिलाउनु पर्नेछ ।
- वस्ती/टोलस्तरको आयोजना/कार्यक्रम छनौटमा नागरिक समाजका संस्थाहरु महिला/आमा समुहहरु, वालक्लवहरु, स्थानीय गैर सरकारी संस्थाहरु, सहकारी संस्थाहरु जस्ता स्थानीय संघ संस्थाहरुको सक्रिय सहभागिता गराउनु पर्नेछ ।
- वस्तीस्तरमा छनौट भएका आयोजना/कार्यक्रमहरुको सूची तयार गरि वडा समितिमा पेश गर्नु पर्नेछ ।

## घ. वडा स्तरीय आयोजना/कार्यक्रमहरुको प्राथमिकिकरण

- वडा समितिले नगरपालिकाबाट प्राप्त आयोजना/कार्यक्रमहरुको प्राथमिकिकरण मापदण्डको आधारमा टोल/बस्तीस्तरबाट प्राप्त आयोजना/कार्यक्रमहरुलाई विषयक्षेत्र समेत छुट्टाई प्राथमिकिकरण गरी वजेट तथा कार्यक्रम तर्जुमा समितिमा सिफारिस गरि पठाउनु पर्नेछ ।

## ङ. आयोजना/कार्यक्रमहरुको लागत साझेदारी सम्वन्धी व्यवस्था

- सडक कालोपत्रे योजनामा ५० प्रतिशत उपभोक्ताको लागत सहभागीता हुनु पर्ने ।
- सडक ग्राभेल योजनामा २० प्रतिशत उपभोक्ताको लागत सहभागीता हुनु पर्ने ।
- पूर्वाधार निर्माण योजनामा १५ प्रतिशत उपभोक्ताको लागत सहभागीता हुनु पर्ने ।

तालीम, गोष्ठि जस्ता सफ्टवेयर सम्वन्धी कार्यक्रममा २० प्रतिशत संघ संस्थाको लागत सहभागीता हुनु पर्ने ।

३. **विषयगत समितिको बैठकः** मिति २०७४ साल श्रावण २८ गतेका दिन तिलोत्तमा नगरपालिकाका नगर प्रमुख श्री बासुदेव घिमिरेको अध्यक्षतामा विषयगत समितिको बैठक वसी उक्त समितिहरुबाट प्राप्त भएका सुझावहरु समेतलाई समावेश गरी नगर कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय भएको थियो ।

४. **बजेट तथा कार्यक्रम तर्जुमा समितिः** मिति २०७४ साल श्रावण २८ गतेका दिन तिलोत्तमा नगरपालिकाका नगर प्रमुख श्री बासुदेव घिमिरेको अध्यक्षतामा बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक वसी विभिन्न वडाबाट प्राप्त भएका नीति तथा कार्यक्रमहरु माथि छलफल गरी उक्त कार्यक्रमहरुमा समावेस हुन छुटेका योजना तथा कार्यक्रमहरुका बारेमा छलफल गरी त्यस्ता योजना तथा कार्यक्रमहरुलाई समेत समावेश गर्न नगरसभामा सिफारिस गर्ने निर्णय भएको थियो ।

**५. नगर कार्यपालिकाको बैठकः**

मिति २०७४ साल श्रावण २८ गतेका दिन नगर प्रमुख श्री बासुदेव घिमिरे ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक वसी तपसिल बमोजिमको प्रस्तावहरुमा छलफल तथा नगर सभामा पेश गर्ने निर्णय भएको थियो ।

क. नगरसभा संचालन कार्यविधि पारित
ख. नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण नियमावली पारित
ग. विनियोजन ऐन पारित
घ. आर्थिक ऐन पारित
ङ. भवन तथा सडक मापदण्ड पारित
च. दैविक प्रकोप व्यवस्थापनमा बजेटको व्यवस्था गर्न समिति गठन
छ. नीति तथा कार्यक्रम माथि छलफल सम्पन्न
ज. अन्य विविध

मिति २०७४ साल श्रावण ३० गतेका दिन नगर प्रमुख श्री बासुदेव घिमिरे ज्यूको अध्ययक्षमा नगर कार्यपालिकाको बैठक वसी नगरपालिकाको आर्थिक ऐन र विनियोजन ऐनको बारेमा छलफल गरिएको थियो ।

३२ गतेको उपस्थिती

प्रस्ताव नं. १
आर्थिक ऐन सम्बन्धमा ।

निर्णय नं. १
यस नगरपालिकाको लागि आ.व. ०७४।०७५ का लागि तपसिल बमोजिमको आर्थिक ऐन पास गर्ने निर्णय गरियो ।

**प्रस्तावनाः**
नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम नगरपालिका सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नामः तिलोत्तमा नगरपालिकाको "आर्थिक ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२ . **सम्पति करः** नगरपालिकाका क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकिकृत सम्पत्ति कर /घरजग्गा कर लगाईने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाईने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाईने र असूल उपर गरिनेछ ।

६. **सवारी साधन करः** नगरपालिकाका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) कमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

७. **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (७) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोहि अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाईने र असुल उपर गरिनेछ ।

९. **सेवा शुल्क, दस्तुर** : नगरपालिकाकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि ८ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिका व्यवस्था भए अनुसार शुल्क लगाईने र असूल उपर गरिनेछ ।

१०. **अन्य शुल्कः** पर्यटन शुल्क, ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र्‍याफ्टीङ्ग शुल्क, पार्किङ शुल्क, जडीबुटी, कवाडी र जीवजन्तु कर, मनोरन्जन कर जस्ता कर दस्तुर तथा शुल्कहरु लगाउन आवश्यक ठानेमा नगर कार्यपालिकाको बैठकबाट निर्णय गरी लागु गर्न सकिने छ । तर त्यस्ता करदस्तुर तथा शुल्क सम्बन्धी कार्यपालिकाबाट भएको निर्णय नगर सभा बसेको पहिलो बैठकबाट अनुमोदन गर्नु पर्नेछ, अनुमोदन नभएमा सो निर्णय स्वतह निस्कृय भएको मानिनेछ ।

११. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन । तर निम्न बमोजिमको व्यवसाय तथा सिफारिसमा भने छुटदिन वाधा पर्ने छैन ।
क. अपाङ्ग तथा एकल महिलाले कुनै उद्योग व्यवसाय संचालन गरेमा लाग्ने दरस्तुरमा ५०% छुट दिने
ख. सामुदायिक विद्यालय संग सम्बन्धीत सिफारिसमा लाग्ने दस्तुर छुट दिने ।
ग. नेपाल सरकारले अनुदान दिने स्वास्थ्य उपचार संग सम्बन्धीत सिफारिसमा लाग्ने दस्तुर छुट दिने
घ. अपाङ्गता तथा दलित सम्बन्धी सामान्य सिफारिसमा लाग्ने दस्तुर छुट दिने
ङ. कुनै कृषि व्यवसायलाई दर्ता र नविकरण गर्दा नगरपालिकामा लाग्ने करमा ५० प्रतिशत छुट दिने

१२. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ ।

**अनुसूची १**

**आ.व. २०७४।०७५ का लागि सम्पत्ति कर तथा घरजग्गा करका दररेटहरुको विवरण**

| क.स | विवरण | आ.व. ०७४।०७५ का लागि दर रेट | कैफियत |
|---|---|---|---|
| १ | **घर धुरी कर** | | |
| | *घर कर तर्फ निम्न दस्तुरहरु लिइने छ :* | | |
| | क. साधारण फुसको छानो भएको घर कर | रु. १०।- | |
| | ख. इटाको गारो टीन वा टायलको छानो भएको घर कर | रु. २५।- | |
| | ग. एक तले पक्की घर कर | रु. १००।- | |
| | घ. सो भन्दा माथि प्रति तल्ला थप | रु. १००।- | |
| | ङ. घर वहालमा दिने घर धनी संग घर बहालकर मुल्याङ्कनको २ प्रतिशत र जग्गा भाडामा लगाउनेका लागि मुल्याङ्कनको १ प्रतिशत जग्गा वहाल कर लाग्ने छ । | | |

**अनुसूची २**

**आ.व. २०७४।०७५ का लागि भुमिकर (मालपोत) का दररेटहरुको विवरण**

| क.स | विवरण | आ.व. ०७४।०७५ का लागि दर रेट | कैफियत |
|---|---|---|---|
| २ | **भुमिकर (मालपोत)** | | |
| | यस न.पा. क्षेत्र भित्रका जग्गामा प्रतिकट्ठा निम्न अनुसार मालपोत लिइनेछ । | | |
| | क. १० धुर सम्म | रु. २०।- | |
| | ख. १० धुर भन्दा माथि प्रति कट्ठा रु | रु. ३०।- | |
| | ग. विगतको बक्यौतामा प्रति वर्ष २० प्रतिशत जरिमाना लिईनेछ । | | |

**अनुसूची ३**

**आ.व. २०७४।०७५ का लागि घरबहाल करका दररेटहरुको विवरण**

| क्र.स | विवरण | आ.व. ०७४।०७५ का लागि दर रेट | कैफियत |
|---|---|---|---|
| १. | **ब्यावसायीक घर बहाल करको लागि मुल्याङ्कन** | | |
| | (क) सिद्धार्थ राजमार्गमा प्रतिमहिना प्रतिकोठा/ शटरको मुल्याङ्कन | रु ४०००।- | |
| | (ख) सिद्धार्थ राजमार्ग संग जोडिएको भित्री सडकमा प्रतिमहिना प्रतिकोठा/ शटरको मुल्याङ्कन | रु २०००।- | |
| | (ग) सो भन्दा बाहिर | रु १०००।- | |
| २. | **आवासिय घर बहाल करको लागि मुल्याङ्कन** | | |
| | क. माथी उल्लेखित (क) क्षेत्रभित्रका प्रतिकोठा | रु २०००।- | |
| | ख. माथी उल्लेखित (ख) क्षेत्रभित्रका प्रतिकोठा | रु १५००।- | |
| | ग. माथी उल्लेखित (ग) क्षेत्रभित्रका प्रतिकोठा | रु १०००।- | |

**अनुसूची ४**

**आ.व. २०७४।०७५ का लागि सिफारिस गरिएका व्यवसाय करका दररेटहरुको विवरण**

| क्र.स | विवरण | आ.व. ०७४।०७५ का लागि दर रेट | कैफियत |
|---|---|---|---|
| १. | **ब्यवसाय कर** | | |
| | यस नपा.को क्षेत्र भित्रका निम्न किसिमका ब्यवसाय गर्ने ब्यापारी वा ब्यवसायीले आफुलाई लागेको कर ऐन नियमानुसार वार्षिक रुपमा न.पा. बुझाउनु पर्नेछ। | | |
| क. | **ब्यापार कर** | | |
| | निम्न किसिमका ब्यापार ब्यवसायमा निम्न बमोजिम वार्षिक कर लिईनेछ । | | |
| १) | **मदिरा पसल** | | |
| | क) वितरक (डिलर) | रु. ५३००।- | |
| | ख) थोक वितरक | रु. ३२००।- | |
| | ग) खुद्रा विक्रेता | रु. २१००।- | |
| २) | **सूर्तिजन्य** | | |
| | क) वितरक (डिलर) | रु. ५३००।- | |
| | ख) थोक वितरक | रु. ३२००।- | |
| | ग) खुद्रा विक्रेता | रु. ११००।- | |
| ३) | **हल्का पेयपर्दाथ** | | |
| | क) थोक वितरक | रु. ३०००।- | |
| | ख) खुद्रा विक्रेता | रु. १०००।- | |
| ४) | **सुनचाँदी पसल** | | |
| | **क. ठुला** | रु. ५०००।- | |
| | **ख. मझौला** | रु. ३०००।- | |
| | **ग. साना** | रु. २०००।- | |
| ५) | **औषधी पसल** | | |

| | | | |
|---|---|---|---|
| | क) उत्पादक | रु. ५०००।- | |
| | ख) वितरक थोक | रु. ३०००।- | |
| | ग) खुद्रा पसल डाक्टर भएको | रु. २०००।- | |
| | घ) खुद्रा पसल डाक्टर नभएको | रु. १०००।- | |
| ६) | **आर्युवेदिक औषधी** | | |
| | क) उत्पादक | रु. २०००।- | |
| | ख) वितरक | रु. १०००।- | |
| | ग) खुद्रा | रु. ५००।- | |
| ७) | **एग्रोभेट पसल** | | |
| | क. थोक (कृषि जन्य विउ विजन, औषधी तथा अन्य सामाग्री) | रु. २०००।- | |
| | ख. खुद्रा (कृषि जन्य विउ विजन मात्र) | रु. १०००।- | |
| ८) | **स्टेशनरी पसल** | | |
| | क. थोक | रु. २५००।- | |
| | ख. खुद्रा | रु. १५००।- | |
| ९) | **कस्मेटिक पसल** | | |
| | क. थोक | रु. ३०००।- | |
| | ख. खुद्रा | रु. १०००।- | |
| **१०)** | **क. मोटर पार्टस तथा बोडि विल्डर्स सामाग्री** | रु. ३०००।- | |
| | **ख. मोटर साइकल वर्क्स सप** | रु. १५००।- | |
| ११) | **लुब्रिकेशन सेक्सन तर्फ** | | |
| | क. थोक | रु. ३०००।- | |
| | ख. खुद्रा | रु. २०००।- | |
| १२) | **पलाइ तथा ग्लास हाउस** | | |
| | क. थोक | रु. २०००।- | |
| | ख. खुद्रा | रु. १५००।- | |
| १३) | **कपडा तथा फेन्सी पसल** | | |
| | **कपडा पसल** | | |
| | क. थोक | रु. ४०००।- | |
| | ख. खुद्रा | रु. ३०००।- | |
| १४) | **व्याग हाउस** | | |
| | क. थोक | रु. २०००।- | |
| | ख. खुद्रा | रु. १०००।- | |
| १५) | **धागो, टाक, चुडी, श्रीङगार पुजा सामाग्री पसल** | | |
| | क. थोक | रु. २०००।- | |
| | ख. खुद्रा | रु. १०००।- | |
| १६) | **ईलेक्टोनिक पसल** | | |
| | क. थोक | रु. ४०००।- | |
| | ख. खुद्रा | रु. ३०००।- | |
| | ग. घडी रेडियो आदी | रु. १०००।- | |
| | घ. अडियो भिडीयो | रु. ८००।- | |
| १७) | **विद्युत सामाग्रि पसल** | | |
| | क. थोक | रु. ५०००।- | |
| | ख. खुद्रा | रु. २५००।- | |

| | | | |
|---|---|---|---|
| १८) | **हार्डवयर, मेशिनरी, पेन्टस, सेनेटरी, मार्वल पसल** | | |
| | क. थोक | रु. ५०००।- | |
| | ख. खुद्रा | रु. ३०००।- | |
| १९) | **पेट्रोलियम पदार्थ** | | |
| | क. ३ पम्प वा माथी | रु. ५०००।- | |
| | ख. २ पम्प (डिलर समेत) | रु. ३०००।- | |
| | ग. १ पम्प | रु. २०००।- | |
| | घ. पेट्रोलियम पदार्थ सव् डिलर | रु. २०००।- | |
| | ङ. पेट्रोलियम पदार्थ डिलर नभएको (फुटकर) | रु. १०००।- | |
| | च. मट्टीतेल मात्र विक्री | रु. १०००।- | |
| | छ. ग्यास सिलिण्डर डिलर | रु. २०००।- | |
| २०) | **स्टिल आल्मुनियम पसल** | | |
| | क. थोक | रु. ५०००।- | |
| | ख. खुद्रा | रु. १५००।- | |
| २१) | **फर्निचर्स पसल** | | |
| | क. थोक | रु. ३०००।- | |
| | ख. खुद्रा | रु. २०००।- | |
| २२) | **सवारी साधन एजेन्सी तथा विक्री पसल** | | |
| | क. बस, ट्रक, ट्याक्टर, जिप, कार, भ्यान डिलर | रु.१०,०००।- | |
| | ख. मोटरसाईकल डिलर | रु.९,०००।- | |
| | ग. मोटरसाइकल तथा अन्य सवारी साधनको डिलर स्वदेशी | रु. २०००।- | |
| | घ. साइकल डिलर | रु. १०००।- | |
| | ङ. रि-कन्डिसन हाउस | रु. १०००।- | |
| | च. टायर डिलर | रु. १०००।- | |
| | छ. पम्प सेट जेनेटर डिलर | रु. १०००।- | |
| | ज. विविध विषयका सामान सप्लायर्स तथा एजेन्सीहरु | रु. २५००।- | |
| | झ. ढुवानी तथा ट्रान्सपोर्ट | रु. २०००।- | |
| | ञ. सस्थागत पेन्टर्स | रु. ५०००।- | |
| २३) | **दैनिक उपभोग्य वस्तु** | | |
| | क. खाद्य सप्लायर्स | रु. ३०००।- | |
| | ख. गल्ला थोक | रु. २५००।- | |
| | ग. खाद्यन्न किराना थोक | रु. २०००।- | |
| | घ. खाद्यन्न किराना खुद्रा | रु. १५००।- | |
| | ङ. साना किराना पसल | रु. ५००।- | |
| | च. आलु पियाज लसुन थोक | रु. २५००।- | |
| २४) | **फलफुल पसल** | | |
| | क. थोक | रु. ३०००।- | |
| | ख. खुद्रा | रु. १५००।- | |
| | ग. ठेला | रु. १०००।- | |
| २५) | **हरियो तरकारी पसल** | | |
| | क. थोक | रु. २०००।- | |
| | ख. खुद्रा | रु. ५००।- | |
| २६) | **सुति कपडा पसल** | | |

| | | | |
|---|---|---|---|
| | क. थोक | रु. १०००।- | |
| | ख. खुद्रा | रु. ५००।- | |
| २७) | **विशेषज्ञ परामर्स तथा अन्य व्यवसायिक सेवा** | | |
| | **क. चिकित्सक** | | |
| | १. कन्सल्टेन्ट डक्टर (एम.डी.) | रु. २५००।- | |
| | २. मेडिकल अफिसर (एम वि. वि. एस) | रु. २०००।- | |
| | ३. कविराज | रु. १०००।- | |
| | **ख. कन्सल्टेन्स सेवा** | | |
| | १. इन्जिनियरिङ फर्म परामर्श सेवा / दर्ता तथा नविकरण | रु. ५०००।- | |
| | **ग. कानुन व्यवसायि** | | |
| | १. ल फर्म तथा कानुन परामर्श सेवा | रु. १५००।- | |
| | **घ. लेखा परिक्षण व्यवसाय तर्फ** | | |
| | १. लेखा परिक्षण (सि. ए.) | रु. ३०००।- | |
| | २. अन्य | रु. २०००।- | |
| | **ङ. दन्त चिकित्सक** | | |
| | १. डेन्टल क्लिनिक | रु. २०००।- | |
| | २. दन्त चिकित्सक | रु. १५००।- | |
| २८) | **अनुसन्धान कर्ता परामर्श दाता** | | |
| | क. अनुसन्धान कर्ता | रु. २०००।- | |
| | ख. कम्प्यूटर एनालिस्ट तथा प्रोग्रामर | रु. १५००।- | |
| | ग. विमा एजेन्ट | रु. १०००।- | |
| | घ. सर्भएर | रु. १५००।- | |
| | ङ. नोटरी पब्लीक अनुबाद | रु. १५००।- | |
| | च. पशु चिकित्सक | रु. १५००।- | |
| | छ. शेयर एजेष्ट | रु. २०००।- | |
| २९) | **निर्माण व्यवसाय** | | |
| | क. न. पा. मा प्रद्यान कार्यालय भएका निर्माण व्यवसायी | रु. ५०००।- | |
| | ख. विदेशी निर्माण व्यवसायी तथा परामर्श दाता | रु. १००००।- | |
| | ग. निर्माण व्यवसायी दर्ता सिफारिस | रु. १०००।- | |
| ३०) | **भवन निर्माण** | | |
| | क. मिस्चर र सटरिङ सामान भएको | रु. ५०००।- | |
| | ख. सटरिङ सामान भएको मात्र | रु. ३०००।- | |
| | ग. भवन निर्माण व्यवसायी | रु. ३०००।- | |
| ३१) | **सटरिङ व्यवसायी** | | |
| | क. सटरिङ मात्र भएको | रु. १०००।- | |
| | ख. वाटर डिलिङ | रु. ४०००।- | |
| ३२) | **उत्पादन मुलक उद्योग** | | |
| | क. प्लास्टिक उद्योग | रु. ५०००।- | |
| | ख. चप्पल उद्योग | रु. ३०००।- | |
| | ग. स्टिल, आल्मुनियम र ग्रिल उद्योग | रु. ५०००।- | |
| | घ. फलामको ग्रिल उद्योग | रु. ३०००।- | |
| | ङ साबुन उद्योग क. वर्ग | रु. ७०००।- | |
| | ख. वर्ग | रु. ४०००।- | |

| | | | |
|---|---|---|---|
| | च. जुत्ता उद्योग तथा सो रुम | रु. २५००।- | |
| | छ. कपी उद्योग | रु. ३०००।- | |
| | ज. मुद्रण सामाग्री | रु. २०००।- | |
| | झ. जुत्ता सो रुम मात्र | रु. २०००।- | |
| | ञ. जुत्ता मर्मत | रु. ५००।- | |
| | ट.पशु आहार उद्योग | रु. २०००।- | |
| | ठ. पशु आहार विक्री केन्द्र | रु. १५००।- | |
| | ड. पशु पन्छी पालन उद्योग | रु. १०००।- | |
| | घरेलु कुटिर उद्योग | | |
| | ढ.अगरवत्ती, मैन वत्ती, टिकी, अचार तथा अन्य कुटिर | रु. ५००।- | |
| | ण. ग्यास उद्योग | रु. १००००।- | |
| ३३) | **कपडा तथा गार्मेट उद्योग** | | |
| | क. कपडा उद्योग | रु. ५०००।- | |
| | ख. ज्याकेट तथा व्याग उद्योग | रु. ३०००।- | |
| | ग. धागो उद्योग | रु. १५००।- | |
| | घ. गार्मेन्ट उद्योग | रु. २५००।- | |
| | ङ. ढाका उद्योग क. श्रेणी | रु. १५००।- | |
| | ख. श्रेणी | रु. १०००।- | |
| | च. सिरक डसना विक्री पसल | रु. १५००।- | |
| | छ. छाता, सलाई उद्योग | रु. २०००।- | |
| ३४) | **पेय पदार्थ उत्पादन उद्योगः** | | |
| | क. मिनरल वाटर उद्योग | रु. ५०००।- | |
| | ख. पिउने पानी सप्लार्य | रु. १५००।- | |
| | ग. आईस बरफ उद्योग | रु. १५००।- | |
| | घ. आइसक्रिम उद्योग | रु. १५००।- | |
| | ङ. सोडा उद्योग | रु. १०००।- | |
| ३५) | **भाँडा उद्योग** | | |
| | क. कास, तामा, पित्तलका भाँडा उद्योग | रु. २५००।- | |
| | ख. आल्मुनियम भाँडा उद्योग | रु. २०००।- | |
| | ग. प्लास्टिक भाँडा उद्योग | रु. १५००।- | |
| | घ. टिनको बाकस, वाल्टी उद्योग | रु. १०००।- | |
| ३६) | **कुटानी पेलानी** | | |
| | क. फलवर मिल | रु. ८०००।- | |
| | ख. सेलर मिल | रु. ३०००।- | |
| | ग. कुटानी पेलानी | रु. २०००।- | |
| | घ. चिउरा मिल सानो | रु. २०००।- | |
| | ङ. जिल्ला बाहिर निकासी हुने ठुला चिउरा उद्योग | रु. ७०००।- | |
| | च. मसला उद्योग | रु. १०००।- | |
| | छ. तोरी मिल | रु. ४०००।- | |
| ३७) | **डेरी उद्योग** | | |
| | क. डेरी उद्योग तथा विक्री पसल | रु. १५००।- | |
| | ख. डेरी विक्री पसल | रु. १०००।- | |
| ३८) | **उपभोग्य वस्तु उत्पादन उद्योग** | | |

| | | | |
|---|---|---|---|
| | क. कुकिज, पाउरोटी, नुडल्स उद्योग | रु. २०००।- | |
| | ख. कन्फेक्सनरी उद्योग | रु. २०००।- | |
| | ग. विस्कुट उद्योग | रु. ३०००।- | |
| | घ. दालमोठ उद्योग क श्रेणी | रु. ३०००।- | |
| | घ. दालमोठ उद्योग ख श्रेणी | रु. १०००।- | |
| ३९) | **रिकन्डीसन उद्योग** | | |
| | क. फलाम कृषी औजार उद्योग | रु. २०००।- | |
| | ख. कागज प्लास्टिक रिकन्डीसन उद्योग | रु. १५००।- | |
| | ग. वायु ग्यास उद्योग | रु. ४०००।- | |
| | घ. सौर्य शक्ति उत्पादन उद्योग (१ मेघावट भन्दा बढिको लागि मात्र) | रु. ३०००।- | |
| | ङ. मर्मत संभार पार्ट उद्योग | रु. २०००।- | |
| ४०) | **कृषि तथा वन जन्य उद्योग** | | |
| | क. स-मिल प्लाइउड उद्योग | रु. ५०००।- | |
| | ख. काठ विक्री डिपो | रु. ४०००।- | |
| | ग. काठको फर्निचर उद्योग र सो रुम | रु. ३०००।- | |
| | घ. काठको फर्निचर सो रुम | रु. २०००।- | |
| | ङ. वेत (बास) तथा व्याम्वो सो रुम | रु. १५००।- | |
| ४१) | **कंक्रिट उद्योग** | | |
| | क. कंक्रिट ब्लक उद्योग | रु. २५००।- | |
| | ख. सेनेटरी उद्योग | रु. २५००।- | |
| ४२) | **क्रसर उद्योग (खनिज उद्योग)** | | |
| | क. गिट्टी चाल्ने सहित क श्रेणीको डबल प्लान्ट क्रेशर उद्योग | रु. १०,०००।- | |
| | ख. गिट्टी चाल्ने सहित ख श्रेणीको डबल प्लान्ट क्रेशर उद्योग | रु. १०,०००।- | |
| | ग. गिट्टी चाल्ने नभएको डबल प्लान्ट क्रेशर उद्योग | रु. ८,०००।- | |
| | घ. गिट्टी वालु चाल्ने मात्र भएका | रु. ८०००।- | |
| | ङ. गिट्टी कुट्ने सिंगल प्लान्ट उद्योग | रु. ८०००।- | |
| | च. नदीजन्य पदार्थ खरिद विक्री | रु. ५०००।- | |
| ४३) | **डिस्टिलरी उद्योग** | | |
| | क. डिस्टिलरी उद्योग (बोटलिङ समेत) | रु.१००००।- | |
| ४४) | इट्टा उद्योग | रु.८०००।- | |
| ४५) | **पर्यटन उद्योग** | | |
| | क. स्टार स्तरका होटल (तारे होटल) | रु. २०,०००।- | |
| | ख. होटल, लज तथा रेस्टुरेन्ट (उच्च कोटीका पर्यटन स्तरिय) | रु. ७०००।- | |
| | ग. पार्टी प्यालेस | रु. ६०००।- | |
| | घ. मिस्टान्न क्याटरिङ पसल समेत | रु. ५०००।- | |
| | ङ. मिस्टान्न पसल | रु. ३०००।- | |
| | च. होटल तथा लज | रु. ३०००।- | |
| | छ. होटल तथा रेस्टुरेन्ट | रु. २५००।- | |
| | ज. दोहरी साझ | रु. २५००।- | |
| | झ. क्याटरिङ | रु. २५००।- | |
| | ञ. फास्ट फुड एण्ड क्याफे | रु. २५००।- | |
| | ट. रेस्टुरेन्ट | रु. २०००।- | |
| | ठ. भोजनालय | रु. १५००।- | |

| | | | |
|---|---|---|---|
| | ङ. चिया कफी पसल | रु. १०००।- | |
| ४६) | **टेन्ट हाउस** | | |
| | क. विजुली डेकोरेशन वेन्ड वाजा सहितको टेन्ट हाउस | रु. ३०००।- | |
| | ख. विद्युत डेकोरेशन सहितको टेन्ट हाउस | रु. २०००।- | |
| | ग. विद्युत डेकोरेशन रहितको टेन्ट हाउस | रु. १५००।- | |
| | घ. टेन्ट हाउस मात्र | रु. १०००।- | |
| ४७) | **सेवा उद्योग** | | |
| | क. अफसेट प्रेस | रु. २०००।- | |
| | ख. स्क्रीन प्रिन्ट प्रेस | रु. १५००।- | |
| | ग. लेदर प्रिन्ट प्रेस | रु. १०००।- | |
| | घ. सिनेमा हल (डिलक्स) | रु. ५०००।- | |
| | ङ. फिल्म डिस्टीव्यूटर्स | रु. ५००।- | |
| | च. कलर ल्याप सेवा | रु. १५००।- | |
| | छ. भिडियो मिक्सिङ | रु. १२००।- | |
| | ज. फोटो स्टुडियो | रु. १०००।- | |
| ४८) | **संचार** | | |
| | क. टेलिफोन, टंकल, फ्याक्स, मोवाइल सेवा प्रदायक कम्पनी | रु. १५००।- | |
| | ख. टि.भी. च्यानल प्रसारण (सामुदायिक) | रु. १५००।- | |
| | ग. केवल च्यानल प्रसारण / टि.भि. च्यानल निजी (डिलर लिई प्रसारण समेत) | रु. ६०००।- | |
| | घ. एफ एम प्रसारण | रु. १५००।- | |
| | ङ. . एफ एम प्रसारण (सामुदायिक) | रु. १०००।- | |
| | च. पत्र पत्रिका प्रकासन सेवा | रु. १०००।- | |
| | छ. अन लाईन मिडिया (कम्प्यूटर मार्फत सूचना प्रर्वाह) | रु. २०००।- | |
| | ज. डिस टि.भी. प्रति डिलर | रु. २०००।- | |
| ४९) | **कम्यूनिकेशन सेवा** | | |
| | क. इन्टरनेट सेवा | रु. ६०००।- | |
| | ख. टुर्स एण्ड ट्राभल्स सेवा | रु. १५००।- | |
| | ग. फोटोकपी, पि.सि.ओ., साइबर तथा क्याफे | रु. १५००।- | |
| | घ. कुरियर्स सेवा मुख्य कार्यालय | रु. १५००।- | |
| | ङ. कुरियर्स सेवा शाखा कार्यालय | रु. १०००।- | |
| ५०) | **वित्तिय सेवा (नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेका बैंकहरु बाहेक)** | | |
| | क. वाणिज्य बैंक निजी स्तर मुख्य कार्यालय | रु.५००००।- | |
| | ख. वाणिज्य बैंक प्रति शाखा कार्यालय | रु.३५०००।- | |
| | ग. विकास वैक मुख्य कार्यालय | रु.१०,०००।- | |
| | घ. विकास बैंक प्रति शाखा कार्यालय | रु. ३०००।- | |
| | ङ. फाइनान्स कम्पनी मुख्या कार्यालय | रु.३०००।- | |
| | च. फाइनान्स कम्पनी प्रति शाखा कार्यालय | रु.३०००।- | |
| | छ. लघु वित्त कम्पनी | रु. ३०००।- | |
| | ज. विमा कम्पनीहरु | रु. ६०००।- | |
| | झ. मनी एक्सचेन्जर | रु. ३०००।- | |
| | ञ. वित्तिय सहकारी संस्था (बचत तथा ऋण) | रु. २०००।- | |
| ५१) | **स्वास्थ्य सेवा व्यवसाय** | | |
| | क. गैर सरकारी अस्पताल तथा नर्सिङ होम | रु. ५०००।- | |

| | | | |
|---|---|---|---|
| | ख. एम आर आई, सिटि स्क्यान, अल्ट्रासाउण्ड क्लिनिक र पोलि क्लिनिक | रु. ३०००।- | |
| | ग. प्याथालोजि | रु. २०००।- | |
| | घ. अक्यूपंचर | रु. १५००।- | |
| | ङ एक्सरे | रु. २०००।- | |
| | च. चश्मा पसल | रु. २०००।- | |
| ५२) | **शिक्षा सेवा** | | |
| | क. निजी क्याम्पस तथा उच्च मा. वि. | रु. १०००।- | |
| | ख. निजी मा. वि. | रु. १०००।- | |
| | ग. निजी नि.मा.वि | रु. १०००।- | |
| | घ. निजी प्रा.वि., पुर्व प्रा.वि., छात्रावास, मन्टेश्वरी | रु. १०००।- | |
| | ङ. पोलि टेक्नीकल इन्टिच्यूट प्रशिक्षण समेत | रु. ३०००।- | |
| | च. नर्सिङ, सि. एम. ए., एच. ए. प्रशिक्षण समेत | रु. ३०००।- | |
| | छ. एजुकेस्नल कन्सल्टेन्सी सेवा | रु. ३०००।- | |
| | ज. कम्प्यूटर इलेक्ट्रोनिक तालिम | रु. २०००।- | |
| | झ. सवारी चालक तालिम | रु. २०००।- | |
| | ञ. भाषा, शिक्षा, कोचिङ सेन्टर | रु. १५००।- | |
| ५३) | **अन्तराष्ट्रिय गैर सरकारी संस्था** | | |
| | क. अन्तराष्ट्रिय संस्था | रु. ५०००।- | |
| | ख. राष्ट्रिय संस्था एक जिल्ला भन्दा वढि कार्य क्षेत्र भएका | रु. ३०००।- | |
| ५४) | **मर्मत संभार (कारखाना)** | | |
| | क. नयाँ वोडि बनाउने क श्रेणी | रु. ५०००।- | |
| | ख. वोडि मर्मत गर्ने ख श्रेणी | रु. ३५००।- | |
| | ग. लेथ सेक्सन | रु. २५००।- | |
| | घ. टायर डिलर सो रुम | रु. ४०००।- | |
| | ङ. टायर रिसोलिङ | रु. ३०००।- | |
| | च. टायर, ट्यू र पन्चर मर्मत | रु. १५००।- | |
| | छ. इन्जिन मर्मत | रु. २०००।- | |
| | ज. डेन्टीङ, पेन्टीङ तथा वेल्डिङ | रु. १५००।- | |
| | झ. डेन्टीङ मात्र | रु. १०००।- | |
| | ञ. पेन्टिङ मात्र | रु. १०००।- | |
| | ट. पम्प सेक्सन मर्मत | रु. २०००।- | |
| | ठ. व्याट्रि इलेक्ट्रीक सेक्सन मर्मत | रु. १५००।- | |
| | ड. वासिङ सेक्सन | रु. ५००।- | |
| | ढ. रिक्सा साईकल विक्री | रु. २०००।- | |
| | ण. रिक्सा साइकल मर्मत तथा पार्टस सहित विक्री | रु. १०००।- | |
| | त. रिक्सा साइकल मर्मत | रु. ५००।- | |
| | थ. टि. भि., डेग, मोबाइल, | रु. १२००।- | |
| | द. रेडियो, घडि, क्याल्कुलेटर मर्मत | रु. १०००।- | |
| | ध. मोटरसाइकल मर्मत | रु. १५००।- | |
| | न. कम्पनी पट्टा, रेडियटर, ग्रिस, हेड मर्मत | रु. १०००।- | |
| | प. जेनेरेटर, फ्रिज, कम्प्यूटर मर्मत | रु. २०००।- | |
| | फ. फ्रिज मर्मत, कम्प्यूटर मर्मत | रु. १५००।- | |
| ५५) | **हेभी इक्यूपमेन्ट** | | |

| | | | |
|---|---|---|---|
| | क. हेभी इक्यूपमेन्ट खरिद विक्री | रु. ५०००।- | |
| | ख. अन्य कवाड खरिद विक्री | रु. २०००।- | |
| | ग. हेभी इक्यूपमेन्ट भाडामा लगाउने | रु. ३०००।- | |
| ५६) | **अन्य सेवा** | | |
| | क. वैदेशिक रोजगार सेवा परामर्स दाता | रु. ५०००।- | |
| | ख. वैदेशिक रोजगार परामर्स सेवा शाखा कार्यालय | रु. ३०००।- | |
| | ग. सेवा परामर्स दाता | रु. २५००।- | |
| | घ. श्रमिक सेवा परामर्श दाता | रु. १५००।- | |
| | ङ. सामान सहित श्रमिक सेवा परामर्श दाता | रु. १५००।- | |
| | च. सेक्रेटरियल सेवा मात्र | रु. १०००।- | |
| ५७) | **ड्राइ किल्निक, सैलुन तथा व्यूटिपार्लर** | | |
| | क. व्यूटि पार्लर सेवा, तालिम सहितको | रु. १५००।- | |
| | ख. व्यूटि पार्लर सेवा | रु. १०००।- | |
| | ग. कालिगढ सहितको सैलुन सेवा | रु. १०००।- | |
| | घ. सैलुन सेवा बजार क्षेत्र | रु. १०००।- | |
| | घ. सैलुन सेवा २ सिट सम्मको अन्य क्षेत्र | रु. ८००।- | |
| | ङ. ड्राइक्लिनिक सेवा | रु. १०००।- | |
| ५८) | **साईन वोर्ड आर्ट व्यवसाय** | | |
| | क. डिजिटल आर्ट व्यवसाय | रु. १५००।- | |
| | ख. अन्य आर्ट व्यवसाय | रु. १०००।- | |
| ५९) | **पशु वतशाला** | | |
| | क. पशु वत्शाला | रु. ३०००।- | |
| | ख. पशुको छाला संकलन तथा विक्री | रु. २०००।- | |
| ६०) | **माछा मासु विक्री पसल** | | |
| | क. प्याकिङ माछा मासु सप्लायर्स | रु. १२००।- | |
| | ख. माछा मासु मध्ये कम्तीमा ३ वटा सेवा दिने पसल | रु. २०००।- | |
| | ग. माछा मासु मध्ये कम्तीमा २ वटा सेवा दिने पसल | रु. १५००।- | |
| | घ. कुनै एक सेवा, माछा सिध्रा | रु. १०००।- | |
| | ङ. अण्डा विक्री पसल | रु. १५००।- | |
| ६१) | **फुल विरुवा पसल** | | |
| | क. नर्सरी | रु. १०००।- | |
| | ख. फुल विक्री | रु. १०००।- | |
| ६२) | **स्नुकर तथा पुल हाउस** | | |
| | क. स्नुकर तथा पुल हाउस दुवै भएको | रु. १०००।- | |
| | ख. स्नुकर मात्र | रु. ८००।- | |
| | ग. पुल हाउस | रु. ५००।- | |
| ६३) | **भाडा पसल तथा किचन सामाग्री** | | |
| | क. थोक पसल | रु. १०००।- | |
| | ख. खुद्रा | रु. १०००।- | |
| ६४) | **खेलौना, गिफ्ट हाउस तथा फोटो फ्रेम पसल (शोरुम)** | | |
| | क. खेलौना तथा गिफ्ट पसल | रु. २०००।- | |
| | ख. खेलौना मात्र | रु. १५००।- | |
| | ग. फोटो फ्रेम | रु. १०००।- | |

| | | | |
|---|---|---|---|
| ६५) | **सिलाई मेशिन मर्मत तथा सिलाई पसल** | | |
| | क. सिलाई पसल | रु. १५००।- | |
| | ख. सिलाई मेशिन मर्मत | रु. १०००।- | |
| | ग. व्यूटिक ल्याब्रोटरी | रु. १०००।- | |
| ६६) | **संगित कला केन्द्र** | रु. १५००।- | |
| ६७) | **घुम्ति व्यवसाय गर्ने व्यवसायीको हकमा** | | |
| | क. फेन्सी तथा कपडा पसल | रु. १०००।- | |
| | ख. किराना विसाता तथा भाडा पसल | रु. ७००।- | |
| | ग. अन्य प्रकृतिका | रु. ३००।- | |
| ६८) | **माथी उल्लेख नभएका उद्योगहरुको हकमा** | | |
| | क. ठुला उद्योग (एक भन्दा बढि वस्तुहरु उत्पादन गर्ने उद्योगलाई प्रति उत्पादन) | रु.१०,०००।- | |
| | ख. मझौला उद्योग | रु.८,०००।- | |
| | ग. साना उद्योग | रु. ५०००।- | |
| ६९) | **माथी उल्लेख नभएको अन्य पेशा व्यवसाय** | | |
| | क. डिस्टीव्युटर्स थोक पसल | रु. ३०००।- | |
| | ख. खुद्रा पसल | रु. २०००।- | |

अनुसूची ५

## आ.व. २०७४।०७५ का लागि सवारी साधनकर दररेटहरुको विवरण

| क्र.स | विवरण | आ.व. ०७४।०७५ का लागि दर रेट | कैफियत |
|---|---|---|---|
| १ | **सवारी साधनः-** | | |
| | न. पा. क्षेत्र भित्र रहेका प्रत्येक सवारी साधनहरुको सुचि तयार गरी निम्न अनुसार वार्षिक कर लिईने छ । रिक्साको हकमा दर्ता, नामसारी र नविकरण शुल्क लिईनेछ । | | |
| | **सवारी साधनको (१.१.४.२) वार्षिक कर** | | |
| | क. रिक्सा दर्ता रु ५०।- नामसारी रु १५०।- नविकरण | रु. २५।- | |
| | ख. ई रिक्सा दर्ता शुल्क रु. १०००।- नविकरण शुल्क | रु. ५००।- | |
| | ग. रातो प्लेट भएको भाडामा चल्ने टेक्टर | रु. ७००।- | |
| | घ. कालो प्लेट भएको भाडामा चल्ने टेक्टर | रु. ७००।- | |
| | ङ. मिनि ट्रक/मिनी बस | रु. ८००।- | |
| | च. मोटरसाईकल/स्कुटर | रु. १००।- | |
| | छ. टेम्पो | रु. ५००।- | |
| | ज. रातो प्लेट भएको जीप, भ्यान, कार | रु. ३००।- | |
| | झ. कालो प्लेट भएको जीप, भ्यान, कार | रु. ५००।- | |
| | ञ. बस, ट्रक व्यवसायिक | रु. १०००।- | |
| | ट. बस, ट्रक सेवामुलक | रु. ८००।- | |
| | ठ. मिनी/माईक्रो बस | रु. ८००।- | |
| | ड. न.पा. भित्रका बाटाहरु प्रयोग गरी यात्रु तथा विद्यार्थीहरु सवारी लिई हिड्ने बसहरु | रु. १५००।- | |
| | ढ. कानुन बमोजिम प्रकृति हेरी पटके दस्तुर लिईने छ। (अनुसूची ११ (२) अनुसार<br>अ. निजी तथा भाडाका बस, ट्रक र टेक्टरमा<br>आ. मिनि वसमा<br>इ. निजी तथा भाडाका कार टेम्पोमा<br>ई. अन्य सवारी साधनहरु | <br>रु. २०।-<br>रु. १०।-<br>रु. १०।-<br>रु. ५।- | |

अनुसूची ६

## आ.व. २०७४।०७५ का लागि विज्ञापनकर दररेटहरुको विवरण

| क्र.स | विवरण | आ.व. ०७४।०७५ का लागि दर रेट | कैफियत |
|---|---|---|---|
| १. | **विज्ञापन कर** | | |
| | कसैले न.पा. भित्रका सार्वजनिक जग्गामा होडिङ बोर्ड, साईन बोर्ड, पम्प्लेट, पोष्टर जस्ता विज्ञापनका सामाग्रीहरु राखेमा निम्न बमोजिमको विज्ञापन कर लिइनेछ ।<br>क) होडिङबोर्ड प्रतिवर्गफिट<br>ख) ग्लो हाईनबोर्ड<br>ग) भित्ते लेखन प्रति वर्ग फिट<br>घ) ब्यानर प्रति गोटा | <br><br>५५।-<br>६६।-<br>२२।-<br>३३।- | |

## आ.व. २०७४।०७५ का लागि बहाल विटौरी कर दररेटहरुको विवरण

**१. सेमरबजार हाटबजार बैठकी करको दररेटहरुः** अनुसूची ७

| क्र.स. | बिवरण | दर | क्र.स. | बिवरण | दर |
|---|---|---|---|---|---|
| १ | पान, चुरोट, तमाखु, सुर्ती | ३० | ३८ | आर्युवेदी औषधी र जडिबुटी | २० |
| २ | तरकारी | २५ | ३९ | कपडा पसल | ६० |
| ३ | तरकारी होलसेल | ५० | ४० | चटर, मटर मात्र | ३० |
| ४ | मीठाई | ३५ | ४१ | फेन्सी पसल | ४५ |
| ५ | तोरीको तेल | ३० | ४२ | किराना पसल | ५५ |
| ६ | कुखुराको मासु | ९० | ४३ | चामल, दाल, पिठो, सुजी | ४० |
| ७ | खसीको मासु | १२० | ४४ | आइस क्रिम | ३५ |
| ८ | रागो, सुगुर, बंगुर, मासु | ९० | ४५ | अदुवा, लसुन, तामा तरकारी, मसला | २० |
| ९ | माछा, कछुवा | ६० | ४६ | खाध पदार्थ | ४० |
| १० | सिद्रा माछा | २८ | ४७ | पाउरोटी | २० |
| ११ | छाता, लाईट लाईटर जुत्ता, घडी मर्मत | २० | ४८ | नाङलो, कुचो, डोको भकारी, स्याखु सुपो नाम्लो | २० |
| १२ | भाडा, कुकर मर्मत | २० | ४९ | सिल्टी ढलोटका भाडा पसल | ४० |
| १३ | धातुको भाडा | ३५ | ५० | पित्तलका गहना | ३५ |
| १४ | नाउ कपाल काट्ने हजाम | ३० | ५१ | खेल पर्दसनी | ३५ |
| १५ | डोरी चुरा टिका आदी | ३० | ५२ | मटर समोसा पकौडा | ४० |
| १६ | सुच चादीका गहना | ४० | ५३ | लस्सी, दहि, चिया | ३५ |
| १७ | माटाका भाडा | २२ | ५४ | खरबुजा, तरबुजा, काक्रो | ३० |
| १८ | लुगा सिलाउने | २२ | ५५ | फोटा, पोष्टर | ३५ |
| १९ | जुत्ता चप्पल | ३३ | ५६ | कोक, फेन्टा, सोडा | ३० |
| २० | विउ विजन | ३० | ५७ | फलफुल, तरकारी र अन्य विरुवा | ३० |
| २१ | किताब | ३३ | ५८ | फुलका माला, खेलौना | ३५ |
| २२ | फलफुल | ४० | ५९ | भुजा चिउरा चना | १५ |
| २३ | अण्डा पसल | ३३ | ६० | उखुको रस र जुस, दहि | ३५ |
| २४ | भुटुवा मासु | ३३ | ६१ | चाउमिन पकौडा जेरी मम | ४५ |
| २५ | गहु धान तोरी मसुरो | ४० | ६२ | ताला, धागो | २० |
| २६ | बर्सादी | ३० | ६३ | तयारी झोलाको पसल | ५० |
| २७ | चटर, मटर फुल्की | ४० | ६४ | घडी, रेडियो | ३५ |
| २८ | हाँस कुखुरा परेवा प्रति गोटा | १० | ६५ | कागती | १५ |
| २९ | बदाम, चना, ममफली | १५ | ६६ | तरकारी प्रति बोरा | २० |
| ३० | सजाउने कागज | १५ | ६७ | साइकलमा ल्याएको तरकारी | २८ |
| ३१ | आलु पियाज | ३५ | ६८ | रेक्सामा ल्याएको तरकारी | ५० |
| ३२ | पोलेलको मकै | १५ | ६९ | जिप भेनमा ल्याएको तरकारी | ७० |
| ३३ | विउ आलु प्रति बोरा | २० | ७० | थोक व्यापारीले कर नतिरी भागेमा जरिवाना | १८० |
| ३४ | विसाता | ३५ | ७१ | गुवाडा | १० |
| ३५ | सुन्तला प्रति डोको | २५ | ७२ | धार लगाउने, भाडा टाल्ने | २० |
| ३६ | बेसार मात्र | २० | ७३ | भेली | २० |
| ३७ | हरियो खुर्सानी मात्र | २० | ७४ | उल्लेखित नभएका वस्तुहरु | २०-४५ |

## २. ड्राईभरटोल हाटबजार बैठकी करको दररेटहरु:

| क्र.स. | बिवरण | दर | क्र.स. | बिवरण | दर |
|---|---|---|---|---|---|
| १ | पान, चुरोट, तमाखु, सुर्ती | ३५ | ३८ | आर्युवेदी औषधी र जडिबुटी | २८ |
| २ | तरकारी | ४५ | ३९ | कपडा पसल | ९४ |
| ३ | तरकारी होलसेल | ७० | ४० | चटर, मटर मात्र | २२ |
| ४ | मीठाई | ५० | ४१ | फेन्सी पसल | ९४ |
| ५ | तोरीको तेल | ४० | ४२ | किराना पसल | ७२ |
| ६ | कुखुराको मासु | १२० | ४३ | चामल, दाल, पिठो, सुजी | ४४ |
| ७ | खसीको मासु | १३० | ४४ | आइस क्रिम | ३९ |
| ८ | रागो, सुगुर, बंगुर, मासु | १२० | ४५ | अदुवा, लसुन, तामा तरकारी, मसला | ४४ |
| ९ | माछा, कछुवा | ११० | ४६ | खाद्य पदार्थ | ५० |
| १० | सिद्रा माछा | ४० | ४७ | पाउरोटी | ३३ |
| ११ | छाता, लाईट लाईटर जुत्ता, घडी मर्मत | ३५ | ४८ | नाङलो, कुचो, डोको भकारी, स्याखु सुपो नाम्लो | ४४ |
| १२ | भाडा, कुकर मर्मत | ३५ | ४९ | सिल्टी ढलोटका भाडा पसल | ५० |
| १३ | धातुको भाडा | ४५ | ५० | पित्तलका गहना | ३९ |
| १४ | नाउ कपाल काट्ने हजाम | ३५ | ५१ | खेल पर्दसनी | ३३ |
| १५ | डोरी चुरा टिका आदी | ४० | ५२ | मटर समोसा पकौडा | ६१ |
| १६ | सुच चादीका गहना | ४० | ५३ | लस्सी, दहि, चिया | ३९ |
| १७ | माटाका भाडा | ३० | ५४ | खरबुजा, तरबुजा, काको | ३३ |
| १८ | लुगा सिलाउने | ३५ | ५५ | फोटा, पोष्टर | ३९ |
| १९ | जुत्ता चप्पल | ५० | ५६ | कोक, फेन्टा, सोडा | ३९ |
| २० | विउ विजन | ३० | ५७ | फलफुल, तरकारी र अन्य विरुवा | २८ |
| २१ | किताब | ३५ | ५८ | फुलका माला, खेलौना | ४४ |
| २२ | फलफुल | ५५ | ५९ | भुजा चिउरा चना | ३३ |
| २३ | अण्डा पसल | ४५ | ६० | उखुको रस र जुस, दहि | ४४ |
| २४ | भुटुवा मासु | ५० | ६१ | चाउमिन पकौडा जेरी मम | ७२ |
| २५ | गहु धान तोरी मसुरो | ५० | ६२ | ताला, धागो | २८ |
| २६ | बर्सादी | ३० | ६३ | तयारी झोलाको पसल | ६६ |
| २७ | चटर, मटर फुल्की | ६० | ६४ | घडी, रेडियो | ५० |
| २८ | हाँस कुखुरा परेवा प्रति गोटा | १० | ६५ | कागती | २२ |
| २९ | बदाम, चना, ममफली | ३५ | ६६ | तरकारी प्रति बोरा | २२ |
| ३० | सजाउने कागज | ३५ | ६७ | साइकलमा ल्याएको तरकारी | ४४ |
| ३१ | आलु पियाज | ५४ | ६८ | रेक्सामा ल्याएको तरकारी | ७२ |
| ३२ | पोलेलको मकै | २८ | ६९ | जिप भेनमा ल्याएको तरकारी | १२१ |
| ३३ | विउ आलु प्रति बोरा | २२ | ७० | थोक व्यापारीले कर नतिरी भागेमा जरिवाना | १८२ |
| ३४ | विसाता | ५० | ७१ | गुवाडा | ११ |
| ३५ | सुन्तला प्रति डोको | २८ | ७२ | धार लगाउने, भाडा टाल्ने | २२ |
| ३६ | बेसार मात्र | २८ | ७३ | भेली | २४ |
| ३७ | हरियो खुर्सानी मात्र | २२ | ७४ | उल्लेखित नभएका वस्तुहरु | २५-६० |

३. शान्ति स्कूल पूर्व मणिग्राम हाटबजार बैठकी करको दररेटहरु:

| क्र.स. | बिवरण | मणिग्राम | | | क्र.स. | बिवरण | मणिग्राम | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | खुला | टिन | ढलान | | | खुला | टिन | ढलान |
| १ | पान, चुरोट, तमाखु, सुर्ती | ४० | ६० | ८० | ३८ | आर्युवेदी औषधी र जडिबुटी | ३० | ४५ | ६० |
| २ | तरकारी | ४० | ६० | ८० | ३९ | कपडा पसल | ९० | १३५ | १८० |
| ३ | तरकारी होलसेल | ६५ | १०० | १३० | ४० | चटर, मटर मात्र | २० | ३० | ४० |
| ४ | मीठाई | ५० | ७५ | १०० | ४१ | फेन्सी पसल | ९५ | १४५ | १९० |
| ५ | तोरीको तेल | ४० | ६० | ८० | ४२ | किराना पसल | ७० | १०५ | १४० |
| ६ | कुखुराको मासु | १२० | १८० | २४० | ४३ | चामल, दाल, पिठो, सुजी | ४० | ६० | ८० |
| ७ | खसीको मासु | १३० | १९५ | २६० | ४४ | आइस क्रिम | ४० | ६० | ८० |
| ८ | रागो, सुगुर, बंगुर, मासु | १२० | १८० | २४० | ४५ | अदुवा, लसुन, तामा, तरकारी, मसला | ४५ | ७० | ९० |
| ९ | माछा, कछुवा | ११० | १६५ | २२० | ४६ | खाध पदार्थ | ५० | ७५ | १०० |
| १० | सिद्रा माछा | ४५ | ७० | ९० | ४७ | पाउरोटी | ३५ | ५५ | ७० |
| ११ | छाता, लाईट लाईटर जुत्ता, घडी मर्मत | ३५ | ५५ | ७० | ४८ | नाङलो, कुचो, डोको भकारी, स्याखु सुपो नाम्लो | ४५ | ७० | ९० |
| १२ | भाडा, कुकर मर्मत | ३५ | ५५ | ७० | ४९ | सिल्टी ढलोटका भाडा पसल | ५० | ७५ | १०० |
| १३ | धातुको भाडा | ४५ | ७० | ९० | ५० | पित्तलका गहना | ४० | ६० | ८० |
| १४ | नाउ कपाल काट्ने हजाम | ३५ | ५५ | ७० | ५१ | खेल पर्दसनी | ३५ | ५५ | ७० |
| १५ | डोरी चुरा टिका आदी | ४० | ६० | ८० | ५२ | मटर समोसा पकौडा | ५० | ७५ | १०० |
| १६ | सुन चादीका गहना | ३५ | ५५ | ७० | ५३ | लस्सी, दहि, चिया | ५० | ७५ | १०० |
| १७ | माटाका भाडा | ३० | ४५ | ६० | ५४ | खरबुजा, तरबुजा, काको | ३५ | ५५ | ७० |
| १८ | लुगा सिलाउने | ३५ | ५५ | ७० | ५५ | फोटा, पोष्टर | ३५ | ५५ | ७० |
| १९ | जुत्ता चप्पल | ६० | ९० | १२० | ५६ | कोक, फेन्टा, सोडा | ४५ | ७० | ९० |
| २० | विउ विजन | ३० | ४५ | ६० | ५७ | फलफुल, तरकारी र अन्य विरुवा | २५ | ४० | ५० |
| २१ | किताब | ३० | ४५ | ६० | ५८ | फुलका माला, खेलौना | ३० | ४५ | ६० |
| २२ | फलफुल | ५५ | ८५ | ११० | ५९ | भुजा चिउरा चना | ३० | ४५ | ६० |
| २३ | अण्डा पसल | ५० | ७५ | १०० | ६० | उखुको रस र जुस, दहि | ६० | ९० | १२० |
| २४ | भुटुवा मासु | ५० | ७५ | १०० | ६१ | चाउमिन पकौडा जेरी मम | ६० | ९० | १२० |
| २५ | गहु धान तोरी मसुरो | ५० | ७५ | १०० | ६२ | ताला, धागो | ३० | ४५ | ६० |
| २६ | बर्सादी | ३० | ४५ | ६० | ६३ | तयारी झोलाको पसल | ७० | १०५ | १४० |
| २७ | चटर, मटर फुल्की | ६० | ९० | १२० | ६४ | घडी, रेडियो | ६० | ९० | १२० |
| २८ | हाँस कुखुरा परेवा प्रति गोटा | १० | १५ | २० | ६५ | कागती | २० | ३० | ४० |
| २९ | बदाम, चना, ममफली | ३५ | ५५ | ७० | ६६ | तरकारी प्रति बोरा | २० | ३० | ४० |
| ३० | सजाउने कागज | ३५ | ५५ | ७० | ६७ | साइकलमा ल्याएको तरकारी | ४५ | ७० | ९० |
| ३१ | आलु पियाज | ५५ | ८५ | ११० | ६८ | रेक्सामा ल्याएको तरकारी | ७० | १०५ | १४० |
| ३२ | पोलेलको मकै | २५ | ४० | ५० | ६९ | जिप भेनमा ल्याएको तरकारी | १२० | १८० | २४० |
| ३३ | विउ आलु प्रति बोरा | २० | ३० | ४० | ७० | थोक व्यापारीले कर नतिरी भागेमा जरिवाना | १८० | २७० | ३६० |
| ३४ | विसाता | ६० | ९० | १२० | ७१ | गुवाडा | १० | १५ | २० |
| ३५ | सुन्तला प्रति डोको | २० | ३० | ४० | ७२ | धार लगाउने, भाडा टाल्ने | २० | ३० | ४० |
| ३६ | बेसार मात्र | २५ | ४० | ५० | ७३ | भेली | २० | ३० | ४० |
| ३७ | हरियो खुर्सानी मात्र | ५० | ७५ | १०० | ७४ | उल्लेखित नभएका वस्तुहरु | ३०- | ४०- | ५०- |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | ६५ | १०० | २०० |

**अनुसूची ८**

## आ.व. २०७४।०७५ का लागि सेवा शुल्क तथा दस्तुरहरुका दररेटहरुको विवरण

| क्र.स | विवरण | आ.व. ०७४।०७५ का लागि दर रेट | कैफियत |
|---|---|---|---|
| १. | **मूल्यांकन सेवा शुल्कः** | | |
| | १. आयश्रोत मूल्यांकन सिफारिस शुल्कः प्रति लाख रु. १००।- का दरले | | |
| | २. सम्पति मुल्यांकन सिफारिस शुल्क | | |
| | क. सम्पत्ती मुल्यांकन प्रमाणित सिफारिस प्रति हजार रु. १।- का दरले लिइने छ। तर बैदेशिक अध्ययनका लागि ५० प्रतिशत छुट दिइनेछ । तर रु. १००।- भन्दा घटी भएमा पनि रु.१०० लिईनछ । | ०.१ % | |
| २) | **बाटो मरमत, पर्यावरण, संरक्षण तथा सवारी दस्तुर** | | |
| | क. बाहिर निकासी हुने ट्रकमा प्रति ट्रिप | रु. ३००।– | |
| | ख. क्रेशरको गिट्टी निकासीमा प्रति ट्रिप | रु. ३००।– | |
| | दश चक्केको | रु. ४००।- | |
| | ग. लोकल निकासी प्रति ट्रिप | रु. २००।– | |
| | घ. ट्याक्टर प्रति ट्रिप | रु. १५०।– | |
| | ङ. डनलपमा प्रति ट्रिप | रु. ५०।– | |
| | च. माटो ढुवानी गर्ने ट्याक्टर प्रति ट्रली | रु. ५०।– | |
| | छ. माटो ढुवानी गर्ने ट्रक प्रति ट्रिप, | रु. १००।– | |
| | दश चक्केको | रु. १५०।- | |
| | ज. न.पा.को बाटो प्रयोग गरि अन्य स्थानमा जाने टिप्पर | रु. १००।- | |
| | झ. न.पा.को बाटो प्रयोग गरि उद्योग प्रवेश गर्ने टिप्पर | रु. ५०।- | |
| | ञ. ट्याक्टर | रु. २५।- | |
| ३) | **सडक कटान दस्तुर प्रति रनिङ मिटरः** | | |
| | क. कनेक्सन होल कटान पिच तथा पि.सि.सि. मा | रु. २५००।- | |
| | ख. कनेक्सन होल कटान ग्राभेल तथा कच्ची | रु. ७००।- | |
| | ग. पिच तथा पि. सि. सि. | रु. १०००।- | |
| ४) | **अन्य शुल्क** | | |
| | क. घर नम्बरिङ सेवा शुल्क प्रति घर नम्बर प्लेट | रु. ५०।- | |
| ५) | **नक्सा पास दस्तुरः** | | |
| | क. नक्सा पास दस्तुर प्रति वर्ग फिट आर सि. सि. जोडाई | रु. ५।- | |
| | ख. अस्थायी घर इजाजत दस्तुर | रु. २०००।- | |
| | ग. तला थप गर्ने हकमा प्रति थप तलाको लागि प्रति वर्ग फिट रु. ५ लाग्ने छ। | रु. ५।- | |
| | घ. नक्सा पास दरखास्त फारम बापत | रु. ५००।- | |
| | ङ. नक्सा नामसारी | | |
| | १. नक्सा नामसारी प्रति वर्ग फिट रु. (विक्री तथा अन्य) | रु. २।- | |
| | २. वंशजको नाता भित्रको नक्सा नामसारी | रु. ५००।- | |
| | च. पुरानो घरलाई नक्सा नियमित गर्दा (RCC) प्रति वर्ग फिट रु | रु. २।५० | |
| | **नोटः** | | |
| | क. इजाजत नलिई निर्माण कार्य सम्पन्न गरिसके पछि मात्र नक्सापासको | | |

| | | | |
|---|---|---|---|
| | प्रकृयाको लागि पेश हुन आएका नक्साको हकमा नक्सा पास दस्तुरको १०० प्रतिशत थप दस्तुर लाग्ने छ । | | |
| | **ख. नक्सा पास प्रकृयाको लागि नक्सा पेश भएको अवस्थामा**<br>अ. स्विकृति विना एक चरण अगाडीको कार्य सम्पन्न गरेमा प्रति वर्ग फिट थप<br>आ. सुपर स्टक्चर सम्मको कार्य सम्पन्न गरेमा प्रति वर्ग फिट थप<br>इ. प्लिन्थलेभल स्विकृति लिएको तर सुपर स्टक्चरको स्विकृति नलिएको अवस्थामा प्रति वर्ग फुट थप<br>ई. घर दर्ता भएको तर स्विकृति विना सम्पन्न भएको अवस्थामा प्रति वर्ग फुट थप<br>ग. सार्वजनिक जग्गा तर्फ तोकिएको सेटव्याक नछोडेको हकमा प्रति वर्ग फिट रु. २।५० जरिमाना लिई मिचेको जति भत्काउने ।<br>घ. न. पा. बाट तोकिएको खुला क्षेत्र नछोडी निर्माण कार्य गरेमा प्रति वर्ग फिट रु. २।५० जरिमाना लिई भत्काउन लगाउने<br>ङ.नक्सा पास गरि सकेपछि २ वर्ष भित्र निर्माण सम्पन्न गरि सक्नु पर्ने छ । यदि सोहि अवधि भित्र निर्माण सम्पन्न नभएमा नक्साको म्याद थप गर्दा पहिले लागेको दस्तुरको ५ प्रतिशत दस्तुर लिई पूनः दुई वर्षको लागि म्याद थप गरिनेछ ।<br>च. नक्शा सम्पन्न लिई गएपछि पुन नक्सा प्रमाणित तथा नक्सापास सम्पन्नको प्रतिलिपी लिन आएमा | रु. २।-<br>रु. ३।-<br>रु. १.५।-<br>रु. ४।-<br>रु. २.५०<br>२.५०<br>रु. ५००।-<br>रु. ५००।- | |
| ६) | **शिक्षा तथा स्वास्थ्य विकास कर :-** | | |
| | यस न. पा. को क्षेत्र भित्र जग्गा खरिद विक्री, सट्टापट्टा प्रयोजनको लागि मालपोत कार्यालयको जग्गा मुल्यांकन अनुसार जग्गाको मूल्याङ्कनमा नघट्ने गरी खरिद मूल्यको ०.५ प्रतिशतका दरले हुने रकम शिक्षा तथा स्वास्थ्य विकास कर लिईनेछ | | |
| ७) | **दस्तुरः-** | | |
| | क. निवेदन दस्तुर | रु. १०।- | |
| | ख. सिफारिश दस्तुरः- | | |
| | नगरपालिका ले गर्ने सिफारिशमा प्रति सिफारिश निम्नानुसार दस्तुर लिइनेछ । | | |
| | १. नागरिकता र नागरिकता प्रतिलिपि सिफारिशमा | रु. १००।- | |
| | २. स्वदेशको लागि गरिने सामान्य सिफारिशमा | रु. १००।- | |
| | ३. बकसपत्र लागि मालपोत कार्यालयलाई गरिने सिफारिशमाः | रु. १०००।- | |
| | ४. शेषपछिको बकसपत्रको लागि मालपोत कार्यालयलाई गरिने सिफारिशमाः | रु. १०००।- | |
| | ५. जग्गावालाको मृत्यु पछिको नामसारी र अंशबण्डाको प्रयोजनका लागि मालपोत कार्यालयलाई गरिने सिफारिशमा | रु. ५००।- | |
| | ६. अदालतको फैसलाबाट जग्गा नामसारी | रु. ५००।- | |
| | ७. विदेश सिफारिश र पेन्सन सम्बन्धि सिफारिशमा | रु. ५००।- | |
| | ८. पेन्सन प्रयोजनको लागि जिवित भएको सिफारिस | रु. ५००।- | |
| | ९. विदेश शिफारिस अग्रेजीमा गर्दा प्रत्येक शिफारिसमा | रु. ५००।- | |
| | १०. गाउब्लक जग्गाको सिफारिस प्रति धुर | रु. ३००।- | |
| | ११. बैदेशिक प्रयोजनको लागि गरिने नाबालक सिफारिस | रु. ५००।- | |
| | **१. बैकिङ प्रयोजनको लागि चार किल्ला प्रमाणितः अन्य समेत** | | |
| | क. भित्री जग्गामा न्यूनतम रु. १००।- नघट्ने गरी प्रति कठ्ठा रु. | रु. १००।- | |
| | ख. सिद्धार्थ राजमार्गमा पर्ने जग्गामा न्यूनतम रु. २००।- नघट्ने गरी प्रति कठ्ठा | रु २००।– | |

| | | | |
|---|---|---|---|
| | **३. सर्जमिन दस्तुर :-** | | |
| | न.पा. ले सर्जमिन गर्दा प्रति सर्जमिन निम्न अनुसार दस्तुर दिइनेछ । | | |
| | क. नाता प्रमाणित र नाम थर संशोधनको लागि सर्जमिन गर्दा | रु. २००।- | |
| | ख. वंशजको नागरिकता सिफारिशका लागि सर्जमिन गर्दा | रु. २००।- | |
| | ग. ठूला उद्योग स्थापनाको लागि सर्जमिन गर्दा (१० करोड भन्दा माथि) | रु. ५,०००।- | |
| | घ. मझ्यौला उद्योग स्थापनाको लागि सर्जमिन गर्दा (३-१० करोड सम्म) | रु. ३,०००।- | |
| | ङ. साना उद्योग स्थापनाको लागि सर्जमिन गर्दा | रु. १,५००।- | |
| | च. अन्य प्रयोजनका लागि सरजमिन गर्दा | रु. २००।- | |
| | छ. घर सम्पन्न सरजमिन गर्दा सरजमिन दस्तुर | रु. १०००।- | |
| ६. | **नामसारी** | | |
| | **मालपोत कार्यालयमा सिफारिस गर्ने प्रयोजनको लागि मात्र घरको मूल्याङ्कन:-** | | |
| | क. आर.सी.सी. पक्की घर (नयाँ ०७० भन्दा पछाडी निर्माण गरिएका) को प्रति वर्ग फुट रु. ९००।- | | |
| | ख आर.सी.सी. पक्की घर (०७० भन्दा अगाडी निर्माण भएको को प्रति वर्ग फुट रु. ६००।- | | |
| | ग. पीलर नभएको र पक्की जोडाईमा लिन्टर भएको घरको प्रति वर्ग फुट रु. ५००।- | | |
| | घ. ईट्टा र माटोको जोडाईमा प्लाष्टर गरी लिन्टर भएको घरको प्रति वर्ग फुट रु. ३००।- | | |
| | ङ. ईट्टाको ट्रिप गरेको गारोमा टीन वा टायलको छानो भएको पुरा घरको (२ कोठा सम्म रु. ६०,०००।- सो भन्दा माथि १,००,०००।- | | |
| ७ | **व्यक्तिगत घटना दर्ता विलम्व सुल्क रु.** | रु. ५०।- | |
| ८ | क. मालपोतले रजिस्टेशन छुट हुने जग्गाको चार किल्ला गर्दा सामान्य सिफारिस दस्तुर | रु. ५००।- | |
| | ख. कुनै पनि व्यक्ति विशेषको जग्गामा बाटो कायम गर्दा गरिने चारकिल्ला सिफारिस दस्तुर | रु. ५००।- | |
| ९ | जग्गा प्लटिङ गर्दा अनुमति लिदा लाग्ने दस्तुर | | |
| | क. ५ कठ्ठा देखि १० कठ्ठा सम्म | रु. १००००।- | |
| | ख. ११ कठ्ठा देखि १५ कठ्ठा सम्म | रु. १५०००।- | |
| | ग. १६ कठ्ठा देखि १ विगाहा सम्म | रु. २००००।- | |
| | घ. १ विगाहा १ कठ्ठा देखि २ विगाहा सम्म | रु. ३००००।- | |
| | ङ. २ विगाहा भन्दा माथि | रु. ५००००।- | |

प्रस्ताव न. २
विनियोजन ऐन पारित गर्ने सम्बन्धमा ।

निर्याय नं. २
यस नगरपालिकाको लागि आ.व. ०७४।०७५ का लागि तपसिल बमोजिमको विनियोजन ऐन सर्वसम्बतबाट पारित गर्ने निर्णय गरियो ।

**१. संक्षिप्त नाम र प्रारम्भः**
क) यस ऐनको नाम: तिलोत्तमा नगरपालिकाको विनियोजन ऐन, २०७४ रहेको छ ।
ख) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**<u>२. आर्थिक वर्ष २०७४/०७५ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :</u>**
क) आर्थिक वर्ष २०७४/०७५ को निमित्त नगरपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ अनुसारको आम्दानी र अनुसूची २ मा उल्लेखित चालू खर्च, पुँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु १,००,६९,५५,६८९.९८ (अक्षेरुपी एक अरब उनान्सत्तरी लाख पचपन्न हजार छ सय उनानब्बे रुपैया अन्ठानब्बे पैसा मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट आम्दानी गर्न र खर्च गर्न सकिने छ । साथै उक्त रकम बाहेक केन्द्र सरकार, प्रदेश सरकार र आन्तरिक श्रोतबाट थप प्राप्त हुने रकमलाई संचित कोषमा आम्दानी गर्न र तोकिए बमोजिम खर्च गर्न सकिने छ ।

**३.विनियोजनः**
क) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४/२०७५ को निमित्त नगरपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

ख) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकहरुमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तनी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकमा सार्न सकिने छैन ।

**अनुसूचि १**

| क्र.स. | आम्दानीको श्रोत | आ.व. ०७२।०७३ को यथार्थ आय | आ.व. ०७३।०७४ को यथार्थ | आ.व. ०७४।०७५ को लक्ष्य |
|---|---|---|---|---|
| **राजश्व** | | | | |
| | **<u>आन्तरिक राजश्व</u>** | | | |
| १ | मालपोत (भूमिकर) | ६११४२०७।०० | ५९५९२७८।०० | ६००००००।०० |
| २ | प्राकृतिक स्रोत उपयोग कर | ६३८९१२५।०० | १०२४१४५९।०० | १०२८२०००।०० |
| ३ | हाट वजार पसल कर | १८८६०००।०० | १७९८९००।०० | २२०००००।०० |
| ४ | घर जग्गा | १६४३५००।०० | १७९४५९५।०० | १८०००००।०० |
| ५ | बहाल कर न.पा | ४०४६९३।०० | ११२१५४१।४० | ११५००००।०० |
| ६ | व्यवसाय कर | १६०३०००।०० | १७९४४९०।०० | १८०००००।०० |
| ७ | सवारी साधन कर | २१८८७०।०० | १९७३१०।०० | २०००००।०० |
| ८ | वित्तिय संस्था कर | ०।०० | ७३०००।०० | १०००००।०० |
| ९ | व्यवसायीक भिडियो कर | ४४१००।०० | २७०००।०० | २७०००।०० |
| १० | अन्य सेवा सूल्क | ३५२०।०० | २३२०।०० | ३०००।०० |
| ११ | नक्सा पास दस्तूर | १६९४४१४१।०० | २२०८७२२।७५ | २२१००००।०० |
| १२ | सिफारिस तथा बक्सौनी दस्तूर | ७६४८९४७।०६ | ७१५८६२२।४० | ७२०००००।०० |
| १३ | शिक्षा तथा स्वस्थ्य विकास कर | ३५७९६२५२।०० | ४६६०२८९१।०० | ४०००००००।०० |
| १४ | विक्री आय | ०।०० | ०।०० | ०।०० |

| | | | | |
|---|---|---|---|---|
| १५ | पंजिका | १६१९९०।०० | १७३८१६।०० | १७५०००।०० |
| १६ | दण्ड जरिवाना | ३१२०।०० | २२००।०० | ०।०० |
| १७ | भाडा बाट आय | ०।०० | ०।०० | १०००००।०० |
| १८ | विज्ञापन कर | ०।०० | ०।०० | १२५०००।०० |
| १९ | अन्य आय | २७११३५०।७२ | ९०९१६९।०० | १००३०००।०० |
| २० | माछा पोखरी | ०।०० | ०।०० | ३५०००।०० |
| २१ | धरौटी जफत | ३४०००००।०० | ०।०० | ०।०० |
| | **जम्मा** | **८१९१२८१५।७८** | **९९९४३८१९।५५** | **९४३००००००।००** |
| | **राजश्वबाट प्राप्त बाडफाड** | | | |
| २२ | रजिस्ट्रेशन बाट आय | २३०६६७७७।०० | ३०३५९४७६।०० | २८६००००००।०० |
| २३ | श्रोत उपयोगबाट प्राप्त बाडफाड | १०५८८०००।०० | १७०६२०००।०० | १७१००००००।०० |
| | **जम्मा** | **३३६५४७७७।००** | **४७४२१४७६।००** | **४५७००००००।००** |
| | **आन्तरिक तर्फको जम्मा** | **११५५६७५९२।७८** | **१४७३६५२९५।५५** | **१४०००००००।००** |
| | **अन्य आय** | | | |
| २४ | गत वर्षको मौज्दात अ.ल्या. | ३२०१९३०८।६९ | ८७१०८४२५।७५ | १९२००६६८९।९८ |
| | **आन्तरिक तर्फको कूल जम्मा** | **१४७५८६९०१।४७** | **२३४४७३७२१।३०** | **३३२००६६८९।९८** |
| | **बाह्य श्रोत** | | | |
| २५ | स्थानिय निकाय निसर्त पूजिगत अनुदान | ३०३९०१५३।०० | ६२३४७०००।०० | २६६८८२२५०।०० |
| २६ | स्थानिय निकाय निसर्त चालू अनुदान | ५१४५६३९।०० | ५०००००००।०० | ८८९६०७५०।०० |
| २७ | एल.जि.सि.डि. पि. अनुदान | २४०८४४०।०० | २१०२८८८।०० | ३२००००००।०० |
| २८ | सडक बोर्ड नेपाल | १४४००००।०० | ४५००००००।०० | ३००००००००।०० |
| २९ | स्थानीय विकास शुल्क कोष | १४५०६७८।०० | १९१७४०००।०० | ०।०० |
| ३० | राष्ट्रिय योजना आयोग | ९९२००।०० | ०।०० | ०।०० |
| ३१ | सामाजिक सूरक्षा | ५१७६८९४०।०० | ११५७९३७२०।०० | १३०००००००।०० |
| ३२ | संघीय संरचना पुवाधार विकास कार्यक्रम | ०।०० | १००००००००।०० | ०।०० |
| ३३ | शिक्षा, स्वास्थ्य आर्युवेद | ०।०० | ०।०० | १८२९०६०००।०० |
| | **अनूदान तर्फको जम्मा** | **९२७०३०५०।००** | **२१८९१७६०८।००** | **६७४९४९०००।००** |
| ३४ | जिविसबाट प्राप्त रकम | २६२५००.०० | ०।०० | ०।०० |
| | **कूल जम्मा आम्दानी** | **२४०५५२४५१।४७** | **४५३३९१३२९।३०** | **१००६९५५६८९।९८** |

आम्दानी खर्च विवरण राखेर पछि योजनाहरु

## योजना तथा कार्यक्रमहरु

प्रस्ताव नं. ३
विविध सम्बन्धमा ।

निर्णय नं. ३
क. सडकवत्ति व्यवस्थापनको रकम बृद्धि गर्ने सम्बन्धमा :
यस नगरपालिकाको गत आ.व मा सडक वत्ति व्यवस्थापनको लागि प्रति पोल रु. ४००। सडक वत्ति व्यवस्थापन रकम भुक्तानी दिदै आएकोमा सो रकम कम भएको जनगुनासो प्राप्त भएको हुँदा यस आ.व. देखि उक्त रकमलाई बृद्धि गरी प्रति पोल रु. ६००। रकम भुक्तानी दिने निर्णय गरियो ।

ख. कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धमा:
यस नगरपालिकामा हाल कार्यरत कर्मचारीको संख्या अत्यन्त कम भएकोले यस कार्यालय र वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको मनोबल उच्च बनाई कार्य सम्पादनमा प्रभावकारिता ल्याउनका लागि नेपाल सरकार बाट तोकिएको सुरु तलब स्केलको ३०% थप भत्ता यस कार्यालय र वडा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई (काजमा रहेका कर्मचारी बाहेक) उपलब्ध गराउने निर्णय गरियो ।

ग. खर्च गर्ने नर्म्स सम्बन्धमा:
यस नगरपालिकाको आ.व. ०७४।०७५ को लागि तपसिलमा उल्लेखित अनुसूची ३ बमोजिमको खर्च सिमा (Norms) स्वीकृत गर्ने निर्णय गरियो ।

अनुसूची ३

| क.सं. | खर्च क्षेत्र | इकाई | दर रु. | सीमा |
|---|---|---|---|---|
| १ | कार्यक्रम संयोजक भत्ता | प्रति दिन | २०००।०० | बढीमा ५ दिन सम्मको मात्र |
| २ | श्रोत ब्यक्तिको पारिश्रमिक( बाह्य) | प्रति सेसन | २५००।०० | एक घण्टा तिस मिनेटको लागी |
| ३ | श्रोत ब्यक्तिको पारिश्रमिक( आन्तरीक) | प्रति सेसन | १५००।०० | एक घण्टा तिस मिनेटको लागी |
| ४ | सहजकर्ता पारिश्रमिक (बाह्य) | प्रति सेसन | १५००।०० | एक सेसनमा एक जना मात्र |
| ५ | सहजकर्ता पारिश्रमिक ( आन्तरीक) | प्रति सेसन | १०००।०० | एक सेसनमा एक जना मात्र |
| ६ | खाजा खर्च | प्रति ब्यक्ती प्रति दिन | १५०।०० | दिनको एक पटक मात्र |
| ७ | खाना खर्च | प्रति ब्यक्ती प्रति दिन | ३००।०० | दिनको एक पटक मात्र |
| ८ | चिया खर्च | प्रति ब्यक्ती | ५०।०० | दिनको दूई पटक मात्र |
| ९ | सहभागी स्टेशनरी | प्रति ब्यक्ती प्रति तालीम | १००।०० | कापी, कलम र अन्य |
| १० | तालीम स्टेशनरी | प्रति सेसन | ५००।०० | मार्कर, बोर्डपेन, लुजपेपर |
| ११ | आवासीय तालीममा प्रति सहभागी | प्रति ब्यक्ती प्रति दिन | १०००।०० | खान बस्न सहित |
| १२ | उद्घाटन खर्च | प्रति तालीम | ५०।०० | आबश्यकता अनुसार |
| १३ | समापन खर्च | प्रति तालीम | ५०।०० | आबश्यकता अनुसार |
| १४ | प्रतिवेदन लेखन | प्रति तालीम | १५००।०० | एक कार्यक्रममा एक जना |
| १५ | बैठक भत्ता | प्रति बैठक | १०००।०० | |
| १६ | अनुगमन भत्ता | प्रति दिन (अधिकृत स्तर) | १०००।०० | |
| १७ | अनुगमन भत्ता | प्रति दिन (सहायक स्तर) | ८००।०० | |

| | | | | |
|---|---|---|---|---|
| १८ | अनुगमन भत्ता | प्रति दिन (श्रेणी बिहिन) | ५००।०० | |
| १९ | अत्तिरिक्त समयमा काम गर्दा | प्रति घण्टा | तलव स्केलको घण्टा अनुसार | एक दिनमा दुई घण्टा भन्दा बढी समय काम गरेमा मात्र |
| २० | अन्य विविध खर्च | प्रति कार्यक्रम | आवश्यकता अनुसार | ब्यानर तथा फोटोकपी |
| २१ | बाह्य श्रोत व्यक्ति बास खर्च | प्रति दिन | दै.भ.भ. नियमअनुसार | कार्यक्रम अवधि र अघिल्लो दिन सम्मको |
| २२ | बाह्य श्रोत व्यक्ति यातायात खर्च | आउदा र जादाको दिनको मात्र | दै.भ.भ. नियमअनुसार | हवाई टिकट वा बस भाडा अनुसार |
| २३ | सहभागी यातायात खर्च | प्रति दिन | ५००।०० | आते जाते दुबैको |
| २४ | हल भाडा | प्रति दिन | कर विजक अनुसार | कर विजक अनसार |

नोट: बिशेष प्रकृतीको तालिम (राष्ट्रिय स्तरको प्रशिक्षक) भएमा औचित्य पुष्ट्याई हुने गरी सम्झौताको आधारमा प्रशिक्षक भत्ता उपलब्ध गराउन सकिनेछ ।

घ) कर्मचारी दरबन्दी सम्बन्धमा

यस नगरपालिकाको लागि तपसिलमा उल्लेखित अनुसूची ४ बमोजिमको कर्मचारी दरबन्दी स्वीकृत गर्ने निर्णय गरियो ।

अनुसूची ४

कर्मचारी दरबन्दी तथा थप दरबन्दी आवश्यक सम्बन्धी विवरण

| क्र.सं. | पद/तह | स्थायी | करार/अस्थायी | कार्यरत कर्मचारी | थप आवश्यक | जम्मा |
|---|---|---|---|---|---|---|
| **कार्यालय तर्फ** | | | | | | |
| १ | उपसचिव कार्यकारी | १ | _ | १ | – | १ |
| २ | लेखा अधिकृत | १ | _ | १ | – | १ |
| ३ | प्रशासन अधिकृत(छैठौ) | १ | _ | १ | | १ |
| ४ | कार्यक्रम अधिकृत /कानून अधिकृत | | | | २ | २ |
| ५ | इन्जिनियर सिभिल अधिकृत (छैठौ) Planning | १ | १ | २ | – | २ |
| ६ | इन्जिनियर सिभिल अधिकृत (छैठौ) Building | १ | _ | १ | – | १ |
| ७ | ना.सु | २ | _ | २ | २ स्वकीय सचिव | ४ |
| ८ | लेखापाल | १ | _ | १ | – | १ |
| ९ | सब इन्जिनियर (पाँचौ) | २ | २ | ४ | – | ४ |
| १० | खरिदार (चौथो) | २ | १ | ३ | प्रमूख/उपप्रमूख२ | ५ |
| ११ | अ.सब. इन्जिनियर | १ | १ | २ | – | २ |
| १२ | अमिन | १ | १ | २ | – | २ |
| १३ | कम्प्यूटर अपरेटर | – | १ | १ | – | १ |
| १४ | सवारी चालक | – | ३ | ३ | १ | ४ |
| १५ | कार्यालय सहयोगी | – | ३ | ३ | ३ | ६ |
| १६ | नगर प्रहरी | | | | १० | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७ | दमकल संग सम्बन्धीत कर्मचारी | | | | ६ | ६ |
| | **कार्यालयतर्फ जम्मा** | **१४** | **१३** | **२७** | **२६** | **५३** |
| **वडा कार्यालय तर्फ** | | | | | | |
| १८ | ना.सु. | १ | _ | १ | १६ | १७ |
| १९ | खरिदार/स.क.अ./मूखिया | ८ | १ | ९ | ८ | १७ |
| २० | कार्यालय सहयोगी | ५ | १ | ६ | ११ | १७ |
| | **वडा कार्यालयतर्फ जम्मा** | **१४** | **२** | **१६** | **३५** | **५१** |
| **कार्यालय र वडा कार्यालय समेत जम्मा** | | **२८** | **१५** | **४३** | **६१** | **१०४** |

ङ. विभिन्न समितिका प्रतिवेदनहरु सम्बन्धमा:
यस नगरपालिका अन्तरगत रहेका विभिन्न समितिहरुको प्रतिवेदनहरु माथि छलफल गरियो ।

च. केन्द्रिय योजना सम्बन्धमा ।
यस नगरपालिकाको श्रोतले धान्न नसक्ने अनुसूची ५ अनुसारको योजनाहरु केन्द्र सरकार संग माग गर्ने निर्णय गरियो ।

# तिलोत्तमा नगरपालिकाबाट नगर सभामा प्रस्तुत आर्थिक वर्ष २०७४/०७५ को वार्षिक नीति, मार्गदर्शन तथा कार्यक्रम २०७४ श्रावण ३१

यस सम्मानीत नगरसभामा उपस्थित नगरप्रमुख ज्यू, सम्पूर्ण नगरसभाका सदस्य ज्यू हरु, उपस्थित अन्य कर्मचारी ज्यू हरु, उपस्थित महानुभावहरु तथा पत्रकार ज्यु हरु प्रथमत यस सम्मानीत नगरसभामा आफनो अमूल्य समय प्रदान गर्दै हाम्रो आमन्त्रणलाई स्वीकार गरेर यहाँ उपस्थित हुनु भएका उपस्थित सर्म्पूण महानुभावहरुलाई मेरो व्यक्तिगत तर्फबाट र आयोजक तिलोत्तमा नगरपालिका परिवारको तर्फबाट हार्दिक स्वागत तथा अभिवादन टक्र्याउन चाहन्छु । संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन ब्यवस्था अन्र्तगत तिलोत्तमा नगरपालिकाको पहिलो जन निर्वाचित नगर सभा समक्ष यस नगरपालिकाको जन निर्वाचित प्रतिनिधिको हैसियतमा नगरपालिकाको वार्षिक नीति, मार्गदर्शन तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा हामी सबैलाई गर्भ लागेको महसुस गरेकोछु । यस महत्वपूर्ण घडीमा विभिन्न कालखण्डमा भएका लोकतान्त्रिक, गणतान्त्रिक आन्दोलनहरुमा आफ्नो अमूल्य ज्यानको आहुति दिनुहुने सम्पूर्ण ज्ञात, अज्ञात प्रातःस्मरणीय शहीदहरुप्रति श्रद्धासुमन अर्पण गर्दै वहाँहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु र शहीद परिवारजन प्रति हार्दिक सम्मान प्रकट गर्दछु ।

**उपस्थित महानुभावहरु !**

भौगोलिक, सामाजिक र आर्थिक दृष्टिकोणले महत्व बोकेको तिलोत्तमा नगरपालिका बौद्धिक, मानव संसाधनका हिसावले र विकासका प्रचुर सम्भावना सहितको नगरका रुपमा परिचित छ । लामो समय पछि सम्पन्न स्थानीय तहको निर्वाचन पश्चात आमनगरवासीमा विकास र सम्बृद्धिको ठूलो अपेक्षा सहित नँया उमङ्ग तरङ्गित भएकोछ । यस प्रथम नगरको निर्वाचनमा हामीलाई निर्वाचित गराउनु हुने आम तिलोत्तमा निवासी मतदाता ज्यू हरु, निर्वाचन आयोग, निर्वाचनमा खटिनु हुने कर्मचारीहरु, पत्रकार ज्यू हरु सुरक्षाकर्मी तथा तिलोत्तमाका सम्पूर्ण कर्मचारीहरु साथै सम्बन्धित सबै संघ संस्थाप्रति धन्यवाद दिन चाहन्छु । यस महत्वपूर्ण घडीमा “सबैका लागी समुन्नत जीवन” भन्ने नारा आत्मसाथ गरी शुसासन र गुणस्तरीय सेवा, जवाफदेहीता र पारदर्शिता, नैतिकता र इमान्दारीता, स्वतन्त्रता र स्वच्छता, ब्यवसायिकता, अनुशासन र निष्ठा, सहिष्णुता, धैर्य, समानता, मर्यादा, आदर, सामाजिक न्याय र समावेशीतालाई मूल मन्त्र मान्दै सम्मानीत नगरसभामा आर्थिक बर्ष ०७४।०७५ को बार्षिक निती कार्यकम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

तिलोत्तमा नगरपालिकाको आर्थिक वर्ष २०७४/७५ को बार्षिक नगर विकास योजना तर्जुमा गर्ने क्रममा हामीले अवलम्वन गर्ने प्रक्रिया पुरा गरी नगरवासीहरुको मागहरुलाई नगरपालिकाको स्रोत र साधनले भ्याए सम्म यथासम्भव समेट्ने प्रयत्न गरिनेछ । योजना तर्जूमा गर्दा स्थानीय तह संचालन सम्वन्धि बिद्यमान कानुनमा गरिएको व्यवस्था, राष्ट्रिय योजना आयोग, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त मार्ग निर्देशनलाई पूर्णतः पालन गर्दै योजना तर्जुमा गरिनेछ । यसका साथै नगर विकास योजना निर्माणका लागि स्वीकृत यातायात गुरुयोजना तथा अन्य कार्यविधि, विभिन्न लक्षित समूहहरु, राजनैतिक दलहरु, बिषयगत सरकारी कार्यालयहरु तथा गैर सरकारी संघ संस्था, नागरिक समाज, बुद्धिजिवीवर्ग लगायतबाट प्राप्त सुझाव एवं वडास्तरीय भेलाबाट आएको प्राथमिकीकरणका आधारमा वडा समिति, बिषयगत समिति हुँदै बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको बार्षिक नगर विकास योजना नगरकार्यपालिका बैठकबाट सिफारिस भई नगरसभा समक्ष स्वीकृतको लागी पेश गरिनेछ ।

यस नगरपालिकाको आन्तरिक स्रोत मध्ये प्रमुख स्रोतको रुपमा घर जग्गा रजिष्ट्रेशन सिफारिश दस्तुर र प्राकृतिक श्रोत उपयोग बाडफाड रहेकोले यो दीर्घकालीन स्रोतको रुपमा रहन सक्दैन । दर्घिकालीन स्थाई अन्य स्रोतको पनि तत्काल सम्भावना नभएकोले नगरपालिकाको लागि दिगो र भरपर्दो स्रोतको रुपमा एकिकृत सम्पति करमा जानुको विकल्प नभएको

हुँदा आ.व. २०७५/०७६ बाट पूर्ण रुपमा कार्यान्वयन गर्नको लागि यसै आ.व. मा सम्पूर्ण तयारी पुरा गर्ने व्यवस्था मिलाईएकोछ ।

तिलोत्तमा नगरपालिकाको तेस्रो नगरपरिषद्हरुबाट गरिएका विभिन्न निर्णयहरु र नगर विकासको लागि पारित गरिएका नीतिगत व्यवस्थाहरु चालु आ.व.मा कार्यान्वयनको चरणमा रहेकाछन् । स्थानीय सरकारको जिम्मेवारी भएको यस नगरपालिकाले हाल सिमित जनशक्ति र श्रोत साधनबाट काम गर्नुपर्ने चुनौति एकातर्फ छ भने अर्को तर्फ बढदो जन अपेक्षालाई सम्बोधन गर्ने जटिलता विद्यमान छ। यद्यपी नगरवासीहरुको हित र सुविधाका लागि शहरी सुशासन, सामाजिक विकास एवं पूर्वाधार निर्माण तथा श्रोत परिचालन सम्बन्धमा केहि अनुभूतियोग्य कार्य गर्ने प्रयास गरिएकोछ।

नगरपालिकाले आफ्नो दैनिक प्रशासनिक एवं विकास निर्माणका कार्यहरुलाई अझ चुस्त दुरुस्त बनाउन तथा सम्पादन गरिएका नियमित सेवा तथा विकास कार्यहरुमा जवाफदेहिता बृद्धि गर्न सरोकारवालाहरुको जिज्ञासा, सुझाव र प्रतिकृयाका लागि सार्वजनिक सुनुवाई सामाजिक परीक्षण तथा सार्वजनिक परीक्षण जस्ता कार्यक्रम सञ्चालन गरिदै आईएकोछ र यसलाई निरन्तरता दिईनेछ । नगरपालिका प्रतिको गुनासो र सुझाव व्यवस्थापनको लागि कार्यालयमा गुनासो सुन्ने अधिकारी तोकी कार्यालय परिसरमा सुझाव पेटीका राखी अनुगमन गर्ने व्यवस्था गरिएकोछ । त्यस्तैगरी सूचना व्यवस्थापनको लागि सूचना अधिकारीको समेत व्यवस्था गरिएकोछ। कार्यालयमा आउने सेवाग्राहीलाई सहयोग पुऱ्याउन हेल्प डेस्कको व्यवस्था, कार्यालय परिसरमा गरिएकोछ । कार्यालयको लेखा, राजस्व सम्बन्धि कार्यहरुमा सफ्टवेयर जडान गरि कम्प्युटरिकृत गरिसकिएको छ भने ठूला योजनाको ठेक्का बन्दोवस्त E-biding प्रक्रियाबाट गर्ने व्यवस्था गरिएकोछ।

नगरपालिकाको फोहोरमैला व्यवस्थापनलाई व्यवस्थित बनाउन निजी क्षेत्र संग साझेदारी गरि प्रतिफलमा आधारित प्रणाली अवलम्बन गरिनेछ भने स्रोतमा फोहोरमैला वर्गिकरण गरी फोहोर न्यूनिकरण गर्न विभिन्न टोलवस्तीहरुमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। प्रमुख शहरी एवं आवसीय क्षेत्रहरुमा समुदायको सहकार्यमा गत आ.व.मा प्रति वल्व वार्षिक रु. ४००।- भुक्तानी दिने व्यवस्था भएकोमा यसै आ.ब. देखि प्रति वल्व वार्षिक रु. ६००।- भुक्तानी गर्ने गरी सडकवत्ति व्यवस्थापनलाई विस्तार गर्दै लगिनेछ।

नगरपालिको भवन निर्माण गर्नको लागि नगरपालिकाको आफ्नो स्वामित्वमा जग्गा नभएको, सरकारी जग्गाको भोगाधिकार उपलब्ध गराउने सम्बन्धी कार्यनीति २०६२ लाई सार्वजनिक सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति २०७१ ले खारेज गरेकोले सोही नीति बमोजिम नगरक्षेत्रको उपयुक्त स्थानमा भवन निर्माण तथा नगर बसपार्क निर्माणका लागि सरकारी जग्गा लिजमा लिने प्रक्रियाको करिव अन्तिम चरणमा पुगी सकेकोछ ।

नगरपालिकाको विभिन्न भागमा छाडारुपमा छाडिएका चौपायाहरुको कारण एकातर्फ सवारी दुर्घटना दिन प्रति दिन बढ्दै गई ट्राफिक व्यवस्थापनमा चुनौती थपिदै गएकोछ, भने अर्को तर्फ यहाका कृषकहरुले आफुले लगाएको अन्नवालिको उचित संरक्षण र उपभोग गर्न नपाई रहेको परिवेशलाई मध्यनजर गरी यसै नगरपालिका क्षेत्र भित्र गौशालाको निर्माण भई कार्यान्वयन चरणमाछ। गौशालालाई उचित व्यवस्थापन गर्नको लागि तेस्रो नगरपरिषद्ले गौशाला निर्माण तथा सञ्चालन कार्यविधि २०७२ लाई स्वीकृत गरी गौशालाको व्यवस्थापनको जिम्मा संचालक समितिलाई दिइएको भएतापनि नगरपालिकाबाट गौशाला व्यवस्थापनको लागि हरसम्भव सहयोग र सल्लाह उपलब्ध गराईनेछ। छाडा चौपायको समस्या तिलोत्तमा नगरपालिकाको एक्लो समस्या होईन तसर्थ यसको उचित व्यवस्थापनमा विगतमा जस्तै छिमेकी नगरपालिका, यहाँका राजनैतीक दल, नागरिक समाज, व्यवसायी, बुद्धिजिवी, कृषकहरु लगायत सम्पूर्ण महानुभावहरुबाट आगामी दिनमा पनि यस्तै किसिमको सहयोगको अपेक्षा गरेका छौं ।

नगरपालिका क्षेत्रमा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ यसै बर्षबाट भ्यूटावरको निर्माण कार्यको शुरुवात गरिनेछ । त्यस्तै तिलोत्तमा नगरपालिका वडा नं. ६ मा रहेको मोक्षधाम क्षेत्रलाई आन्तरिक धार्मिक पर्यटन क्षेत्रको विकासका लागि विभिन्न पुर्वाधार निर्माणमा सहयोग गरिनेछ ।

अब म तिलोत्तमा नगरपालिकाको आ.व. ०७४।०७५ का लागि नगर विकास योजनाका प्रमुख नीति, मार्गदर्शन तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

## आ.व. ०७४।०७५ का लागि नगर विकास योजनाका प्रमुख नीति, मार्गदर्शन तथा कार्यक्रमहरु

१. भौतिक पूर्वाधार विकास :
२. आर्थिक विकास :
३. सामाजिक विकास :
४. शिक्षा
५. स्वास्थ्य
६.  खानेपानी तथा सरसफाई:
७.  बिपत् व्यवस्थापन तथा भू-संरक्षण
८. बिद्युत तथा बैकल्पिक उर्जा
९. वन, वातावरण तथा जलवायु परिवर्तन
१०. कृषि, सिंचाई तथा पशु
११. सहकारी, गरिबी न्यूनीकरण तथा उद्यमशीलता विकास
१२. पर्यटन
१३. सुशासन तथा संस्थागत विकास
१४. समावेशीकरण
१५  मानव संशाधन विकास
१६. घर नक्सा पास :
१७. राजश्व तथा वित्तिय व्यवस्था नीति

**आदरणीय उपस्थित नगरसभाका सदस्य ज्यू हरु**

प्रस्तुत निती, मार्गदर्शन र कार्यक्रम राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बिभिन्न बिषयगत समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, कार्यपालिकाका सदस्यहरु तथा अन्य बुद्धिजिवीहरुबाट प्राप्त सल्लाह तथा सुझाबका समेतलाई आधार मानी तयार पारिएको व्यहोरा अनुरोध गर्न चाहन्छु । निती, मार्गदर्शन र कार्यक्रम सन्दर्भमा हामीले गरेको आग्रहलाई स्वीकार गरी बैठक तथा छलफलमा उपस्थित भई उल्लेखनीय सहयोग गर्नु हुने राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बिभिन्न बिषयगत समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, कार्यपालिकाका सदस्यहरु, राजनितिन दल, नागरिक समाज तथा अन्य बुद्धिजिवीहरुलाई विशेष धन्यवाद दिँदै आभार व्यक्त गर्न चाहन्छु । यस नगरसभा सम्पन्न गर्न अहोरात्र कार्यमा खटिई सहयोग गर्नु हुने नगरपालिकाका कार्यकारी अधिकृत, लेखा अधिकृत, अधिकृतहरु तथा अन्य कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु । बार्षिक निती, मार्गदर्शन र कार्यक्रम तयार गर्ने सन्दर्भमा हामीलाई रचनात्मक सुझाव र सल्लाह दिनुहुने सम्पूर्ण आदरणीय व्यक्तित्वहरू प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

# तिलोत्तमा नगरपालिकाबाट नगर सभामा प्रस्तुत आर्थिक वर्ष २०७४/०७५ को वार्षिक बजेट २०७४ श्रावण ३२

यस सम्मानीत नगरसभामा उपस्थित उपप्रमुख ज्यू, सम्पूर्ण नगरसभाका सदस्य ज्यूहरु, आमन्त्रित महानुभावहरु, कर्मचारी ज्यूहरु, सुरक्षाकर्मी तथा पत्रकारज्युहरु प्रथमत यस सम्मानीत नगरसभामा आफनो अमूल्य समय प्रदान गर्दै हाम्रो आमन्त्रणलाई स्वीकार गरेर उपस्थित हुनु भएकोमा मेरो व्यक्तिगत तर्फबाट र आयोजक तिलोत्तमा नगरपालिका परिवारको तर्फबाट हार्दिक स्वागत तथा अभिवादन टक्र्याउन चाहन्छु । संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्था अर्न्तगत तिलोत्तमा नगरपालिकाको पहिलो जन निर्वाचित नगर सभा समक्ष यस नगरपालिकाको निर्वाचित प्रतिनिधिको हैसियतमा नगरपालिकाको वार्षिक बजेट प्रस्तुत गर्न पाउदा गर्वको महसुस गरेकोछु । यस महत्वपूर्ण घडीमा विभिन्न कालखण्डमा भएका लोकतान्त्रिक आन्दोलनहरुमा आहुति दिनुहुने सम्पूर्ण ज्ञात, अज्ञात शहीदहरुप्रति श्रद्धासुमन अर्पण गर्दै शहीद परिवारजन प्रति हार्दिक सम्मान प्रकट गर्दछु ।

**आदरणीय महानुभावहरु !**

तिलोत्तमा पौराणीक नदीको नामबाट स्थापित,महामानव गौतम बुद्धको जन्मस्थल लुम्बिनी , अन्तर्राष्ट्रिय नाका, अन्तर्राष्ट्रिय विमानस्थल, प्रमुख औद्योगिक केन्द्रहरुसँग नजिक रहेको यस नगरपालिका आर्थिक, सामाजिक, भौगोलिक, पर्यटकीय र मानवीय संसाधनको दृष्टिकोणले प्रचुर सम्भावना रहेको नगरका रुपमा परिचित छ । संघीय गणतान्त्रिक संविधानको कार्यान्वयनसँगै लामो समय पछि सम्पन्न स्थानीय तहको निर्वाचन पश्चात आम तिलोत्तमाबासीमा विकास र सम्बृद्धिको ठूलो अपेक्षा जोडिएकोछ । हालै सम्पन्न ऐतिहासिक नगर निर्वाचनमा हामीलाई अमुल्य मत प्रदान गरि स्थानीय सरकारको नेतृत्व सुम्पिनु हुने आम मतदाता, निर्वाचन आयोग, विभिन्न राजनीतिक दल, निर्वाचनमा खटिनु हुने कर्मचारीज्यूहरु, पत्रकार ज्यूहरु सुरक्षाकर्मीहरु लगायत संपूर्ण संघ संस्थाहरुप्रति धन्यवाद दिन चाहन्छु । यस महत्वपूर्ण घडीमा **"सबैका लागि समुन्नत जीवन"** भन्ने नारा आत्मसाथ गरी गुणस्तरीय सेवा, जवाफदेहीता, पारदर्शिता, नैतिकता, इमान्दारीता, स्वतन्त्रता र स्वच्छन्दता, ब्यवसायिकता, अनुशासन र निष्ठा, सहिष्णुता, धैर्य, समानता, मर्यादा, आदर, सामाजिक न्याय र समावेशीतालाई मूल मन्त्र मान्दै हामी प्रतिको जनताको अभिमत पुरा गर्न कटिबद्ध रहने ब्यहोरा सम्मानीत नगरसभामा अनुरोध गर्न चाहन्छु ।

तिलोत्तमा नगरपालिकाको आर्थिक वर्ष २०७४/७५ को बार्षिक नगर विकास योजना तर्जुमा गर्ने क्रममा हामीले अवलम्वन गर्ने प्रक्रिया पुरा गरी नगरवासीहरुको मागहरुलाई नगरपालिकाको स्रोत र साधनले भ्याए सम्म यथासम्भव समेट्ने प्रयत्न गरिएको छ । योजना तर्जूमा गर्दा स्थानीय तह संचालन सम्वन्धि बिद्यमान कानुनमा गरिएको व्यवस्था, राष्ट्रिय योजना आयोग, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त मार्ग निर्देशनलाई पूर्णतः पालन गर्दै योजना तर्जुमा गरिएको छ । यसका साथै नगर विकास योजना निर्माणका लागि स्वीकृत यातायात गुरुयोजना तथा अन्य कार्यविधि, राजनैतिक दलहरु, बिषयगत सरकारी कार्यालयहरु तथा गैर सरकारी संघ संस्था, नागरिक समाज, बुद्धिजिवीवर्ग लगायतबाट प्राप्त सुझाव एवं वडास्तरीय भेलाबाट आएको प्राथमिकीकरणका आधारमा वडा समिति, बिषयगत समिति हुँदै बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको बार्षिक बजेट नगरकार्यपालिका बैठकबाट सिफारिस भई नगरसभा समक्ष स्वीकृतको लागी पेश गरेको छ ।

नगरपालिकाको आन्तरिक आय स्रोतलाई दीर्घकालीन र भरपर्दो बनाउन एकीकृत सम्पत्ति करको व्यवस्था आ.व. २०७५/०७६ बाट पूर्ण रुपमा कार्यान्वयन गर्नको लागि यसै आ.व. मा सम्पूर्ण तयारी पुरा गर्ने

व्यवस्था मिलाईएकोछ । हालको प्रमुख श्रोत मध्ये घर जग्गा रजिष्ट्रेशन र प्राकृतिक श्रोत बाडफाडनै रहेको व्यहोरा सम्मानित सभा समक्ष जानकारी गराउन चाहान्छु ।

तिलोत्तमा नगरपालिकाको तेस्रो नगरपरिषद्हरुबाट गरिएका विभिन्न निर्णयहरु र नगर विकासको लागि पारित गरिएका नीतिगत व्यवस्थाहरु चालु आ.व.मा कार्यान्वयनको चरणमा रहेकाछन् । स्थानीय सरकारको जिम्मेवारी भएको यस नगरपालिकाले हाल सिमित जनशक्ति र श्रोत साधनबाट काम गर्नुपर्ने चुनौति एकातर्फ छ भने अर्को तर्फ बढदो जन अपेक्षालाई सम्बोधन गर्ने जटिलता विद्यमान छ । यद्यपी नगरवासीहरुको हित र सुविधाका लागि सुशासन, सामाजिक विकास एवं पूर्वाधार निर्माण तथा श्रोत परिचालन सम्बन्धमा केहि अनुभूतियोग्य कार्य गर्ने प्रयास गरिएकोछ । यसबीच प्रदेश स्तरीय गौतम बुद्ध मेडिकल कलेज निर्माणको कार्य प्रक्रिया अगाडी बढीरहेको, प्रदेश स्तरीय औधोगिक क्षेत्र निर्माणको DPR गर्ने काम संचालन भएको र शहरी विकास तथा भवन डिभिजन विभाग अन्तर्गत बिश्व बैकको लगानीमा संचालन हुने शहरी शासकीय क्षमता र पुर्वाधार सुधार आयोजना-II संचालन गर्ने क्रममा सम्भाव्यता अध्ययन गर्ने कार्य शुरु भएको व्यहोरा सम्मानित नगर सभा समक्ष प्रस्तुत गर्न पाउँदा खुशी व्यक्त गर्दछु । चालु बर्षमै अन्य महत्वपूर्ण योजनाहरु समेत विभिन्न मन्त्रालय तथा दातृ निकायसँग समन्वय/माग गरि अगाडी बढाउने नीति अबलम्बन गरिएको छ । यसै बर्ष तिलोत्तमा नमुना सडक ,नगरपालिकाको भवन, छ वटा वडा कार्यालयहरुको भवन, तिलोत्तमा भ्यू टावर साथै तिलोत्तमा बस पार्कको निर्माण कार्य शुरु गर्ने गरि आवश्यक बजेटको व्यवस्था गरेको छु । नगरभित्रका सामुदायिक बिद्यालयहरुको पुर्वाधार विकास, पर्यटकीय स्थलहरुको संरक्षण-सम्बर्धन, कृषि कार्यक्रम, स्वास्थ्य, फोहोरमैला व्यवस्थापन, सिंचाई अन्य भौतिक पुर्वाधार, स्वरोजगार मूलक कार्यक्रम लगायतका योजनाहरुमा उचित सम्बोधन गरिएको छ।

आदरणीय नगरसभाका सदस्य ज्यू हरु !
अब म गत विगत बर्षको आय व्ययको यथार्थ विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**<u>आ.व. २०७२/०७३ र २०७३/०७४ को यथार्थ विवरण :</u>**

आ.व. २०७२/०७३ को कुल आम्दानी मध्ये केन्द्रीय अनुदानतर्फ ९ करोड २७ लाख ३ हजार ५० रुपैया र आन्तरिक स्रोतबाट ११ करोड ५५ लाख ६७ हजार ५ सय ९२ गरी जम्मा २० करोड ८२ लाख ७० हजार ६ सय ४२ भएको थियो । त्यस्तै गरी कुल खर्च मध्ये चालु खर्च ७ करोड ६४ लाख १० हजार २१ र पूँजिगत खर्च ७ करोड ७० लाख ३४ हजार ४ गरी जम्मा खर्च १५ करोड ३४ लाख ४४ हजार २५ भएको थियो ।

त्यस्तै आ.व. २०७३/७४ को कुल आम्दानी मध्ये केन्द्रीय अनुदानबाट २१ करोड ८९ लाख १७ हजार ६ सय ८ र आन्तरिक कोष तर्फ १४ करोड ७३ लाख ६५ हजार २ सय ९५ गरी जम्मा ३६ करोड ६२ लाख ८२ हजार ९ सय ३ भएको थियो । खर्च तर्फ कुल खर्च मध्ये चालु खर्च १४ करोड ६४ लाख ८० हजार ४ सय २५ र पूँजिगत खर्च १० करोड ८४ लाख २ सय ४८ गरी जम्मा खर्च २५ करोड ४८ लाख ८० हजार ६ सय ७३ रुपैया भएको थियो।

आदरणीय नगरसभाका सदस्यज्यूहरु !
आगामी आ.ब. २०७४/७५ को प्रस्तावित आय व्यय विवरण निम्नअनुसार रहेको व्यहोरा अनुरोध गर्दछु ।
यस नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ मा समानिकरण अनुदानबाट ६७ करोड ४९ लाख ४९ हजार , आन्तरिक श्रोतबाट १४ करोड र गत आ.व.को मौज्दात १९ करोड २० लाख ६ हजार ६ सय ८९ गरि

कुल रु १ अरव ६९ लाख ५५ हजार ६ सय ८९ रुपैया आय अनुमान गरेको छु । सो आय रकमवाट चालुखर्च तर्फ ४८ करोड ७९ लाख ६ हजार र पुजिगत तर्फ ५१ करोड ९० लाख ४९ हजार ६ सय ८९ रुपैया विनियोजन गरेको छु ।

उक्त वजेटबाट बालबालिका तर्फ रु. २ करोड, महिला तर्फ १ करोड ६० लाख, मुस्लीम मधेशी तथा पिछडा वर्ग विकास कार्यक्रममा ८ लाख, दलित वर्ग उत्थान विकास कार्यक्रममा १४ लाख, अपाङ्ग उत्थान विकास कार्यक्रममा १२ लाख, जेष्ठ नागरिक उत्थान विकास कार्यक्रममा ६५ लाख , युवा उत्थान विकास कार्यक्रममा ७० लाख, आदिवासी जनजाति उत्थान विकास कार्यक्रममा ६१ लाख, कृषक विकास कार्यक्रममा २ करोड १२ लाख विनियोजन गरिएकोछ । त्यस्तै समपुरक कोष तर्फ १ करोड ५० लाख विनियोजन गरेकोछ । जसमा संघ संस्था संग साझेदारी कार्यक्रममा ८० लाख, भाषा कला संस्कृतीमा १० लाख, सडक बोर्ड तर्फ ६० लाख विनियोजन गरिएको छ । कर्मचारी कल्याणकोष लगायत विभिन्न बिषेशकोष तर्फ १ करोड ५० लाख बिनियोजन गरिएकोछ । साना पूवार्धार योजनाहरुमा सडक कालोपत्रे २ करोड ६८ लाख, कल्भर्ड निर्माण तर्फ ९१ लाख , पर्यटन प्रर्वधन तर्फ ६२ लाख , अन्य साना पूर्वाधार कार्यक्रम तर्फ १ करोड ९७ लाख गरी जम्मा ६ करोड १८ लाख विनियोजन गरिएकोछ । ठूला पूर्वाधार विकास कार्यक्रम अर्न्तगत पूर्वाधार विकास तथा अन्य कार्यक्रममा १२ करोड ४ लाख ७४ हजार ६ सय ८९, सडक कालोपत्रे तर्फ ७ करोड ७० लाख, निकासी सडक मर्मत तर्फ ४५ लाख, नगरपालिकाबाट संचालन हुने योजनामा १ करोड २६ लाख २५ हजार, अन्य ठूला पूर्बाधार निर्माणमा रु. ४ करोड ४ लाख ५० हजार र सडक ग्राभेल तर्फ रु. ७ करोड ९० लाख गरी ३३ करोड ४० लाख ४९ हजार ६ सय ८९ विनियोजन भएको छ । माग भई आएका नगरपालिकाको स्रोतबाट सञ्चालन हुन नसक्ने ठूला योजनाहरुलाई केन्द्र सरकारमा अनुरोध गरिएकोछ । योजनाका बिस्तृत बिवरण यस प्रकार रहेकोछ ।

**आदरणीय उपस्थित नगरसभाका सदस्यहरु**

प्रस्तुत बजेट र कार्यक्रम राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बिभिन्न बिषयगत समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, कार्यपालिकाका सदस्यहरु तथा अन्य बुद्धिजिवीहरुबाट प्राप्त सल्लाह तथा सुझाबका आधारमा तयार पारिएको व्यहोरा अनुरोध गर्न चाहन्छु । बजेट तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा हामीले गरेको आग्रहलाई स्वीकार गरी बैठक तथा छलफलमा उपस्थित भई उल्लेखनीय सहयोग गर्नु हुने राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बिभिन्न बिषयगत समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, कार्यपालिकाका सदस्यहरु तथा अन्य बुद्धिजिवीहरुलाई विशेष धन्यवाद दिँदै आभार व्यक्त गर्न चाहन्छु । वजेट निर्माण कार्यमा अहोरात्र खटिई सहयोग गर्नु हुने नगरपालिकाका कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु । योजना तर्जुमा प्रक्रियामा प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्न रहनु हुने बिभिन्न कार्यालयका प्रमुख तथा प्रतिनिधिज्यूहरू एवं हामीलाई रचनात्मक सुझाव र सल्लाह दिनुहुने सम्पूर्ण आदरणीय व्यक्तित्वहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

अन्त्यमा, यस नगरसभामा उपस्थित हुनु हुने नगर सभाका सदस्य लगायत नगरपालिकाका कर्मचारीहरुप्रति आभार तथा धन्यवाद व्यक्त गर्दछु । प्रस्तुत वजेट तथा कार्यक्रमको कार्यान्वयनको निम्ति यहाँहरुबाट प्राप्त हुने रचनात्मक सुझावलाई मार्गदर्शनको रूपमा लिएर अगाडि बढ्ने विश्वास दिलाउदै प्रस्तुत वजेट र कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरू सबैको सहयोग निरन्तर रहने अपेक्षा गरेकाछु ।

बासुदेव घिमिरे
नगर प्रमुख

तिलोत्तमा नगरपालिका, रुपन्देही
दिनाङ्क २०७४ साल श्रावण ३२ गते बुधवार